## झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्यूठान, ५ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र

२०७४ असार

# दुई शब्द



कम्युनिष्ट आन्दोलनको उर्वरभूमि प्राकृतिक दृष्टिकोणले सुन्दर यस झिमरुक गाउँपालिका गठन गरिएपछि पहिलो प्रकाशित दस्तावेजको रूपमा आउन लागेका पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाका सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउन पार्श्वचित्र तयारीले गाउँको विकासका वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत साधनका अधिकतम सदुपयोग गरी गाउँपालिका विकासलाई गति प्रदान गर्न अवस्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्ने प्रयास गरेको भएतापनि सीमित समय र स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण नहुन सक्छ । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गरेका छौं ।

नेपाल गाउँनै गाँउले भरिएको मुलुक हो । गाउँहरुको योजनाबद्ध विकास विना देशको विकास र परिवर्तनको कल्पना गर्न सकिँदैन । योजनावद्ध विकासका लागि गाउँहरुको वैज्ञानिक अनुसन्धान, खोज र अन्वेषणको आवश्यकता छ । यसका लागि गाउँहरुको वास्तविक तथ्य र तथ्याङ्कको उपलब्धता हुनुपर्छ । यो पार्श्वचित्रले केहि हद सम्म भएपनि यो आवश्यकतालाई पूरा गर्ने विश्वास मैले लिएको छु ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने गाउँ कार्यपालिकाका सम्पूर्ण टिम, कार्यकारी अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । साथै अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा समग्र गाउँपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस भन्ने शुभेच्छा प्रकट गर्दछु ।

.........................

तिलक बहादुर जि.सी

अध्यक्ष

# मेरो दुई शब्द



समग्र झिमरुक क्षेत्रको विकास आजको आवश्यकता हो । यस क्षेत्रका विविध स्रोत र साधनको समुचित प्रयोग र परिचालनबाट मात्र हामीले कल्पना गरेको सम्वृद्ध र सवल गाउँपालिकाको सपना साकार हुन सक्दछ । त्यसरी गाउँपालिकाको दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँको समग्र तथ्याङक आवस्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाको विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भइ उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी गाउँ पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँपालिका ासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्न मैले आशा लिएको छु। पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएका छन् ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, गाउँ कार्यपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई विशेष धन्यबाद दिन चाहन्छु ।

......................

पवित्रा जि.सी.

उपाध्यक्ष



# मेरो भन्नु

आर्थिक विकासको लागि गरीबी, बेरोजगारी र असमानतालाई न्यूनिकरण गर्दै दीगो विकासमा आधारित भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत सम्पूर्ण पक्षको विकास गर्नु आवश्यक छ । जनउपयोगी र दीगो विकासको लागि योजना तथा कार्यक्रमको सही छनोट, प्रभावकारी रुपमा कार्यान्वयन, निरन्तर अनुगमन एवं मूल्यांकन र दीगोपनाको आवश्यकता पर्दछ । त्यस्ता योजनाहरु सही र वस्तुपरक सूचनामा आधारित रहनु पर्दछ ।

स्थानीय तहको आवस्यकता र जनआकांक्षा अनुरुपका योजना तथा कार्यान्वयन गरी आम भिमरुकबासीको आवश्यकता र अपेक्षालाई न्याय गर्नु यस भिमरुक गाउँपालिकाको ध्येय रहेको छ । यस गाउँपालिकाको ऐतिहासिक, प्राकृतिक श्रोतसाधन, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, जनसांखिक लगायत समग्र पक्षको अध्ययन गरी गाउँपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ यो पार्श्वचित्र तयार गरिएको छ । यो पार्श्वचित्रले एकातर्फ गाउँपालिकाको चिनारी दिनेछ भने अर्को गाउँपालिकाको लागि जानकारी हासिल गर्न चाहने सबैलाई एक महत्वपूर्ण खुराक हुनेछ भन्ने अपेक्षा रहेको छ । साथै हाम्रा अवसर, सम्भावना र चुनौतीहरु पनि यसैमा झल्केका छन् ।

यस भिमरुक गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष, उपाध्यक्ष लगायत सम्पूर्ण पदाधिकारीहरुलाई हार्दिक बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । यो पार्श्वचित्र तयार गर्ने काममा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण कर्मचारी तथा महानुभावहरु साथै परामर्शदाता कम्पनिलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्तमा यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तीमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

.........................

ताराकिरण के.सी.

कार्यकारी अधिकृत

# विषय सूचि


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ अध्ययन विधि २

१.६ अध्ययनका सीमाहरु ३

**खण्ड २ : भिमरुक गाउपालिकाको परिचय** ४

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ४

२.२ भौगोलिक अवस्थिति ६

२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ६

२.४ भूक्षेत्र (टोपोग्राफी) ९

२.५ भू–क्षेत्रको बर्गीकरण १२

२.६ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर १५

२.७ गाउँपालीकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु १६

२.८ गाउँपालिकाको अन्तर गाउँपालिकासम्बन्ध १७

२.१० नदी तथा जलक्षेत्र १८

२.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु १९

२.१२ मुख्य चाडपर्वहरु २२

२.१३ सँस्कृति, कला, भाषा र साहित्य २३

२.१४ भेषभूषा २५

**खण्ड ३ : जनसाङ्खिक विवरण** २६

३.१ जनसंख्याको विवरण २६

३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २८

३.३ घरमूलीको लैङ्गिक विवरण ३२

३.४ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ३२

३.५ उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण ३४

३.६ उमेर समूहअनुसार जनसख्याको विवरण ३५

३.७ जातजाती समूहअनुसार जनसंख्याको विवरण ३७

३.८ मातृभाषा अनुसार जनसंख्याको विवरण ३८

३.९ धर्मअनुसार जनसंख्याको विवरण ४०

३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४१

३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४२

३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ४३

३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४४

३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ४५

३.१५ छानाको आधारमा घरको बनोटको विवरण ४६
३.१६ जगको आधारमा घरको बनोटको विवरण ४७
३.१७ गाउँपालिकामा भएका भवनहरुको विवरण ४९
३.१८ बसाई सराईको अवस्था ४९
३.१९ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ५२
३.२० स्थानीय तहको निर्वाचनमा मतदाता सम्बन्धी विवरण ५२

**खण्ड ४ : भू-उपयोग ५४**

४.१ गाउँपालिकाको भू–उपयोगको विवरण ५४
४.२ गाउँपालिकाको स्वरुप ५६
४.३ क्रमिक रुपमा बिकास भइरहेका बस्तीहरूको वर्तमान स्वरुप ५७
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ५७
४.५ भू–क्षय सम्भावित क्षेत्र ५८
४.६ गाउँपालिकामा भएका प्राकृतिक प्रकोपको विवरण ५९
४.७ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५९

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति ६०**

५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप ६०
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ६०
५.३ आश्रित जनसंख्याको विवरण ६१
५.४ कृषि ६१
५.४.१ कृषक समूहको विवरण ६२
५.४.२ कृषि बालीमा लाग्ने रोग ६३
५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण ६३
५.४.४ बाली पात्रो ६४
५.४.५ कृषि बजारीकरण ६४
५.४.६ कृषि पकेट क्षेत्रको बिबरण ६५
५.४.७ जग्गाको उर्वराशक्ति ६५
५.४.८ एग्रोभेट सम्बन्धि विवरण ६५
५.४.९ मलखाद बिक्रेताहरुको विवरण ६६
५.४.१० कृषि सहकारी संस्थाहरुको विवरण ६६
५.४.११ झिमरुक गाउँपालिकामा रहेका कृषक समूहहरुको विवरण ६७
५.५ सिंचाइ ७०
५.६ पशुपालन ७१
५.६.१ पशु नश्ल ७२
५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु ७३
५.६.३ गाई/भैंसी/बाखा फार्महरुको विवरण ७५
५.६.४ गाउँपालिकामा दुग्ध बजारीकरण ७५
५.६.५ मासु बजारीकरण ७५
५.६.६ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु ७५
५.७ पर्यटन ७६
५.८ थोक तथा खुद्रा व्यापार ७६

५.८.१ व्यपारिक क्षेत्रको विवरण ७६
५.८.२ निकासी पैठारी स्थिति ७६
५.८.३ ढुवानी तथा भण्डार व्यवस्था ७७
५.८.४ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ७७
५.८.५ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ७७
५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू ७८
५.१० गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ७९
५.११ बैंकको विवरण ७९
५.१२ सहकारी संस्थाको विवरण ८०
५.१३ संघ संस्था तथा विभिन्न समूहहरु ८१
**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ८४**
६.१ यातायात ८४
६.१.१. विद्यमान सडक सञ्जाल : ८५
६.१.२. यातायात सेवा : ८५
६.२ संचार ८६
६.२.१ टेलिफोन/मोबाइल ८६
६.२.२ हुलाक सेवा ८६
६.३ विद्युत ८७
६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ८७
६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ८८
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ९०**
७.१ शिक्षा ९०
७.१.१ शिक्षक विवरण ९२
७.२ साक्षरता स्थिति ९३
७.२.१ शैक्षिक जनशक्तिको विवरण ९४
७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण ९५
७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ९६
७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ९७
७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ९७
७.३ स्वास्थ्य ९८
७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) १००
७.३.२ गााउँघर क्लिनीक र नियमित खोप १००
७.३.३ एच. आई. भी./एडसको अवस्था १००
७.३.४ परिवार नियोजन १०१
७.३.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण १०२
७.३.६ खोपको विवरण १०२
७.३.७ बाल्यकालमा हुने रोगका जोखिम १०३
७.३.८ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर १०३
७.३.९ बालपोषण सम्वन्धी विवरण १०४
७.४ खेलकुद मैदान, पार्क/खुला क्षेत्र तथा मनोरञ्जन १०५
७.५ नागरिक सुरक्षा सेवा १०६

७.५.१ बृद्धबृद्धाहरूको अवस्था १०६
७.६ महिला तथा बालबालिका १०६
७.६.१ महिला सम्बन्धी विवरण १०६
७.६.२ बालश्रमको अवस्था १०७
७.६.३ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका १०७
७.६.४ बालसंरक्षण तथा संबर्द्धन समिति १०७
७.६.५ बालक्लब १०८
७.७ सामाजिक सुरक्षा भत्ता ११०
७.८ अपाङ्गताको विवरण ११०
७.९ खानेपानी तथा सरसफाई ११२
७.९.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण ११२
७.९.२ शौचालयको विवरण ११३
७.९.३ वडागत शौचालयको संख्याको विवरण ११४
७.१० सर सफाईको अवस्था ११४
७.११ फोहोर मैला व्यवस्थापन ११५

**खण्ड ८ : वन तथा वातावरण ११६**

८.१ प्राकृतिक वन तथा वनस्पती ११६
८.२ जैविक विविधता सम्वन्धी विवरण ११७
८.३ लघु वन पैदावार ११८
८.४ गाउँपालिकामा पाईने वन्यजन्तु ११९
८.५ वनजंगल १२०
८.५.१ सामुदायिक वन १२०
८.५.२ निजी वन १२३
८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था १२४
८.७ वनपैदावारको माग र आपूर्ति १२४
८.८ जडिबुटी सम्बन्धी विवरण १२४
८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण १२४
८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम १२५
८.११ खनिज १२५

**खण्ड ९ : विकास सूचकाङ्क र गरिवीको स्थिति १२६**

९.१ मानव विकास सूचकको विवरण (HDI) १२६
९.२ मानव गरिवी सूचकाङ्क (Human Poverty Index) १२७
९.३ मानव विकास र गरिवी १२७
९.४ गरिवी न्यूनीकरण १२८
९.५ समग्र विकास स्थिति १२८

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. १: | गाउँपालिकाको विवरण | ६ |
| तालिका नं. २: | झिमरुक गाउँपालिकाको वार्षिक मौसमको विवरण | ११ |
| तालिका नं. ३: | गाउँपालिकामा भएका जलाधारहरुको विवरण | १९ |
| तालिका नं. ४: | पर्यटकीय स्थल सम्बन्धी विवरण | २० |
| तालिका नं. ५: | सांस्कृती महत्वका सम्पदाहरु | २४ |
| तालिका नं. ६: | जनसंख्याको विवरण | २७ |
| तालिका नं. ७: | वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण | ३० |
| तालिका नं. ८: | घरमूलीको लैङ्गिक विवरण | ३२ |
| तालिका नं. ९: | १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण | ३३ |
| तालिका नं. १०: | उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण | ३४ |
| तालिका नं. ११: | उमेर समूहअनुसार जनसंख्याको विवरण | ३६ |
| तालिका नं. १२: | झिमरुक गाँउपालिकाको जातजाती अनुसारको जनसंख्या विवरण | ३८ |
| तालिका नं. १३: | मातृभाषा अनुसार जनसंख्याको विवरण | ३८ |
| तालिका नं. १४: | धर्मअनुसार जनसंख्याको विवरण | ४० |
| तालिका नं. १५: | परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण | ४१ |
| तालिका नं. १६: | महिलाका नाममा भएको घरको स्वामित्वको विवरण | ४२ |
| तालिका नं. १७: | महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण | ४३ |
| तालिका नं. १८: | अनुपस्थित घरधुरी र जनसंख्याको विवरण | ४४ |
| तालिका नं. १९: | बाहिरी गारोका आधारमा घरको बनोटको विवरण | ४५ |
| तालिका नं. २०: | छानाको आधारमा घरको बनोटको विवरण | ४६ |
| तालिका नं. २१: | जगको आधारमा घरको बनोटको विवरण | ४७ |
| तालिका नं. २२: | गाउँपालिकामा भएका भवनहरुको विवरण | ४९ |
| तालिका नं. २३: | व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण | ५२ |
| तालिका नं. २४: | मतदाता नामावली विवरण | ५३ |
| तालिका नं. २५: | भू-उपयोग विश्लेषण २०११ | ५५ |
| तालिका नं. २६: | सार्वजनिक जग्गाको विवरण | ५६ |
| तालिका नं. २७: | गाउँपालिकामा भएका प्राकृतिक प्रकोपको विवरण | ५९ |
| तालिका नं. २८: | गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण | ५९ |
| तालिका नं. २९: | आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था | ६० |
| तालिका नं. ३०: | आश्रित जनसंख्याको विवरण | ६१ |
| तालिका नं. ३१: | कृषक समूहको विवरण | ६२ |
| तालिका नं. ३२: | विभिन्न बालीमा लाग्ने रोग विवरण | ६३ |

| | | |
|---|---|---|
| तालिका नं. ३३: | बालि पात्रो | ६४ |
| तालिका नं. ३४: | कृषि पकेट क्षेत्रको विवरण | ६५ |
| तालिका नं. ३५: | एग्रोभेट सम्बन्धि विवरण | ६६ |
| तालिका नं. ३६: | मलखाद बिक्रेताहरुको विवरण | ६६ |
| तालिका नं. ३७: | कृषि सहकारी संस्थाहरुको विवरण | ६६ |
| तालिका नं. ३८: | झिमरुकगाउँपालिकामा संचालित कृषक समूहरुको विवरण | ६७ |
| तालिका नं. ३९: | गाउँपालिकामा हाल उपलब्ध मुख्य सिँचाईको विस्तृत विवरण | ७१ |
| तालिका नं. ४०: | पशु सेवा केन्द्रहरु | ७१ |
| तालिका नं. ४१: | गाउँमा पशु सेवा अन्तर्गतका अन्य सरकारी कार्यालयहरु | ७२ |
| तालिका नं. ४२: | पशुपन्छीमा लाग्ने रोगको विवरण | ७४ |
| तालिका नं. ४३: | व्यापारिक क्षेत्रको विवरण | ७६ |
| तालिका नं. ४४: | गाउँपालिकामा भएका बैंक तथा वित्तिय संस्थाहरुको विवरण | ७९ |
| तालिका नं. ४५: | सहकारी संस्थाको नामावली | ८० |
| तालिका नं. ४६: | सहकारी विवरण | ८१ |
| तालिका नं. ४७: | गैर-सरकारी संस्थाहरुको विवरण | ८२ |
| तालिका नं. ४८: | सडक विवरण | ८५ |
| तालिका नं. ४९: | गाउँपालिका केन्द्रसम्म पुग्ने लाग्ने अनुमाति समय | ८६ |
| तालिका नं. ५०: | हुलाक सेवाको विवरण | ८७ |
| तालिका नं. ५१: | बत्ती बाल्न प्रयोग गरिने श्रोत | ८७ |
| तालिका नं. ५२: | खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण | ८८ |
| तालिका नं. ५३: | गाउँपालिकामा रहेका विद्यालयहरुको विवरण | ९० |
| तालिका नं. ५४: | शिक्षक विवरण | ९२ |
| तालिका नं. ५५: | साक्षरता दर | ९३ |
| तालिका नं. ५६: | शैक्षिक जनशक्तिको विवरण | ९४ |
| तालिका नं. ५७: | विषयगत शैक्षिक जनशक्तिको विवरण | ९५ |
| तालिका नं. ५८: | उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण | ९६ |
| तालिका नं. ५९: | गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण | ९७ |
| तालिका नं. ६०: | गाउँपालिकामा रहेका स्वास्थ्य चौकी सम्बन्धि विवरण | ९९ |
| तालिका नं. ६१: | एच.आई.भी./एडस विवरण | १०१ |
| तालिका नं. ६२: | परिवार नियोजन सम्बन्धी विवरण | १०१ |
| तालिका नं. ६३: | सूरक्षित मातृत्वको अवस्थाको विवरण | १०२ |
| तालिका नं. ६४: | खोप विवरण | १०३ |
| तालिका नं. ६५: | बालपोषण सम्बन्धी विवरण | १०४ |
| तालिका नं. ६६: | खेलकुद मैदान तथा पार्क/खुला क्षेत्र | १०५ |
| तालिका नं. ६७: | बालक्लबको विवरण | १०८ |
| तालिका नं. ६८: | सामाजिक सूरक्षा भत्ता पाएका व्यक्तिहरुको विवरण | ११० |

| | | |
|---|---|---|
| तालिका नं. ६९: | अपाङ्गताको विवरण | १११ |
| तालिका नं. ७०: | परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत | ११२ |
| तालिका नं. ७१: | शौचालयको प्रकार | ११३ |
| तालिका नं. ७२: | वडागत शौचालय संख्याको विवरण | ११४ |
| तालिका नं. ७३: | सरसफाईको अवस्था | ११४ |
| तालिका नं. ७४: | सामुदायिक वनहरुको विवरण | १२२ |
| तालिका नं. ७५: | उद्योगहरुको विवरण | १२५ |
| तालिका नं. ७६: | मानव विकास सूचकको विवरण (HDI) | १२६ |
| तालिका नं. ७७: | गरिवी दरको विवरण | १२७ |
| तालिका नं. ७८: | झिमरुक गाउँपालिकाको गरिवी दरको विवरण | १२७ |

# नक्सा सूची

| | | |
|---|---|---|
| **नक्सा नं १:** | झिमरुक गाउँपालिकाको समग्र वस्तुस्थिति | ५ |
| **नक्सा नं २:** | झिमरुक गाउँपालिकाको वडा विभाजन | ७ |
| **नक्सा नं ३:** | झिमरुक गाउँपालिकाको नाम सहितका वडा विभाजन | ८ |
| **नक्सा नं ४:** | झिमरुक गाउँपालिकाको उचाई विवरण | १० |
| **नक्सा नं ५:** | झिमरुक गाउँपालिकाको भिरालोपना | १४ |
| **नक्सा नं ६:** | झिमरुक गाउँपालिकामा रहेका नदी संजाल | १८ |
| **नक्सा नं ७:** | झिमरुक गाउँपालिकामा रहेका धार्मिक, तथा पर्यटकीय स्थलहरु | २१ |
| **नक्सा नं ८:** | झिमरुक गाउँपालिकाको जनसंख्या विवरण | २६ |
| **नक्सा नं ९:** | झिमरुक गाउँपालिकाको वडाअनुसार क्षेत्रफल विवरण | २८ |
| **नक्सा नं १०:** | झिमरुक गाउँपालिकाको वडाअनुसार जनसंख्या विवरण | २९ |
| **नक्सा नं ११:** | झिमरुक गाउँपालिकाको वडाअनुसार घरधुरी विवरण | ३१ |
| **नक्सा नं १२:** | झिमरुक गाउँपालिकाको लैङ्गिक विवरण | ३६ |
| **नक्सा नं १३:** | झिमरुक गाउँपालिकामा रहेको बस्तीको विवरण | ५१ |
| **नक्सा नं १४:** | झिमरुक गाउँपालिकाको भू-उपयोग | ५४ |
| **नक्सा नं १५:** | झिमरुक गाउँपालिकाको सडक सञ्जाल | ८४ |

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्क अपरिहार्य हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न, सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ । कुनै पनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँपालिका पार्श्वचित्र तयार गरिएको छ ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौधौं योजना (२०७३/७४-२०७५/७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी पार्श्वचित्र (Profile) तयार गरिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन् ।

क) गाउँपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने ।

ख) गाउँपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने ।

ग) गाउँपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औंल्याउने ।

घ) गाउँपालिका भित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्नु ।

छ) गाउँपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्नु ।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

झ) गाउँपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने ।

ञ) गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरे बमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट प्रस्तुत गर्दछ। विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले झिमरुक गाउँपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालालाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ। यसका अलावा गाउँपालिका पार्श्वचित्रको अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय तह अन्तर्गत गाउँपालिकाहरुलाई दिँदै आएको अनुदानहरुमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ। विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ। ती सूचकहरु मध्ये हरेक गाउँपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipality Profile तयार गर्नु एक हो। भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ। यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ।

## १.५ अध्ययन विधि

यस गाउँपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधीहरु निम्नानुसार छन् :–

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्यांकहरु समावेश गरी विश्लेषण गरिएको छ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरु, चित्र तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन गरी गरिएको छ। भू-उपयोग, सडकहरू र सोको गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ। वडा तहका समस्याहरू र खाँचोहरू वडाबासीहरू बीच

सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै गाउँपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वृद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अन्तर्वार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरे बमोजिम गाउँपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ । गाउँपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धित गाउँपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यसले झिमरुक गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।


# खण्ड २ : झिमरुक गाउँपालिकाको परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

झिमरुक गाउँपालिका नेपालको प्रदेश नं ५ अन्तर्गत प्यूठान जिल्लामा रहेको छ । झिमरुक गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघिय मामिला तथा स्थानिय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका ओखरकोट, बादिकोट, बांगेमरोठ, तोरवाङ र तुषारा गा.वि.स गरी ५ वटा गा.वि.स र लिवाङ गा.वि.स.का ७, ८ र ९ वडा समावेश गरी भएको हो । यस गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ । झिमरुक गाउँपालिकाको पूर्वमा गुल्मी जिल्ला पर्दछ भने, पश्चिममा नौबहिनी गाउँपालिका र प्यूठान नगर पालिका पर्दछ, उत्तरमा गौमुखी गाउँपालिका र नौबहिनी गाउँपालिका पर्दछन् र दक्षिणमा प्यूठान न.पा., मल्लरानी गाउँपालिका र अर्घाखाँची जिल्ला पर्दछन् ।

भौगोलिक हिसाबले ८२ डिग्री ५५ मिनेट ३० सेकेण्ड देखि ८३ डिग्री ३ मिनेट ३० सकेण्ड पूर्वी देशान्तर सम्म र २८ डिग्री ५ मिनेट ३० देखि २८ डिग्री १२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा सम्म अवस्थित झिमरुक गाउँपालिका प्रदेश नं ५ को १०६.९३ वर्ग कि.मी. क्षेत्रफल रहेको छ । झिमरुकको अधिकतम तापक्रम ३२.४ डिग्री सेल्सीयस, न्यूनतम तापक्रम ८.० डिग्री सेल्सीयस रहेको पाईन्छ । यस गाउँपालिकामा स्नातक तहसम्म अध्यापन हुने १ वटा क्याम्पस, ४ वटा उ.मा.वि, ९ वटा मा.वि., ८ वटा नि.मा.वि र ३४ वटा प्रा.वि गरी जम्मा ५६ वटा शिक्षण संस्थाहरु संचालित छन् । प्यूठान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा धेरै सम्भावना बोकेको गाउँपालिकाको रुपमा झिमरुक गाउँपालिका हुनुका साथसाथै सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँपालिकावासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री जाति १२,३४३ जना (४४.१९%), दोस्रोमा कामी ३,८५९ (१३.८२%) र तेस्रोमा ब्राह्मण (पहाडी) ३,७७७ (१३.५२%) हरुको बसोबास रहेको छ । यस गाउँपालिकामा ८ वडाहरु रहेका छन् ।

ग्रामीण क्षेत्रको रुपमा रहेको गाउँपालिकामा प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैली समेत अपनाउन थालेका छन् । गाउँपालिकामा विभिन्न कृषक समुहको विस्तार एवं विकासले व्यवसायिक कृषि तर्फ केही उत्साह थपिएको भएतापनि स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ । यस गाउँपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् । अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवस्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, होलि, कृष्णजन्माष्टमी, बुद्धजयन्ती, तीज, माघेसंक्रान्ति, साउनेसांक्रान्ति, शिवरात्री, जनैपूर्णिमा, चैतेदशै आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।




**नक्सा नं १:** झिमरुक गाउँपालिकाको समग्र वस्तुस्थीति

## २.२ भौगोलिक अवस्थिति


प्यूठान जिल्लामा अवस्थित करीब १०६.९३ वर्ग.कि.मी. क्षेत्रफल रहेको झिमरुक गाउँपालिकाको पूर्वमा गुल्मी जिल्ला पर्दछ भने, पश्चिममा नौबहिनी गाउँपालिका र प्यूठान न.पा. पर्दछ, उत्तरमा गौमुखी गाउँपालिमा र नौबहिनी गाउँपालिका पर्दछन् र दक्षिणमा प्यूठान न.पा., मल्लरानी गाउँपालिका र अर्घाखाँचि जिल्ला पर्दछन् । समुन्द्री सतहबाट ८६८ देखि २१९९ मि. को उचाईमा रहेको यस गाउँपालिका काठमाडौँदेखि लगभग ४२४ कि.मि. को दूरीमा अवस्थित छ। जंगल तथा जलाधार क्षेत्रको कमि नभएको यस गाउँपालिका भएर सानाठूला गरी आधा दर्जन भन्दा बढी नदी तथा खोलाहरु बग्ने गर्दछन् ।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र


झिमरुक गाउँपालिकामा नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननिय संघिय मामिला तथा स्थानिय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका ओखरकोट, बादिकोट, बांगेमरोठ, तोरवाङ र तुषारा गरी ५ वटा गा.वि.स र लिवाङ गा.वि.स.का ७, ८ र ९ वडा समावेश गरिएको छ। यस गाउँपालिकामा जम्मा ८ वटा वडा छन् । यो प्यूठान जिल्लाको प्रशासनिक र राजनैतिक केन्द्र हुनुका साथै प्रदेश नं ५ को एउटा प्रमुख कृषि क्षेत्र पनि हो ।

**तालिका नं. १:** गाउँपालिकाको विवरण

| वडा नं | समावेश भएका साविकका गा.वि.स./न.पाहरु | साविकका वडाहरु |
|---|---|---|
| १ | बांगेमरोठ | ६-९ |
| | बादिकोट | ८ र ९ |
| २ | बादिकोट | ३-७ |
| ३ | ओखरकोट | ५ र ६ |
| | बादिकोट | १ र २ |
| ४ | बांगेमरोठ | १-५ |
| | ओखरकोट | ८ र ९ |
| ५ | ओखरकोट | १-४ र ७ |
| ६ | तोरवाङ | १-९ |
| ७ | तुषारा | २-९ |
| ८ | लिवाङ | ६-९ |
| | तुषारा | १ |
| | जनसंख्या : २७,९३१ | |
| | क्षेत्रफल : १०६.९३ वर्ग कि.मी. | |
| | केन्द्र : साविकको ओखरकोट गा.वि.स.को कार्यालय | |




नक्सा नं २: झिमरुक गाउँपालिकाको वडा विभाजन




**नक्सा नं ३:** माण्डवी गाउँपालिकाको नाम सहितका वडा विभाजन

## २.४ भूक्षेत्र (टोपोग्राफी)

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

झिमरुक गाउँपालिकाको कुल क्षेत्रफल १०६.९३ वर्ग कि.मी. मा ४२.४७ वर्ग कि.मि. खेतीपातीको लागि उपयोग भएको देखिन्छ । ४९.२२ वर्ग कि.मि. जमिन वनजंगलले ओगटेको छ भने ०.५२ वर्ग कि.मि. जलक्षेत्रले ओगटेको छ। प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी हुनुको साथै उच्च जलाधार भएको गाउँपालिका हो। गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, कोदो, मास, मुसुरो, अरहर, तोरी आदी हुन्।

### २.४.२ भू-आकृति तथा माटोको बनोट

झिमरुक गाउँपालिका हालको नयाँ संरचना अनुसार प्रदेश नं. ५ अन्तरर्गत रहेको पहाडी जिल्ला प्युठानमा पर्दछ । गाउँपालिका समुद्र सतहबाट ८६८ मिटर उँचाई देखि २१९९ मिटर सम्मको उँचाईमा फैलिएर रहेको छ । यो जिल्लाको दक्षिण भागमा चुरे क्षेत्र, पश्चिम र उत्तरमा महाभारत पहाड पर्दछ भने उत्तरी भू-भाग तल्लो हिमाली क्षेत्र पर्दछ ।

#### (क) लेकाली भाग (२१३४ मि.भन्दा माथि)


२१३४ मि.भन्दा माथिको भागलाई लेकाली भागमा विभाजित गरिएको छ। यो भाग सामान्यतया २१३४ मीटर भन्दा अग्लो, हिउदमा निकै जाडो हुने हिंउ पर्ने तथा ग्रेनाईट ढुङ्गा, दर्शन ढुङ्गा आदि प्रसश्त पाईने गर्दछ। वसोवास कम भएता पनि यस क्षेत्रमा अधिकांश मगर वस्ती छन। अन्न उत्पादन पनि कम हुने यस क्षेत्रमा पशुपालनमा भेंडा, वाखा, चौंरी आदि पाल्ने गरिन्छ। अन्नमा आलु, मकै, फापर, कोदो, मात्र उत्पादन हुने यस क्षेत्रमा सल्लो गुराँस, धुपी, खर्सु वांझ आदि विरुवा पाईन्छन ।

#### (ख) पहाडी भाग (९१५-२१३४)

९१५ मीटर उचाई देखि २१३४ मीटर सम्मको भाग पर्ने स्थान पहाडी भागमा पर्दछ । स्वस्थ्यकर हावापानी समेत भएको यस भेगमा पाखो बारीमा समेत राम्रो खेती हुन्छ । घनावस्ती भएको यस भागमा मकै, गहुं, धान, कोदो, आलु उत्पादन गरिन्छ। यस भेगको जंगलमा कटुस चांप, ओखर चिउरी, पिपल टिमुर, चिलाउने, साल आदिका रुख पाईन्छन । सवै किसिमका जात जातिका वसोवास यस क्षेत्रमा पाईन्छ।

#### (ग) बेशी (८६८-९१५)

तराई तथा भित्री मधेशकोसमेत हावापानी पाउने यस भेगमा समथर खेतबारी रहेकोले राम्रो खेती हुन्छ । घनाबस्ती समेत रहेको यस क्षेत्रमा व्यापारिक कृयाकलाप फस्टाउनुको साथै साना घरेलु उद्योगहरु समेत रहेको छन्। साल, साँझ, शिरिस, वैदार, बाँस, निगालो, चिउरी आदिका रुखहरु पाइन्छन्। मकै, धान, गहुँ, तोरीको खेती गरिन्छ। सामान्यतया ९१५ मिटर भन्दा होचो धर्मावती (झिम्रुक), माण्डवी र यिनका सहायक नदीका आसपासका समतल भुभागहरु यस अन्तर्गत पर्दछन्। यस क्षेत्रमा गर्मीमा बढी गर्मी र हिउँदमा न्यानो हावापानी कायम हुन्छ।




**नक्सा नं ४:** झिमरुक गाउँपालिकाको उचाई विवरण

### २.४.३ हावापानी

झिमरुक गाउँपालिकामा विविध किसिमको हावापानी पाईन्छ । धरातलीय स्वरुप अनुसार यस गाउँपालिकाको हावापानीलाई मुख्य गरी २ क्षेत्रमा वाड्न सकिन्छ ।

(१) उष्ण हावापानी (वेसी खोच)


(२) समशितोष्ण हवापानी

गाउँपालिकाको सालाखाला औषत अधिकतम तापक्रम ३२.४° सेल्सीयस र औषत न्यूनतम ८.०° सेल्सियस रहेको पाइन्छ । यस गाउँपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. २:** झिमरुक गाउँपालिकाको वार्षिक मौसमको विवरण

| सि.न. | महिना | औषत अधिकतम तापक्रम | औषत न्यूनतम तापक्रम | वर्षा मि.मि. | सापेक्षिक आर्द्रता |
|---|---|---|---|---|---|
| १ | बैशाख | ३२.४ | १९.३ | ८८.३ | ४६.९ |
| २ | जेष्ठ | ३१.२ | २३.१ | २४७.८ | ८७.८ |
| ३ | आषाढ | ३१.२ | २३.५ | ४४८.७ | ९०.१ |
| ४ | श्रावण | ३०.१ | २२.७ | ४३३.३ | ९०.८ |
| ७ | भाद्र | ३२.३ | २१.० | १४८.५ | ८९.५ |
| ६ | आश्विन | २४.० | १७.५ | ७२.६ | ८४.५ |
| ७ | कार्तिक | २६.५ | ११.० | ०.० | ७८.४ |
| ८ | मंशिर | २२.८ | ८.२ | ०.० | ८७.० |
| ९ | पुष | २१.६ | ८.० | २२.३ | ८५.९ |
| १० | माघ | २२.५ | ९.४ | ३१.० | ८४.९ |
| ११ | फाल्गुण | २४.८ | १२.० | ०.० | ७८.१ |
| १२ | चैत्र | ३०.७ | १४.८ | ६५.९ | ७४.५ |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग, २०७२*



## २.५ भू-क्षेत्रको वर्गीकरण

झिमरुक गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भुमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading)क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमीको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ:

**(क) भिरालो 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)**

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लािग यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ। यस वर्गको जमिनमा पराम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ।  यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

**(ख) भिरालो $5^0$-$30^0$ (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**


५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउँछ। यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गराहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै  भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**(ग) भिरालो = $30^0$–$40^0$ माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।**

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जनिमनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ । यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्। यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुन: हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि बाटोका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।

**(घ) भिरालो >$40^0$ माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ। यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झै एकातिर यस्तो जनिमा भू-क्षयीकरणको प्रवृत्ति ति तीव्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।




**नक्सा नं ५:** झिमरुक गाउँपालिकाको भिरालोपना

## २.६ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक केन्द्र, वित्तीय सेवा, वैदेशिक रोजगार, पोखरी तथा नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

- ✓ झिमरुक गाउँपालिकाका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।
- ✓ गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै जाँदा उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्नयोग्य स्थानको जोहो गर्न सकिनेछ।
- ✓ गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले कृषकहरुको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरण मैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।
- ✓ गाउँपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।

- ✓ गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ।
- ✓ विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो गाउँपालिका गहनाको रुपमा ईश्नादेवि, बाँदीकोट, ओखरकोट, इश्नाथानकोट, ओखरकोट, गडीकोट लगायत विभिन्न ऐतिहासिक, धार्मिक स्थान रहेका छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।
- ✓ यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले सिपमुलक, दक्ष युवा वैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा रेमिट्यान्स मार्फत गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ। वेरोजगारी समस्या तथा उद्योग व्यवसायहरुको न्यून बिकासका कारणले रोजगारीको संभावना कम भएकाले वैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ।

यसका अतिरिक्त झिमरुक गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ➢ गाउँपालिक क्षेत्रभित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- ➢ स्थानीय कच्ची सडकको स्तर वद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले सहज यातायात सेवा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ ।
- ➢ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ➢ यस गाउँपालिका क्षेत्रमा औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ➢ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ➢ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।
- ➢ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.७ गाउँपालीकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु

यस झिमरुक गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

### अवसर तथा सम्भावनाहरु

- वन, उर्वर कृषि जमिन, नदी नाला र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- शिक्षित मानविय स्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- जनसांख्यिक लाभांशको अवसर उपलब्ध हुनु ।
- शैक्षिक तालिम केन्द्रहरुको संचालनमा व्यवस्था ।

### समस्या तथा चुनौतीहरु


- पर्यटन क्षेत्रको विकासका लागि ठोस योजना नहुनु ।
- विकास निर्माणको काममा जनसहभागिताको कमी हुनु ।
- गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- गाउँपालिका क्षेत्र भित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- कृषियोग्य भएतापनि आधुनिक तथा व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- आयस्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- आकासे पानीमा निर्भर सिचाई
- परम्परागत कृषि प्रणाली
- वर्षेनी कटान र क्षयीकरणको समस्याले कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.८ गाउँपालिकाको अन्तर गाउँपालिकासम्बन्ध

कुनै पनि नगरपालिका तथा गाउँपालिकाको अर्को नगरपालिका अथवा गाउँपालिकासँग कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरपालिकाहरू तथा गाउँपालिकाहरु बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिका तथा नगरपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य गाउँपालिकाबाट आउने गरेको देखिन्छ । अन्य पहाडी/तराई क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू यस गाउँपालिकामा भित्रिने गर्दछन् र यहाँको विभिन्न घरेलु उद्योगबाट उत्पादित वस्तु तथा विभिन्न सेवाहरू अन्य गाउँपालिका/ नगरपालिकासम्म निर्यात हुने गरेको पाइन्छ जसले गर्दा यहाँका स्थानीय बासिन्दाको आयस्तरमा वृद्धि हुन पुगेको छ । यी विविध कारणले अन्तर नगरपालिका/गाउँपालिकासम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

झिमरुक गाउँपालिकाको छिमेकी नगरपालिका, गाउँपालिका तथा जिल्ला समन्वय समितिजस्ता सरकारी निकायहरुसँग राम्रो सम्बन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा प्रभावकारी समन्वय हुने गरेको छ ।

## २.१० नदी तथा जलक्षेत्र




**नक्सा नं ६:** माण्डवी गाउँपालिकामा रहेका नदी संजाल

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदि तथा खोलाहरु र जलक्षेत्रले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता जलाधार क्षेत्रबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत सिंचाईको लागि पानीको प्रयोग गर्दछन्। मानव वस्तीको क्रमिक विकास र चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक जलक्षेत्रहरु सुक्ने र भूक्षय भई पुरिने क्रम जारी छ । झिमरुक खोला, बादिकोट जलाधार, गर्तङ्ग खोला र चुदरी खोला यस गाउँपालिकामा रहेका प्रमुख खोलाको रुपमा रहेका छन् ।

**तालिका नं. ३:** गाउँपालिकामा भएका जलाधारहरुको विवरण

| सि.नं. | जालाधारको नाम | क्षेत्रफल कि.मी. | समेटिएको क्षेत्र वा ठाउँ | प्राथमिकताक्रम |
|---|---|---|---|---|
| १ | लुङ्ग खोला | ४०.४४ | तोरबाङ ७ तुषारा ६,८,९ | १० |
| २ | माथिल्लो झिमरुक २ | ६९.९१ | बदिकोट ७ ओखरकोट ६ तुषारा १,२,३,४,५,६ | ७ |
| ३ | बादिकोट जलाधार | २०.७९ | बादीकोट १,२,३,४,५,६,७,९ ओखरकोट १,२,३,४,५,६ | ९ |
| ४ | गर्तङ्ग खोला | ४२.९३ | बादीकोट २,३,४,५,६,७,८,९ बाङगेमरोठ १,२,३,४,५,६,७,८,९ ओखरकोट १,२,३,४,७,८,९ तुषरा २ तोरवाङ २,३ | ६ |
| ५ | माझिल्लो झिम्रुक १ | २५.३८ | ओखरकोट १,६,७,८ तोरवाङ ३,४,५,६,७,८,९ तुषारा १,२,४,५,६,७,८,९ | ३ |
| ६ | चुदरी खोला | २६.३३ | ओखरकोट ८,९ तोरबाङ १,२,३,४,८,९ | २ |

*श्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु



अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्र विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण

र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ। यस गाउँपालिकाका प्रमुख धार्मिक स्थलहरुमा इश्नाथानकोट र तुषराकोट पर्दछन्।




प्राकृतिक ताल, तलैया, तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ। भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरु र पोखरीहरुको निर्माण हुन गएको छ। यहाँ भएका प्रमुख नदी/खोलाहरुमा माथिल्लो झिमरुक, बादिकोट जलाधार, गर्तङ्ग खोला र चुदरी खोला आदि रहेको छ। यस गाउँपालिकामा रहेका पर्यटकिय स्थलहरु कोटदरबार, इस्नाथान, दिहाल्ना चौर, तुषाराकोट र ओखरकोट दरबार प्रमुख रहेका छन्।



**तालिका नं. ४:** पर्यटकीय स्थल सम्बन्धी विवरण

| क्र.सं. | साविक गाविसको नाम | स्थान (प्रस्तावित गापाको वडा नं.) | कैफियत |
|---|---|---|---|
| १ | वांगेमरोठ | १,२,३ र ७,८,९ | कोटदरबार |
| २ | लिवाङ | १ २ ३ | इस्नाथान, दिहाल्ना चौर |
| ३ | ओखरकोट | ४ | ओखरकोट दरबार |

*स्रोत: स्थानिय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*




**नक्सा नं ७:** माण्डवी गाउँपालिकामा रहेका धार्मिक, तथा पर्यटकीय स्थलहरु

## २.१२ मुख्य चाडपर्वहरु



अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहसक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले सम्पूर्ण विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

प्राकृतिक मनोरम क्षेत्र तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ । यस गाउँपालिकामा विविध प्रकारका जाति, धर्म र संस्कृतिका व्यक्तिहरुको बसोवास रहेको छ । हिन्दू धर्मको वाहुल्यता रहेको यस गाउँपालिका बौद्ध, क्रिश्चियन धर्ममा आस्था राख्ने व्यक्तिहरुको पनि वसोवास रहेको छ । यहाँ वसोवास गर्ने विभिन्न जाति र संस्कृति अनुरुप विविध लोकगीतहरु जस्तै, असारे गीत, तिजको गीत, झ्याउरे (झाम्रे) गीत एवं दोहोरी गीतहरु लोकप्रिय छन् । यसै गरी, असार १५ को दही चिउरा, जेष्ठ पूर्णिमा, भाद्रे औसी, साउने संक्रान्ति, नागपञ्चमी, सराय, देउली, कुलपूजा आदि यहाँका महत्वपूर्ण पर्व एवं उत्सवहरु हुन्, जसलाई यस गाउँपालिकामा वसोवास गर्ने हरेक धर्म एवं संस्कृतिका वर्गहरुले उत्साहजनक रुपमा मनाउँदछन् । राष्ट्रिय पर्व दशै एवं तिहार पनि धुमधाम र खुशियालीका साथ मनाउने चलन छ ।

## २.१३ सँस्कृति, कला, भाषा र साहित्य



परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, झ्याउरे भाका र दोहोरी गीत आदि यस गाउँपालिकामा सर्वाधिक लोकप्रिय छन् । बैशाखी पूर्णिमा, असार १५ मा दही चिउरा, बैशाख संक्रान्ति, जेठानी पूर्णिमा, भदौरे औँसी, साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडा दशैं, सराया, तिहार, देउली, कार्त्तिक पूर्णिमा, माघे संक्रान्ति, फागु पूर्णिमा (होली), रामनवमी, ठूलो एकादशी यहाँका जनमानसले मनाउने मुख्य पर्वहरु हुन् । रजवारा मेला, खैरा, फूलबारीको मेला आदि नृत्य एवं पर्वहरु भव्यताका साथ मनाइन्छ । यस वाहेक, भाइटिकाको अर्को दिन तृतीयादेखि पञ्चमीसम्म डल्ले सराया (बिजुवार नजिक) उल्लासजनक रुपमा मनाइन्छ भने दाखाक्वाडीको हिक्मतेश्वर मेला पनि उत्तिकै महत्वका साथ लिइन्छ । यी अवसर एवं पर्वहरुमा लट्‌ठी र तरवारको रोमाञ्चक खेल देखाइन्छ । बिजुलीकोट जात्रा, मसानपाटी (सारिवांग) को कात्तिके जात्रा र मरन्ठानाको ठूलासिम मेला पनि उत्तिकै हर्षोल्लासका साथ मनाइन्छ । खलंगामा घण्टाकर्णदेखि ऋषितर्पणी पूर्णिमासम्म लाखे नाच, गाईजात्रा, पल्टन जात्रा, गणेश जात्रा र माघे पूर्णिमामा मनाइने खरजात्रा पनि लोकप्रिय छन् । नृत्यहरुको सन्दर्भमा पुरसुंगे मारुनी नाच, मादीखोला नाच र यहाँका अन्य लोक नाचहरुको आफ्नै पहिचान र इतिहास छ । यस्ता नृत्य र पर्वहरु यहाँ आउने पर्यटकहरुका लागि आकर्षणका केन्द्रविन्दु हुन सक्छन् र स्थानीय जनतालाई पर्यटनबाट लाभान्विन गराउनका लागि पूर्ण सक्षम हुन्छन् ।

**तालिका नं. ५:** सांस्कृती महत्वका सम्पदाहरु

| स्थानीय उल्लेखनीय गीत/धुनहरु | प्रमुख देउली |
|---|---|
| असारे गीत | लुङ देवाली |
| झाम्रे (झ्याउरे भाका) | लुप्लुङ देवाली |
| दोहोरी गीत | जिसी देउली |
| **जात्रा/मेला** | |
| बदरपाटा खैरा फूलबारीको मेला | **विशेष पर्वहरु** |
| हिक्मतेश्वर मेला | वैशाख पूर्णिमा |
| बिजुलीकोट जात्रा | साउने संक्रान्ति |
| गाईजात्रा पल्टन मेला | नागपञ्चमी |
| खैराजात्रा | वडा  दशैं |
| कात्तिके जात्रा मसानपाटीको | तिहार |
| ठूलासिम मेला | कार्तिक पूर्णिमा |
| रजवारा  मेला रोपाइँ जात्रा | ठूलो एकादशी |
| कृष्ण जात्रा | माघे संक्रान्ति |
| सुन्दरनगरी बहाने कुनौटा पूर्णिमा मेला | फागु पूकर्णिमा |
| **स्थानीय उल्लेखनीय नृत्यहरु** | ऋषितर्पणी पूर्णिमा |
| कौडा नृत्य | जेठासी पूर्णिमा |
| सालैज्यू नृत्य | भाद्र औंसी |
| सिगारु नृत्य | असार १५ (दही च्यूरा) |
| चौरी नृत्य | वैशाख संक्रान्ति |
| धामी नृत्य | शिवालय मन्दिर पूजा |
| मारुनी नृत्य | तरेली नृत्य (नेवारी परम्परा अर्न्तगत) |
| सोरठी नृत्य | थाई तथा भूमि बराह |
| मगर नृत्य | उधौली/उभौली पूजा |
| सराय नृत्य | |
| हनुमान नृत्य | |
| नाग/नागिनी नृत्य | |
| लाखे नृत्य | |


## २.१४ भेषभूषा



झिमरुक गाउँपालिकामा हिन्दु शैव, वैष्णव, बौद्ध र इस्लाम धर्मावलम्विहरुको बसोबास रहेको छ । हिन्दुहरुले जन्मदा छैठी, न्वारन गर्ने, मृत्यु पछि नदीको किनार लगी जलाउने चलन छ । सन्यासी वर्गले मृतक लाश गाडने गर्दछन् । मृत्यु पश्चात् पिण्डदान, ब्राम्हण भोजन आदि गर्ने चलन रहेको छ । पुराना अन्धविश्वास, कुरीति घट्दै गए  पनि धामी, झाक्रि झारफुक, भाकल, तन्त्रमंत्र आदि प्रचलित छन् । जातीय परम्परा अनुसार बिभिन्न जातिमा असारे गीत, तीजका महिलाका हृदयस्पर्सी भाका, भैलो, झ्याउरे (झाम्रे) र दोहोरी गीतको प्रचलन छ । भेषभुषमा मगर गुरुङ महिलाहरुले मखमलको चालो, साडी, ब्लाउज, सुनचाँदीका गहना-ढुंग्री, मारबारी, बुलाकी, मुन्द्री , चुरा, पोते, आदी बस्त्र लगाउने चलन छ । बाहुन, क्षेत्री र अन्य जातिमा पनि यस्तो लवाई पाईन्छ । अन्य गहनामा हवेली, हारी, फुली, नौगेडी, सिलमुन्द्री, कण्ठश्री, चुरी, बाला र कल्ली लगाउने प्रचलन घट्दै गएको छ । सुनका चुरा, पायल, टप, रिङ, तिलहरी, मंगलसुत्र लगाउने प्रचलन छ । महिलाले व्लाउज, चालो, पेटीकोट, लुंगी, साडी र सल लगाउने प्रचलन छ । खानपानमा ढिंडो (कोदो, मकै, जौ, चामल), पुडी, मकै (भुटेको र पोलेको), पिठो कोदाको पकाएको, तरकारी, दाल, सागसव्जी, चटनी, अचार, दूध, दही, घ्यू, मही, जाँड, रक्सी, आदिको प्रचलन छ । दूध, चिया र कफी पिउने चलन व्यापक छ । चुरोट, बिंडी, कक्ड (सुलफा तान्ने), खैनि आदिको अम्मल गरेको पाईन्छ । बैशाखी पूर्णीमा, आषाढ पन्ध्रमा दहीच्यूरा खाने, बैशाख सक्रान्ति, जेठासी पूर्णीमा, भाद्रऔसी, साउने संक्रान्ति, नागपन्चमी, ऋषि तर्पणी पूर्णीमा बडादशै, सरायँ, तिहार, देवाली, कुलपुजा, कार्तिक पूर्णमा, माघे संक्रान्ति, फागु पूर्णीमा (होली) रामनवमी, ठूलो एकादशी आदि हिन्दू चाडपर्व प्राय सवैले मनाउछन् ।

# खण्ड ३ : जनसाङ्ख्यिक विवरण

## ३.१ जनसंख्याको विवरण




नक्सा नं ८: झिमरुक गाउँपालिकाको जनसंख्या विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा गाउँस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ।


राष्ट्रिय जनगणना, २०६८ अनुसार झिमरुक गाउँपालिकाको जनसंख्या २७,९३१ रहेको छ जस मध्ये पुरुष ४३.३८ प्रतिशत (१२,११७ जना) र महिला ५६.६२ प्रतिशत (१५,८१४ जना) रहेका छन्। यस गाउँपालिकामा पुरुषको तुलनामा महिला १३.२४ प्रतिशतले बढि रहेको पाइन्छ। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ७६.६२ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) २६१ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ४८.५२ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४२.८९ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ८.५९ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार झिमरुक गाँउपालिकामा ५,८६८घरपरिवार रहेका छन्। यस गाउँपालिकामा प्रति परिवार औषत ४.७६ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

**तालिका नं. ६:** जनसंख्याको विवरण


| विवरण | सन् २०११ |
|---|---|
| **जम्मा जनसंख्या** | २७,९३१ |
| **पुरुष** | १२,११७ (४३.३८ प्रतिशत) |
| **महिला** | १५,८१४ (५६.६२ प्रतिशत) |
| **लैंगिक दर** | ७६.६२ |
| **जम्मा घरधुरी** | ५,८६८ |
| **औषत परिवार आकार** | ४.७६ |
| **५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा)** | ७२.११ |
| **जनघनत्व (प्रतिवर्ग कि.मी.)** | २६१ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण




**नक्सा नं ९:** झिमरुक गाउँपालिकाको वडाअनुसार क्षेत्रफल विवरण





**नक्सा नं १०:** झिमरुक गाउँपालिकाको वडाअनुसार जनसंख्या विवरण


**तालिका नं. ७:** वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | १६.९४ | ४.६३ | ७६८ | ३,५५६ | १४९८ | २०५८ | २०९.९२ |
| २ | १२.०३ | ४.६६ | ६११ | २,८५० | ११८२ | १६६८ | २३६.९१ |
| ३ | १४.०४ | ४.८३ | ६६३ | ३,२०५ | १३८६ | १८१९ | २२८.२८ |
| ४ | १३.०४ | ४.५९ | ६८७ | ३,१५१ | १३९८ | १७५३ | २४१.६४ |
| ५ | ९.४७ | ४.८५ | ६१७ | २,९९१ | १३९८ | १५९३ | ३१५.८४ |
| ६ | १२.६८ | ४.६१ | ९३७ | ४,३२३ | १८४३ | २४८० | ३४०.९३ |
| ७ | १६.९८ | ४.८७ | १००७ | ४,९०२ | २०८२ | २८२० | २८८.६९ |
| ८ | ११.७६ | ५.११ | ५७८ | २,९५३ | १३३० | १६२३ | २५१.११ |
| **जम्मा** | **१०६.९२** | **४.७६** | **५,८६८** | **२७,९३१** | **१२,११७** | **१५,८१४** | **२६१.२३** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

झिमरुक गाउँपालिका मिति २०७३ फागुन २२ गते स्थापना भएको हो । यस गाउँपालिकामा साविकका ओखरकोट, बादिकोट, वांगेमरोठ, तोरवाङ र तुषारा गा.वि.स गरी ५ वटा गा.वि.स र लिवाङ गा.वि.स.का ७, ८ र ९ वडा समावेश गरी यस गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ । यी वडाहरुमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ७ रहेको छ जसमा जम्मा जनसंख्या ४,९०२ (पुरुषको २,०८२ जना र महिलाको २,८२० जना) रहेको छ। यस वडाको औसत परिवार आकार ४.८७ र घरधुरी संख्या १,००७ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. २ रहेको छ जसको जनसंख्या २,८५० ( पुरुषको १,१८२ जना र महिलाको १,६६८ जना) रहेको छ भने घरधुरी संख्या ६११ र औसत परिवार संख्या ४.६६ रहेको छ । । सबै भन्दा बढी जनघनत्व भएको वडा नं ६ रहेको छ जसको जनघनत्व ३४० व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ भने वडा नं १ को सबैभन्दा कम जनघनत्व २०९ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको चित्र बाट स्पष्ट पार्न सकिन्छ।






**नक्सा नं ११:** झिमरुक गाउँपालिकाको वडाअनुसार घरधुरी विवरण


## ३.३ घरमूलीको लैङ्गिक विवरण

**तालिका नं. ८:** घरमूलीको लैङ्गिक विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३६२ | २८९ | ३६७ | ३३७ | ३८१ | ५०९ | ५५६ | ३३७ | ३,१३८ | ५३.४८ |
| महिला | ४०६ | ३२२ | २९६ | ३५० | २३६ | ४२८ | ४५१ | २४१ | २,७३० | ४६.५२ |
| जम्मा | ७६८ | ६११ | ६६३ | ६८७ | ६१७ | ९३७ | १,००७ | ५७८ | ५,८६८ | १००.०० |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

२०६८ को केन्द्रीय तथ्यांक विभागको तथ्याङ्क अनुसार जम्मा ५,८६८ घरधुरी संख्या रहेको यस गाउँपालिकामा ५३.४८ प्रतिशत घरमा पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ४६.५२ प्रतिशत घरमा महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ । लैङ्गिक आधारमा घरमुलीको संख्यौ पुरुष र महिलाको बीचमा धेरै अन्तर (५३.४८ र ४६.५२ मा) धेरै अन्तर देखिदैन । त्यसकारण घरधुरीमा लैङ्गिक प्रतिनिधित्व सन्तोषजनक रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.४ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, २०२० (एघारौं संशोधन २०५८) ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको  मञ्जुरी नभए वीस वर्ष नपुगी विवाह गर्न नहुने कानुन व्यवस्था गरेको छ। वर्तमान समयमा शैक्षिक जागरण चेतनाको विस्तार जस्ता कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक

परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।


राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

**तालिका नं. ९:** १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एकल | बहु विवाह भएको | पुनः विवाह भएको | विधवा /विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | ३९९२ | ३४८० | १७१ | ४२५ | २४८ | २३ | ९ | **८३४८** |
| **महिला** | ४०९६ | ६४८६ | २६ | ५८९ | ८३० | २० | ४० | **१२०८७** |
| **जम्मा** | **८०८८** | **९९६६** | **१९७** | **१०१४** | **१०७८** | **४३** | **४९** | **२०४३५** |
| **प्रतिशत** | **३९.५८** | **४८.७७** | **०.९६** | **४.९६** | **५.२८** | **०.२१** | **०.२४** | **१००.००** |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। जसमा ९,९६६ जना (४८.७७ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने १९७ जना (०.९६ प्रतिशत) रहेको छ। पुनः विवाह गर्ने १,०१४ जना (४.९६ प्रतिशत), विधुवा/विधुर १,०७८ जना (५.२८ प्रतिशत), पारपाचुके भएका ४३ जना (०.२१ प्रतिशत) र छुट्टिएका ४९ जना (०.२४ प्रतिशत) रहेका छन्। गाँउपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा ३,००६ (३०.१६ प्रतिशत) ले बढी रहेको छ। भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा १४३ जना (७२.५९ प्रतिशत) ले बढी रहेको देखिन्छ। जसलाई तलको चित्रमा देखाउन सकिन्छ।




## ३.५ उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण

**तालिका नं. १०:** उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण


| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५० भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ११ | ११७ | १३५७ | १८९९ | ७७० | १४६ | ४२ | १४ | ४ | १ | ४,३६१ |
| महिला | १२६ | १०६१ | ५२८७ | १३८१ | १४९ | २४ | ४ | ५ | ० | १ | ८,०३८ |
| जम्मा | १३७ | १,१७८ | ६,६४४ | ३,२८० | ९१९ | १७० | ४६ | १९ | ४ | २ | १२,३९९ |
| प्रतिशत | १.१० | ९.५० | ५३.५८ | २६.४५ | ७.४१ | १.३७ | ०.३७ | ०.१५ | ०.०३ | ०.०२ | १००.०० |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। यस गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ६,६४४ अर्थात् सबैभन्दा बढी (५३.५८प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या ३,२८० (२६.४५प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या १,१७८ (९.५०प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या १३७ (१.१० प्रतिशत) रहेको देखिन्छ। यस गाँउपालिकामा पछिल्लो अवस्थामा बाल विवाह कम भएको पाइन्छ। यसलाई पूर्ण रुपमा नियन्त्रण गर्नको लागी उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गर्नु पर्ने देखिन्छ। यसलाई तलको चित्रबाट प्रस्तुत गरिएको छ।



## ३.६ उमेर समूहअनुसार जनसख्याको विवरण



**नक्सा नं १२:** झिमरुक गाउँपालिकाको लैङ्गिक विवरण

**तालिका नं. ११:** उमेर समूहअनुसार जनसंख्याको विवरण


| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | १७१३ | १६८३ | ३,३९६ | १२.१६ | १.०२ |
| ५-९ | २०५६ | २०४४ | ४,१०० | १४.६८ | १.०१ |
| १०-१४ | २२२१ | २२६३ | ४,४८४ | १६.०५ | ०.९८ |
| १५-१९ | १३३० | १८५५ | ३,१८५ | ११.४० | ०.७२ |
| २०-२४ | ५८८ | १३९१ | १,९७९ | ७.०९ | ०.४२ |
| २५-२९ | ४४५ | ११९६ | १,६४१ | ५.८८ | ०.३७ |
| ३०-३४ | ४०८ | ८७० | १,२७८ | ४.५८ | ०.४७ |
| ३५-३९ | ४१३ | ८३० | १,२४३ | ४.४५ | ०.५० |
| ४०-४४ | ४३१ | ७९६ | १,२२७ | ४.३९ | ०.५४ |
| ४५-४९ | ४५२ | ६३६ | १,०८८ | ३.९० | ०.७१ |
| ५०-५४ | ४५६ | ५९९ | १,०५५ | ३.७८ | ०.७६ |
| ५५-५९ | ४०४ | ४५३ | ८५७ | ३.०७ | ०.८९ |
| ६०-६४ | ४०४ | ४०१ | ८०५ | २.८८ | १.०१ |
| ६५-६९ | ३१० | ३२६ | ६३६ | २.२८ | ०.९५ |
| ७०-७४ | २३६ | २२६ | ४६२ | १.६५ | १.०४ |
| ७५-७९ | १३४ | १२८ | २६२ | ०.९४ | १.०५ |
| ८०-८४ | ८१ | ७३ | १५४ | ०.५५ | १.११ |
| ८५-८९ | २७ | २६ | ५३ | ०.१९ | १.०४ |
| ९०-९४ | ८ | १५ | २३ | ०.०८ | ०.५३ |
| ९५+ | ० | ३ | ३ | ०.०१ | ०.०० |
| **जम्मा** | **१२,११७** | **५,८१४** | **२७,९३१** | **१००.००** | **०.७७** |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिका अनुसार सन् २०११ सम्ममा झिमरुक गाउँपालिकाको ०-१४ वर्ष उमेर समूहको संख्या ११,९८० (४२.८९ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या १०,५५३ (३७.७८ प्रतिशत) छ, सकृय जनसंख्याको १५ देखि ५९ वर्षसम्मको जनसंख्या १३,५५३ (४८.५२ प्रतिशत) रहेको छ। लिङ्गको

आधारमा हेर्दा महिलाको जनसंख्या १५,८१४ (५६.६२ प्रतिशत) र पुरुषको जनसंख्या १२,११७ (४३.३८ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर १३.२४ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या २,३९८ (८.५९ प्रतिशत) रहेको छ। तथ्याङ्कले गाँउपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस गाउँपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ ।

उमेर समूहअनुसार जनसख्याको विवरण




## ३.७ जातजाती समूहअनुसार जनसंख्याको विवरण


यस गाउँपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार प्यूठान जिल्लामा कुल ३५ भन्दा बढि किसिमका जातजातिको बसोबास रहेको पाईन्छ भने ८ किसिमका मातृभाषा बोलिने गरिएको देखिन्छ। यस गाँउपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाति १२,३४३ जना (४४.१९ प्रतिशत), दोस्रोमा कामी ३,८५९ (१३.८२ प्रतिशत) र तेस्रोमा ब्राम्हण पहाडी ३,७७७ (१३.५२ प्रतिशत) रहेका छन् । त्यस्तै मगर ३,१३५ जना (११.२२ प्रतिशत), सन्यासी/दशनामी १,७२३ (६.१७ प्रतिशत) र सार्की, दमाई,

नेवार, कुमाल, घर्ती, वादी लगायतका जातजातीहरुको पनि यस गाउँपालिकामा बसोबास रहेको छ । जसको विस्तृत विवरण तलको तालिका र चित्रमा उल्लेख गरिएको छ।

**तालिका नं. १२:** झिमरुक गाँउपालिकाको जातजाती अनुसारको जनसंख्या विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत | क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | १२,३४३ | ४४.१९ | ७ | दमाई/ढोली | ९८१ | ३.५१ |
| २ | कामी | ३,८५९ | १३.८२ | ८ | नेवार | ४५७ | १.६४ |
| ३ | ब्राम्हण पहाडी | ३,७७७ | १३.५२ | ९ | अन्य | ५३९ | १.९३ |
| ४ | मगर | ३,१३५ | ११.२२ | १० | उल्लेख नगरिएको | १ | ०.०० |
| ५ | सन्यासी/दशामी | १,७२३ | ६.१७ | | **जम्मा** | **२७,९३१** | **१००.००** |
| ६ | सार्की | १,११६ | ४.०० | | | | |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*




## ३.८ मातृभाषा अनुसार जनसंख्याको विवरण


**तालिका नं. १३:** मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २७,४१५ | ९८.१५ |
| २ | मगर | ४४९ | १.६१ |
| ३ | अन्य | ५५ | ०.२० |

| | | | |
|---|---|---|---|
| ४ | उल्लेख नगरिएको | १२ | ०.०४ |
| | **जम्मा** | **२७,९३१** | **१००.००** |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

यस गाँउपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाँउपालिकामा सबैभन्दा बढी क्षेत्री जातिको बसोबास भएको हुनाले नेपाली भाषा बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात् २७,४१५ (९८.१५ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी मगर भाषा ४४९ (१.६१ प्रतिशत) अन्य भाषामा ५५ (०.२० प्रतिशत) र उल्लेख नगरेकोमा १२ (०.०४ प्रतिशत) रहेको पाइन्छ । यसलाई तलको चित्रबाट देखाउन सकिन्छ।




## आदिवासी

यस गाउँपालिकाको कुल जनसंख्या मध्ये १३.५४ प्रतिशत (३,७८२ जना) जनसंख्या आदिवासी ( मगर र अन्य जनजाति आदि) रहेको छ । जसमा सबैभन्दा बढी मगर जातिको संख्या ३,१३५ (११.२२ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। यी समुदायद्वारा झिमरुक गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत अति पछाडी परेको देखिन्छ। झिमरुक गाउँपालिकाको विकासको लागि यो समुदायलाई

अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदायमाथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

## सिमान्तकृत र उत्पीडित समुदाय

नेपालको संविधानको भाग ३४ अन्तर्गत धारा ३०६ को (ड) मा सीमान्तीकृत समुदाय भन्नाले राजनैतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ भनि उल्लेख गरेको छ ।

झिमरुक गाउँपालिमा उत्पीडितहरूले लगभग २२.२३ प्रतिशत (६,२०९ जना) हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., निमावि, र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या पनि तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ४ दशक हुन लाग्दा पनि उत्पीडित र अपेक्षित समुदायले अझापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। सार्वजनिक सेवा र अन्य सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले सामुहिक आवाज र पहिचानका लागि सामुदायिक संगठनहरू निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। यस गाँउपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.९ धर्मअनुसार जनसंख्याको विवरण


**तालिका नं. १४:** धर्मअनुसार जनसंख्याको विवरण

| धर्म | हिन्दु | इस्लाम | क्रिश्चियन | बौद्ध | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जनसंख्या | २७,८७७ | २२ | १६ | १३ | ३ | **२७,९३१** |
| प्रतिशत | ९९.८१ | ०.०८ | ०.०६ | ०.०५ | ०.०१ | **१००.००** |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिका अनुसार धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्याको ९९.८१ प्रतिशत (२३,०६७ जना) हिन्दु, धर्मावलम्वि ०.०८ प्रतिशत (२२ जना) इस्लाम धर्मावलम्बीहरु, ०.०६ प्रतिशत (१६ जना) क्रिश्चियन, ०.०५

प्रतिशत (१३ जना) बौद्ध र ०.०१ प्रतिशत (३ जना) उल्लेख नगरिएको धर्मावलम्बीहरु रहेको पाईन्छ। यस गाउँपालिकामा क्षेत्री र ब्राम्हण समुदायका मानिसहरुको बसोबास धेरै भएको हुनाले यहाँ अधिकांस मानिसहरु हिन्दु धर्मावलम्बीहरु रहेको पाइन्छ । यसलाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ ।




यस गाउँपालिकाका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई अपनाएको देखिन्छ। पहाडी समुदायहरूबाट वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्मशास्त्र जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। गाउँपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन् । जस्तै, हिन्दू धर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, माघी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, अंग्रेजी नयाँ वर्ष, सोह्रश्राद्ध, आदि चाडपर्वहरु मानउँने गर्दछन् ।

## ३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण


**तालिका नं. १५:** परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ९४० | १० | ० | ४ | ९५४ |
| २ | ६०६ | ४ | १ | ० | ६११ |
| ३ | ६५२ | ११ | ० | ० | ६६३ |
| ४ | ६७५ | ११ | ० | १ | ६८७ |
| ५ | ५३२ | ८० | ४ | १ | ६१७ |
| ६ | ९२५ | ७ | ० | ५ | ९३७ |
| ७ | १,००१ | ६ | ० | ० | १,००७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ३८९ | ३ | ० | ० | ३९२ |
| जम्मा | ५,७२० | १३२ | ५ | ११ | ५,८६८ |
| प्रतिशत | ९७.४८ | २.२५ | ०.०९ | ०.१९ | १००.०० |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकामा झिमरुक गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाँउपालिकामा जम्मा ५,८६८ घरधुरीहरु मध्ये निजी स्वामित्वमा रहेको घरधुरी संख्या ५,७२० (९७.४८ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या १३२ (२.२५ प्रतिशत) रहेको देखिन्छ । संस्थागत घरधुरी संख्या ५ ( ०.०९ प्रतिशत) रहेको छ । त्यस्तै अन्य घरधुरीको संख्या ११ (०.०९ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. ७ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या १,००१ सबैभन्दा बढी रहेको पाइन्छ । त्यसैगरी वडा नं. ८ मा सबैभन्दा कम ३८९ घरधुरी संख्या निजी स्वामित्वमा रहेको देखिन्छ । यसलाई तलको चित्रबाट प्रस्तुत गरिएको छ।




## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण


**तालिका नं. १६:** महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | घरमा स्वामित्वमा भएको | घरमा स्वामित्वमा नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ८० | ८७२ | २ | ९५४ |
| २ | ४५ | ५६६ | ० | ६११ |
| ३ | ४६ | ६१७ | ० | ६६३ |
| ४ | ६२ | ६२४ | १ | ६८७ |
| ५ | ५४ | ५६० | ३ | ६१७ |
| ६ | ६६ | ८७१ | ० | ९३७ |
| ७ | ११५ | ८८७ | ५ | १,००७ |

| | | | | |
|---|---|---|---|---|
| **८** | ३१ | ३६१ | ० | ३९२ |
| **जम्मा** | **४९९** | **५,३५८** | **११** | **५,८६८** |
| **प्रतिशत** | **८.५०** | **९१.३१** | **०.१९** | **१००.००** |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकामा झिमरुक गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या ४९९ (८.५० प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ५,३५८ (९१.३१ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या ११ (०.१९ प्रतिशत) रहेको छ । जुन प्राप्त तथ्यांक अनुसार यस गाँउपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । जसलाई तलको चित्रबाट देखाइएको छ ।




## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण


**तालिका नं. १७:** महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं | स्वामित्व भएको | स्वामित्व नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| **१** | १३४ | ८१८ | २ | **९५४** |
| **२** | ८३ | ५२८ | ० | **६११** |
| **३** | ७९ | ५८४ | ० | **६६३** |
| **४** | ९९ | ५८७ | १ | **६८७** |
| **५** | ११२ | ५०२ | ३ | **६१७** |
| **६** | १७९ | ७५८ | ० | **९३७** |
| **७** | १९९ | ८०३ | ५ | **१,००७** |

| | | | | |
|---|---|---|---|---|
| **८** | ६७ | ३२५ | ० | ३९२ |
| **जम्मा** | **९५२** | **४,९०५** | **११** | **५,८६८** |
| **प्रतिशत** | १६.२२ | ८३.५९ | ०.१९ | १००.०० |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

यस झिमरुक गाउँपालिकामा जग्गामा महिलाको स्वामित्व भएको विवरण अनुसार जग्गामा महिलाको स्वामित्व भएको घरधुरी संख्या ९५२ (१६.२२ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ४,९०५ (८३.५९ प्रतिशत) रहेको छ । जुन प्राप्त तथ्याङ्क अनुसार यस गाँउपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ। जसलाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ। चल अचल सम्पत्तिका महिलाको स्वामित्व र समान लैङ्गिक प्रतिनिधित्व वृद्धि गर्न अभियानको आवश्यकता छ ।




## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

**तालिका नं. १८:** अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | उपस्थित घरधुरी | अनुपस्थित घरधुरी | उल्लेख नगरिएका | जम्मा घरधुरी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २०६८ | २,७४० | ३,१२७ | १ | **५,८६८** |
| **प्रतिशत** | ४६.७० | ५३.२९ | ०.०१ | **१००.००** |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

अनुपस्थित घरधुरी संख्या ३,१२७ (५३.२९ प्रतिशत) रहेको देखिन्छ। भने उपस्थित घरधुरी संख्या २,७४० (४६.७० प्रतिशत) रहेको देखिन्छ। उल्लेख नगरिएको घर संख्या १ रहेको छ। यसरी हेर्दा यस गाउँपालिकामा धेरै घरधुरी खाली रहेको पाइन्छ। शैक्षिक अवसर, रोजगारी, व्यापार व्यवसाय, स्वास्थ्य सुविधाको प्राप्तिको लागि ६ महिला भन्दा बढी समयको लागि बासस्थान छोड्ने जनसंख्या बढ्दो दरमा रहेको छ। जसले गर्दा अनुपस्थित घरधुरी संख्या बढि देखिन्छ।

## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण


**तालिका नं. १९:** बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ९३९ | ५ | ३ | ३ | ४ | **९५४** |
| २ | ५९५ | ८ | ४ | ० | ४ | **६११** |
| ३ | ६५९ | ४ | ० | ० | ० | **६६३** |
| ४ | ६६२ | २५ | ० | ० | ० | **६८७** |
| ५ | ५०८ | १०६ | ० | ० | ३ | **६१७** |
| ६ | ९०६ | २९ | ० | २ | ० | **९३७** |
| ७ | १००३ | ३ | ० | १ | ० | **१,००७** |
| ८ | ३६९ | १ | ७ | १४ | १ | **३९२** |
| **जम्मा** | **५,६४१** | **१८१** | **१४** | **२०** | **१२** | **५,८६८** |
| **प्रतिशत** | **९६.१३** | **३.०८** | **०.२४** | **०.३४** | **०.२०** | **१००.००** |

*श्रोत: राष्ट्रिय जनगणना, २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस झिमरुक गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाई भएको ईंटा/ढुंगाबाट बनेको सबैभन्दा धेरै घरधुरी संख्या ५,६४१ (९६.१३प्रतिशत) छ भने सबैभन्दा कम काठ/फल्याकको बाहिरी गारो भएको घरधुरी संख्या १४ (०.२४ प्रतिशत) रहेको छ। यसैगरी सिमेन्टको जोडाइ भइको ईंटा/ढुंगाको बाहिरी गारो भएको घरधुरी संख्या १८१ (३.०८ प्रतिशत) र बाँसजन्य सामाग्रीबाट बनेको घरधुरी संख्या २० (०.३४ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको १२ ( ०.२० प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाई भएको ईंटा/ढुंगाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या १,००३ वडा नं. ७ मा रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. ८ मा जम्मा ३६९ घरधुरी संख्या रहेको पाईयो।

समग्र वडाहरुलाई हेर्दा सबै वडाहरुमा माटोको जोडाई भएको इँटा/ढुंगाबाट बनेको सबैभन्दा धेरै घरधुरी धेरै रहेको देखिन्छ। यसलाई तलको चित्रबाट देखाउन सकिन्छ।




## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण


**तालिका नं. २०:** छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/ पराल/ छ्वाली | जस्ता/ टिन/ च्यादर | टायल/ खपडा/ झिँगटी/ ढुङ्गा | सिमेन्ट/ ढलान | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३१४ | ७९ | ५५७ | १ | ० | ३ | ९५४ |
| २ | १६८ | ४५ | ३९० | ४ | ० | ४ | ६११ |
| ३ | २११ | ७४ | ३७५ | ३ | ० | ० | ६६३ |
| ४ | २८७ | १२२ | २६६ | १२ | ० | ० | ६८७ |
| ५ | २०२ | १४८ | २०२ | ६३ | ० | २ | ६१७ |
| ६ | ४४१ | २२९ | २४३ | २४ | ० | ० | ९३७ |
| ७ | ५१० | ७० | ४२६ | १ | ० | ० | १,००७ |
| ८ | ११० | ४ | २७६ | ० | १ | १ | ३९२ |
| जम्मा | २,२४३ | ७७१ | २,७३५ | १०८ | १ | १० | ५,८६८ |
| प्रतिशत | ३८.२२ | १३.१४ | ४६.६१ | १.८४ | ०.०२ | ०.१७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस झिमरुक गाउँपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरधुरीसंख्या सबैभन्दा धेरै २,७३५ (४६.६१ प्रतिशत) रहेको छ। भने सबैभन्दा कम सिमेन्ट तथा ढलानको छाना रहेको घरधुरी १०८ (१.८४ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमाखर/पराल/छ्वालीको छानो भएको घरको २,२४३ (३८.२२ प्रतिशत), जस्ता, टिन तथा च्यादरको

छाना भएको घरधुरी ७७१ (१३.१४ प्रतिशत), र अन्य घरधुरी १ (०.०२ प्रतिशत) र उल्लेख नगरिएको घरधुरी १० (०.१७ प्रतिशत) रहेको छ । यसलाई तलको चित्रबाट देखाउन सकिन्छ ।




## ३.१६ जगको आधारमा घरको बनोटको विवरण


**तालिका नं. २१:** जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | ढलान पिल्लरसहितको | काठको खम्बा गाडेको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ९४२ | २ | १ | ५ | ४ | ९५४ |
| २ | ६०४ | १ | २ | ० | ४ | ६११ |
| ३ | ६५९ | ३ | १ | ० | ० | ६६३ |
| ४ | ६७४ | १० | ३ | ० | ० | ६८७ |
| ५ | ५०९ | ८९ | १७ | ० | २ | ६१७ |
| ६ | ९०३ | २० | १२ | २ | ० | ९३७ |
| ७ | १००६ | १ | ० | ० | ० | १,००७ |
| ८ | ३८० | ० | ० | ११ | १ | ३९२ |
| जम्मा | ५,६७७ | १२६ | ३६ | १८ | ११ | ५,८६८ |
| प्रतिशत | ९६.७५ | २.१५ | ०.६१ | ०.३१ | ०.१९ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

झिमरुक गाउँपालिकामा परिवारले प्रयोग गरेको माटोको जोडाइ भएको ईंटा तथा ढुंगाबाट बनेको घरको जग भएका घरधुरी संख्या ५,६७७ सबैभन्दा बढी अर्थात् (९६.७५ प्रतिशत) छन् भने सिमेन्टको जोडाइ भएको ईंटा तथा ढुंगाको जग भएका घरधुरी १२६ (२.१५ प्रतिशत), ढलान पिल्लरसहितको जग भएको घरको संख्या ३६ (०.६१प्रतिशत), र सबैभन्दा कमकाठको खम्बा गाडेको जग भएको १८ (०.३१ प्रतिशत) रहेको छ । त्यस्तै

उल्लेख नगरिएका घरधुरी संख्या ११ अर्थात् (०.१९ प्रतिशत) रहेका छन्। यसलाई तलको चित्र बाट देखाउन सकिन्छ ।




## (क) घर निर्माणका किसिमहरु

झिमरुक गाउँपालिका भित्र रहेका घरको स्वरुपलाई हेर्दा सबैभन्दा बढि माटोको जोडाई भएको ईँटा/ढुंगाबाट बनेको पाईयो जसले कुल भवनहरु मध्ये ९६.१३ प्रतिशत ओगटेको देखिन्छ। यसैगरी कुल घरहरु मध्येकाठ/फल्याकबाट बनेको घरहरु सबै भन्दा कम ०.२४ प्रतिशत, बाँसजन्य सामग्रीबाट बनेको ०.३४ प्रतिशत रसिमेन्ट जडान भएको ईँटा/ढुंगाबाट बनेको ३.०८ प्रतिशत रहेको छ। यसरी घरको जग र बाहिरी गारोको आधारमा हेर्ने हो भने यो गाउँपालिका धेरै घरहरु भूकम्प को जोखिममा रहेको बुझ्न सकिन्छ।

## (ख) भवन संवेदनशीलता

शहरहरुमा भइरहेको जनसंख्या वृद्धि र शहरी विस्तारले विकासोन्मुख राष्ट्रहरुमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ। निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रुपमा परिभाषित गरिएको छ। भवन, अत्यावश्यक सुविधाहरु, लाइफलाइन आदिको

उपलब्धताका आधारमा संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न प्रयोग भएका वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ ।

## ३.१७ गाउँपालिकामा भएका भवनहरुको विवरण

तालिका नं. २२: गाउँपालिकामा भएका भवनहरुको विवरण

| क.सं. | साविक गाविसका हालका भवनहरु | | | | |
|---|---|---|---|---|---|
| | साविक गाविसको नाम | भवनको प्रकृति वटा | | | प्रस्तावित गापाको वडा नं. |
| | | गोटा | कच्ची | पक्की | |
| १ | ओखरकोट | | - | - | १ |
| २ | बदिकोट | | - | - | २ |
| ३ | वांगेमरोठ | | १ | - | ३ |
| ४ | तोरवाङ | | - | - | ४ |
| ५ | तुषारा | | १ | - | ५ |
| ६ | लिवाङ | | १ | - | ६ |


*श्रोतः जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ३.१८ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरु मध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । पहाडि जिल्लाहरुमा बसाई सराईको इतिहास वि.सं. २०१९ साल देखि प्रारम्भ भएको मान्न सकिन्छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थायी वा अस्थायी रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ। यसरी बसाई सरी गर्नुको विभिन्न कारणहरु छन्। तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, सामाजिक कारण, राजनैतिक अस्थिरता, द्वन्द, व्यापार र रोजगार हुन्। गाउँपालिकाको जनसंख्या बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ।

बेरोजगारीको समस्या गाउँपालिकाको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत गाउँपालिकामा बढ्न थालेको छ। खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने हुँदा निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या

निकै ठुलो रहने गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा गाउँपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।




**नक्सा नं १३:** झिमरुक गाउँपालिकामा रहेको बस्तीको विवरण

## ३.१९ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

**तालिका नं. २३:** व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| वर्ष | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह दर्ता | बसाई सरी आएको | | | बसाई सराई संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | दर्ता संख्या | आएको संख्या | गएको संख्या | |
| २०७०/०७१ | ७०१ | ६८४ | १३८५ | १०० | ५६ | १५६ | ० | ३१८ | ५३ | २३२ | २९ | २६१ |

*श्रोत : झिमरुक गाउँ कार्यपालिकाको कार्यालय, २०७३*

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी प्रकृयाहरु पूरा गर्नु पर्ने हुन्छ । नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ । यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।

गाउँपालिकामा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। गाउँपालिकामा आ.व. २०७०/७१ मा १३८५ जनाले जन्म दर्ता गराएका छन् भने १५६ जनाको मृत्यु दर्ता भएको देखिन्छ । त्यसैगरी विवाह दर्ताको स्थिति हेर्दा गाउँपालिकामा ३१८ जनाको आर्थिक बर्ष २०७१/०७२ सम्ममा विवाह दर्ता भएको देखिन्छ। सो अवधिमा गाउँपालिकामा सम्बन्ध विच्छेदको घटना दर्ता नभएको देखिन्छ। माथिको तालिकाबाट यस अवधिमा जम्मा २६१ परिवार बसाई सराई दर्ता भएको देखिन्छ।

## ३.२० स्थानीय तहको निर्वाचनमा मतदाता सम्बन्धी विवरण

यस गाउँपालिकामा २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या १६,२०६ रहेका छन् । यस गाउँपालिकामा मतदाता संख्या पुरुषको तुलनामा महिला संख्या ४१४ जनाले बढि रहेका छ । जहाँ पुरुषको संख्या ७,८९६ र महिलाको संख्या ८,३१० रहेको छ। यस गाउँपालिकामा ८ वडामा २० ओटा निर्वाचन केन्द्र रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।


**तालिका नं. २४:** मतदाता नामावली विवरण

| क्र.सं. | मदान केन्द्र | मदाता संख्या | | | वडा नं |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | अमरसिंह मा.वि. सौतामारे | ४४४ | ४९५ | ९३९ | १ |
| २ | ने.रा.प्रा.वि. डाँडाखर्क (दीपेन्द्र प्रा.वि. ) | २९१ | ३०७ | ५९८ | १ |
| ३ | बाल कल्याण आधारभूत विद्यालय, पोखरीडाँडा | १९५ | २२३ | ४१८ | १ |
| ४ | कमेरपानी प्रा.वि. | २२९ | २४२ | ४७१ | २ |
| ५ | गाबिस भवन काशीपोखरी | ४४२ | ४९३ | ९३५ | २ |
| ६ | बालज्योती प्रा.वि., मैदान | १५९ | १६८ | ३२७ | २ |
| ७ | प्रभात प्रा.वि. आलखोला | ४४७ | ४६७ | ९१४ | ३ |
| ८ | बालबिकास केन्द्र, हल्टे | ४१९ | ४५१ | ८७० | ३ |
| ९ | लक्ष्मी मा.वि. बाङ्गेफेदी | ६४३ | ६५९ | १३०२ | ४ |
| १० | सिद्धेश्वरी प्रा.वि., चुदारा | ३०२ | ३४८ | ६५० | ४ |
| ११ | ने.रा.आ.वि. हीरापोखरी | ४२९ | ४३९ | ८६८ | ५ |
| १२ | बाल शिक्षा मा.वि., मच्छी | ३९६ | ३९५ | ७९१ | ५ |
| १३ | गा.वि.स भवन, नेटा | ४२८ | ४६८ | ८९६ | ६ |
| १४ | चिरायू मा.वि., चिसावाङ्ग | ४७२ | ५०६ | ९७८ | ६ |
| १५ | ने.रा.प्रा.वि. मर्कावाङ्ग | ४१० | ४४६ | ८५६ | ६ |
| १६ | बालकल्याण प्रा.वि., हिटडाँडा | १०९ | ११८ | २२७ | ७ |
| १७ | सत्य मा.वि. , रोटेपानी | ८४७ | ७८७ | १६३४ | ७ |
| १८ | सीता आ.वि., कुता | ४४५ | ४४८ | ८९३ | ७ |
| १९ | जनता मा.वि., टिमुरचौर | ५५८ | ५८४ | ११४२ | ८ |
| २० | ज्ञानज्योती प्रा.वि., | २३१ | २६६ | ४९७ | ८ |
| | **जम्मा** | **७,८९६** | **८,३१०** | **१६,२०६** | |

*स्रोत : निर्वाचन आयोग २०७३*

# खण्ड ४ : भू-उपयोग

## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण





**नक्सा नं १४:** झिमरुक गाउँपालिकाको भू-उपयोग

तालिका नं. २५: भू-उपयोग विश्लेषण २०११

| विवरण | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|
| खेती योग्य जमिन | ४२.४७ | ३९.७२ |
| झाडी | ४.२६ | ३.९८ |
| वनजंगल | ४९.२२ | ४६.०३ |
| चरन | ८.७८ | ८.२१ |
| अन्य (खोला, नदी, पोखरी, पहाड आदि) | ०.५२ | ०.४९ |
| बालुवा | १.६८ | १.५७ |
| कुल क्षेत्रफल | १०,६९३ | १००.०० |

*स्रोत : झिमरुक गाउँ कार्यपालिकाको कार्यालय, २०७३*

झिमरुक गाउँपालिकाको विद्यमान भू-उपयोग हेर्दा गाउँपालिकाको ४६.०३ प्रतिशत (४९.२२ वर्ग कि.मि.) वनले ओगटेको छ। त्यसैगरी ३९.७२ प्रतिशत (४२.४७ वर्ग कि. मि.) जग्गा हाल खन-जोत हुने खेतीयोग्य जमिनको रुपमा रहेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै चरन क्षेत्रले ८.२१ प्रतिशत (८.७८ वर्ग कि. मि.) जग्गा ओगटेको पाइन्छ भने अन्य खोला, नदि, पोखरी, पहाड आदि क्षेत्रले यस गाउँपालिकाको ०.४९ प्रतिशत (०.५२ वर्ग कि.मि.) जग्गा ओगटेको पाइन्छ । गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीको आर्थिक अवस्थामा सुधार गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नितिहरु अवलम्बन गर्न सकिन्छ । यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।



### ४.१.१ सार्वजानिक जग्गाको विवरण

मालपोत ऐन, २०३४ ले सरकारी स्वामित्वमा रहेको र सार्वजानिक प्रयोजनमा रहेको जग्गालाई सार्वजानिक जग्गा भनी परिभाषित गरेको छ ।

राज्यको स्वामित्वमा रहेको जग्गाको संरक्षण गर्ने दायित्व राज्यले तत्सम्बन्धी जिम्मेवारी दिइएका निकायहरु जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय तथा स्थानीय निकाय -नगरपालिका तथा गाउँपालिका) को क्षेत्राधिकार तोकेको पाइन्छ। जिल्लाको सम्पूर्ण सरकारी तथा सार्वजानिक जग्गाको संरक्षण यी उल्लेखित संस्था तथा निकायहरुबाट मात्र सम्भव नभई त्यस क्षेत्रका सचेत नागरिक, उपभोक्ता, नागरिक समाजका प्रतिनिधिहरु, गैरसरकारी संस्था एवम् निजी क्षेत्रका प्रतिनिधि समेतको सक्रिय सहयोग भएमा मात्र भएमा मात्र यस्ता सरकारी, सार्वजानिक जग्गाको संरक्षण तथा सवर्द्धनमा सहयोग पुग्न जान्छ । झिमरुक गाउँपालिकामा रहेका खोला, जंगल, खोल्साखोल्सी, बुट्यान, गौचर, बाटो, भिरपाखा, चौरकुलो आदि सरकारी तथा सार्वजानिक प्रयोजनमा रहेका जग्गाको विवरण साविकका गाविस अनुसार दिइएको छ। जसको विस्तृत विवरण तलको तालिकामा दिईएको छ ।

**तालिका नं. २६:** सार्वजनिक जग्गाको विवरण

| क्र.सं. | साविकको गाविस | सरकारी तथा सार्वजनिक जग्गाको क्षेत्रफल (रोपनीमा) |
|---|---|---|
| १ | वादिकोट | १५७५५-१२-३-१ |
| २ | वांगेमरोठ | ९५७३-७-३-४ |
| ३ | लिवाङ | १६३६३-१३-०-० |
| ४ | ओखरकोट | १८३४५-१७-४-१ |
| ५ | तोरवाङ | ११५३६-१९-५-३ |
| ६ | तुषारा | ४२८५१-१२-५-५ |
| | जम्मा | ११४४२८-५-३-२ |

*(नोट : नयाँ संरचना अनुसार साविकको गाविस तुषाराको वडाहरु १-६ सम्म गौमुखी गाउँपालिकामा गएकोले तुषाराको साविकको वडा नं ७, ८ र ९ मात्र यस झिमरुक गाउँपालिकामा समावेश भएको हुनाले माथिको तालिकामा २०६५ साल अनूसार लिवाङको पुरै साविकका १-९ वडाहरु उल्लेख भएका छन् । )*

*स्रोत: मालपोत कार्यालय, प्यूठान २०६५*

## ४.२ गाउँपालिकाको स्वरुप

झिमरुक गाउँपालिकाका विभिन्न स्थानमा कच्चि सडकको पहुँच पुगेको भएतापनि सबै स्थान मा नियमित रुपमा सञ्चालन हुने सडक बन्न सकेको छैन । यस गाउँपालिकामा रहेका सबै सडक नियमित रुपमा यातायात सञ्चालन हुन सक्ने अवस्थामा छैनन् । भिमरुक गाउँपालिकामा बसोबास गर्ने मानिसले कृषि क्षेत्रलाई नै प्रमुख आय स्रोतको रुपमा प्रयोग गर्ने भएकाले दिनहुँ धेरै समय खेतबारीमा बिताउने गरेको पाइन्छ। यसका अतिरिक्त झिमरुक गाउँपालिकाले गाउँपालिका विकासका लागि योजना तयार गर्नको लागी यहाँका राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, टोल विकास संस्थाहरु, वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली (Planning) आदिलाई समोवस गरी बढी भन्दा बढी छलफल गरी सहभागीतामुलक योजना तर्जुमा गर्नु पर्ने देखिन्छ । गाउँमा सरसफाई अभियानहरु संचालन गरी स्वच्छ प्राकृतिक वातावरणको निर्माण गर्नु पर्ने देखिन्छ । गाउँपालिकाको सबै घरहरुमा शौचालय को व्यवस्था हुनुपर्ने र साफा खानेपानी को व्यवस्थापन गर्ने अभियान लागु गर्नु पर्ने देखिन्छ ।

## ४.३ क्रमिक रुपमा बिकास भइरहेका बस्तीहरूको वर्तमान स्वरुप

झिमरुक गाउँपालिकाको जलवायुको दृष्टिकोणबाट बसोबासको लागि उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत विकास भइसकेको, सिंचाई परियोजनाको नहर निर्माणबाट नहर प्रणालीसँगै सडक प्रणालीको समेत समानान्तर विकास भएको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत सुलभ रहेको सन्दर्भमा गाउँपालिकाका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक यातायातको सुविधा बिस्तारै विस्तार हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न गाउँपालिकाहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

गाउँपालिकाको कुल ५,८६८ परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा, ढुङ्गा र पक्की पिलर भएका घरधुरी २.७६ प्रतिशत, बाहिरि गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी ३.०८ प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी १.८४ प्रतिशत छन्। गाउँपालिकामा कुल १३२ (२.२५ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ५,७२० (९७.४८ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। गाउँभित्र ५ (०.०९ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा गाउँपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका विकास समितिले बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा

कार्यालय क्षेत्र आदि गरी ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।

- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ । मानविय गतिविधिका कारणबाट गाउँपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, डढेलो, चरीचरन राख्ने प्रवृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रित भएको छ । खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलतः गाउँपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ ।

धरातलीय उचाईको विविधताले गर्दा यहाँ समतल फाटदेखि हिँउ पर्ने उच्च पहाडी भु-भाग समेत रहको छ । तल्लो क्षेत्रहरुमा गाउँपालिकाकै प्रमुख उत्पादन क्षेत्रहरु पर्दछन् । पाँगो एवंम बलौटे दोमट माटो भएको हुँदा उत्पादन राम्रो हुन्छ । उच्च पहाडी क्षेत्रमा कडा खालको बलौटे र चुनढुङ्गा मिसिएको माटो भएकाले यस क्षेत्रमा भु-क्षय पहिरो जाने संभावना कम हुन्छ भने मध्य भागमा पत्रे चट्टानमा रातो माटो मिसिएको माटो बढी भएको हुँदा भु-क्षय र पहिरोको दृष्टिले बढी संवेदशील मानिन्छ ।

भौगोलिक हिसाबले कमजोर भुभाग र मध्यम खालको जलाधारीय अवस्थाले गर्दा यस गाउँपालिकामा पनि वर्षेनी भुक्षय, बाढी, पहिरो, नदी कटान हुने गरेको छ । कहिलेकाहीँ त स्थानीय जनताको ज्यान समेत लिने गरेको दुखदायी घटना झिमरुक वासीले भोग्नु परेको छ । भुक्षय र पहिरोको समस्याहरु र यसको कारण पहिल्याएर समाधानको लागि एक निकायलाई मात्र जिम्मेवार नठानी सम्बद्ध सबै निकायहरुले समन्वय र साझेदारी गरेर भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमलाई प्राथमिकताको साथ अगाडी बढाउनु आजको टड्कारो आवश्यकता देखिएको छ ।

## ४.६ गाउँपालिकामा भएका प्राकृतिक प्रकोपको विवरण

**तालिका नं. २७:** गाउँपालिकामा भएका प्राकृतिक प्रकोपको विवरण

| क्र.सं | स्थान | पहिरो चलिरहेको छ वा बन्द भैसकेको | पहिरोको प्रकार |
|---|---|---|---|
| १ | तुषारा | पहिरो चलिरहेको छ | जमिनमा गएको पहिरो |
| २ | ओखरकोट, मच्छि | पहिरो चलिरहेको छ | सडक पहिरो |
| ३ | वांगेमरोठ | पहिरो चलिरहेको छ | दोभान पहिरो |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७१*

## ४.७ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

**तालिका नं. २८:** गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषत: साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू र कटान गरी क्षति पुर्‍याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो जलनशिल वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ७ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार –भदौ |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ९ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत: जिल्ला समन्वय समिति कार्यालय, प्यूठान २०७३*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, थोक तथा खुद्रा बजार, होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा पहाडी भूभाग भएको यस गाउँपालिकामा कृषिको लागि उपयुक्त उर्वर माटो भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। त्यसैगरी गाउँपालिकामा रहेकार हेका नदी तथा खोलानालाहरु, वनजंगल तथा जैविक विविधताले गाउँपालिकाको विकासमा थप सम्भावना बोकेका छन् । प्यूठान जिल्लाको रमणीय, धार्मीक तथा ऐतिहासीक गाउँपालिकाको रुपमा चिनिन्छ झिमरुक गाउँपालिका, यसै कारणले गर्दा यस झिमरुक गाउँपालिकामा क्षेत्रीय आकर्षण रहनु, गाउँपालिकाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा रहनु लगायत विभिन्न अवसरहरू गाउँपालिकाको विकासका लागि रहेका छन् । मील, फर्निचर उद्योग, धागोको उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना घरेलु उद्योग तथा व्यवसायहरु हुन् । यस गाउँपालिकाको कृषि पछिको वैकल्पिक पेशा वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो त्यति सकारात्मक भने होइन ।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षक गन्तव्य स्थलहरु मध्ये प्यूठान जिल्ला र विशेषत: झिमरुक गाउँपालिका महत्वपूर्ण स्थान रहेको छ । विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू गाउँपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

**तालिका नं. २९:** आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिक रुपले सक्रिय पूरुष | आर्थिक रुपले सक्रिय महिला | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| २७,९३१ | ४,९२७ (३६.३५%) | ८,६२६(६३.६५%) | १३,५५३ (४८.५२%) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस गाउँपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ४,९२७ (३६.३५ प्रतिशत), महिलाको संख्या ८,६२६ (६३.६५ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक रुपमा पुरुषको भन्दा महिलाको संख्या २७.२९ प्रतिशतले बढि रहेको देखिन्छ । त्यस्तै गाउँपालिकाको कुल जनसंख्याको १३,५५३ अर्थात् ४८.५२ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन् भने आर्थिक रुपमा आश्रित जनसंख्या ५१.४८ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

**तालिका नं. ३०:** आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबाबिालिका (०-१४) | | आश्रित वृद्धवृद्धाहरू (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ११,९८० | ८२.३२ | २,३९८ | १६.६८ | १४,३७८ | ५१.४८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या ११,९८० (८२.३२ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या २,३९८ (१६.६८ प्रतिशत) देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या १४,३७८ (५१.४८ प्रतिशत) देखिन्छ। यसरी समग्रमा हेर्दा यस क्षेत्रमा सक्रिय जनशक्ति भन्दा आश्रित को संख्या बढि देखिन्छ ।

## ५.४ कृषि



नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीय स्थरमा कृषि

सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि विकास मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

गाउँपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले भरिएको हुँदा ३९.७२ प्रतिशत भूभाग कृषि उपयोगी क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ ।

### (क) हिउँदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा कोदो,फापर, जौ, आलु, भटमास,तोरी, हिउँदे तरकारी, आलु, मसला बाली, रहेका छन् ।

### (ख) वर्षे बाली

गाउँपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, मुग, गहन, अन्य तरकारी, वर्षे तरकारी, आलु, ओखर, केरा, मसला बाली, अदुवा छन् ।

## ५.४.१ कृषक समूहको विवरण

**तालिका नं. ३१:** कृषक समूहको विवरण

| कृषक समूह संख्या | | | | सदस्य संख्या | | | हितकोष रकम रु. |
|---|---|---|---|---|---|---|---|
| कुल | महिला | पुरुष | मिश्रीत | कुल | महिला | पुरुष | |
| ९६ | १६ | ० | ८० | २,२७० | १,४२० | ८६५ | २९,०५,०४६ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

यस गाउँपालिका हुनुभन्दा अगाडी आ.व. २०७१/०७२ मा ९६ वटा कृषक समूहहरु मध्ये महिला कृषक समूहहरु १६ रहेका छन् । लैंगिक हिसाबले पुरुषको कृषक समूह नभएको देखिन्छ भने गाउँपालिकामा मिश्रीत कृषक समूहहरुको संख्या ८० देखिन्छन् । यही आर्थिक वर्षसम्ममा यी समूहहरुको हितकोष रकम २९ लाख ०५ हजार ४६ संकलन गरी केही रकम प्रयोजनको लागि प्रयोग गरिएको छ ।

### ५.४.२ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, क्याक रोग, जरा कुहिन, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

**तालिका नं. ३२:** विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ व्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

*स्रोत : जिल्ला कृषि कार्यालय, प्यूठान २०७३*

### ५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण

कृषि प्रविधि विस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन झिमरुक गाउँपालिकामा एक कृषि सेवाकेन्द्र स्थापना गरिएको छ । कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

| सि.नं. | कृषि सेवाकेन्द्र र सम्पर्कस्थल | केन्द्र अन्तर्गत समेटिएका गाउँपालिका/नगरपालिकाहरु |
|---|---|---|
| १ | कृषि सेवाकेन्द्र मच्छी | झिमरुक गाउँपालिकका विभिन्न वडाहरु |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७१*

## ५.४.४ बाली पात्रो

**तालिका नं. ३३:** बालि पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

## ५.४.५ कृषि बजारीकरण

नेपाल एक कृषि प्रधान देश हो । नेपालको कुल जनसंख्याको एक तिहाई जनसंख्याको पेशा कृषि हो । परम्परागत कृषिको कारण देशको अर्थतन्त्रमा भने कृषिले हिस्सा ३०% हिस्सा (CBS, 2073/74) ओगटेको छ । दैनिक जीवन गुजारा हुने किसिमको खेतिपातीले कृषिमा व्सायिकरण हुन सकेको छैन । बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ । गाउँपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देखिन्छ । कृषि उपज बजारीकरणका ढाँचाहरुले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन् । गाउँपालिकामा विभिन्न हाटबजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु,

फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ । कृषकले उत्पादन गरेका कृषिजन्य वस्तु सही बजार पाउनु पर्छ । कृषि क्षेत्रको समुचित विकास हुन सकेको खण्डमा समग्र देशको विकास हुन्छ तसर्थ यसको लागि कृषि वजारीकणलाई प्रोत्साहन गरी व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

## ५.४.६ कृषि पकेट क्षेत्रको बिबरण

**तालिका नं. ३४:** कृषि पकेट क्षेत्रको विवरण

| क्र. सं. | व्यबसायिक पकेट क्षेत्र | पकेट क्षेत्र | पूर्वाधार सुविधा बाटो, विजुली, सिंचाई, बजार सुविधा छ/छैन |
|---|---|---|---|
| १ | धन र गहुँ | झिमरुक गाउँपालिका वडा नं ३, ४ र ५ | छ |
| २ | सुन्तला | झिमरुक गाउँपालिका वडा नं ६, ७ र ८ | छ |
| ३ | आलु | झिमरुक गाउँपालिका वडा नं १, २, ३, ४ र ५ | छ |
| ४ | तरकारी | झिमरुक गाउँपालिका वडा नं ६, ३ र ५ | छ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

झिमरुक गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ। कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस गाउँमा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ।

## ५.४.७ जग्गाको उर्वराशक्ति

गाउँपालिकाको ३९.७२ क्षेत्रफल खेती योग्य भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि रहेको छ । विगतमा झिमरुक गाउँपालिकामा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि सागुरिदै गएको देखिन्छ। गाउँको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

## ५.४.८ एग्रोभेट सम्बन्धि विवरण

गाउँपालिकाभरी पशुपंक्षी पालनमा आएको व्यवसायिकताको लहरसँगै भेटेरिनरी औषधीको व्यवसाय पनि निकै फस्टाउँदै गएको पाइन्छ। जिल्ला पशु कार्यालय प्यूठानका अनुसार जिल्लामा दर्ता भएका नभएका गरी ७७ भन्दा बढी भेटेरिनरी औषधी पसलहरु संचालित छन् । जसमध्ये ७ वटा भेटेरिनरी औषधी पसलहरु यस झिमरुक गाउँपालिकामा संचालित छन् ।

**तालिका नं. ३५:** एग्रोभेट सम्बन्धि विवरण

| क्र.सं. | एग्रोभेटको नाम | ठेगाना |
|---|---|---|
| १ | विकल्प एग्रोभेट सेन्टर | झिमरुक गाउँपालिका वडा नं ५ |
| २ | जनसेवा बहुउद्देश्यीय सहकारी संस्था | झिमरुक गाउँपालिका वडा नं ५ |
| ३ | सुपथ मूल्य एग्रोभेट | झिमरुक गाउँपालिका वडा नं ३ |
| ४ | अशिष एग्रोभेट सेन्टर | झिमरुक गाउँपालिका वडा नं ८ |
| ५ | पौडेल एग्रोभेट सेन्टर | झिमरुक गाउँपालिका वडा नं ५ |
| ६ | के.सी एग्रोभेट | झिमरुक गाउँपालिका वडा नं २ |
| ७ | हरियाली एग्रोभेट | झिमरुक गाउँपालिका वडा नं ५ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७१*

## ५.४.९ मलखाद बिक्रेताहरुको विवरण

**तालिका नं. ३६:** मलखाद बिक्रेताहरुको विवरण

| एग्रोभेटको संख्या | ठेगाना |
|---|---|
| ७ | झिमरुक गाउँपालिका वडा नं २, ३, ५ र ८ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७१*

## ५.४.१० कृषि सहकारी संस्थाहरुको विवरण

**तालिका नं. ३७:** कृषि सहकारी संस्थाहरुको विवरण

| क्र. सं. | सहकारीको नाम | ठेगाना | गरिरहेका काम |
|---|---|---|---|
| १ | मिलिजुली कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | झिमरुक गाउँपालिका वडा नं ५ | मल बिउ बिक्री र ऋण लगानी |
| २ | झिमरुक कृषि सहकारी संस्था लि. | झिमरुक गाउँपालिका वडा नं ५ | मल बिउ बिक्री र ऋण लगानी |
| ३ | भुल्के महादेव कृषि सहकारी संस्था लि. | झिमरुक गाउँपालिका वडा नं ४ | मल बिउ बिक्री र ऋण लगानी |
| ४ | आहालखोला कृषि सहकारी संस्था लि. | झिमरुक गाउँपालिका वडा नं २ | मल बिउ बिक्री र ऋण लगानी |
| ५ | मच्छी कृषि सहकारी संस्था लि. | झिमरुक गाउँपालिका वडा नं ५ | मल बिउ बिक्री र ऋण लगानी |
| ६ | मधुकुण्ड कृषि सहकारी संस्था लि. | झिमरुक गाउँपालिका वडा नं ३ | मल बिउ बिक्री र ऋण लगानी |
| ७ | शिवम् कृषि सहकारी संस्था लि. | झिमरुक गाउँपालिका वडा नं ६ | मल बिउ बिक्री र ऋण लगानी |
| ८ | प्रगतीशिल कृषि सहकारी संस्था लि. | झिमरुक गाउँपालिका वडा नं ६ | मल बिउ बिक्री र ऋण लगानी |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७१*

## ५.४.११ झिमरुक गाउँपालिकामा रहेका कृषक समूहहरुको विवरण

झिमरुक गाउँपालिकामा ९६ वटा कृषक समूहहरु रहेको पाईन्छ। जसको विस्तृत विवरण तल तालिकामा दिइएको छ।

**तालिका नं. ३८:** झिमरुकगाउँपालिकामा संचालित कृषक समूहरुको विवरण

| क्र. सं. | कृषक समूहको नाम | वडा नं | समूह सदस्य संख्या | जम्मा हित कोष | बालि बिशेष |
|---|---|---|---|---|---|
| १ | जनप्रिय बहुउदेश्यीय समुह | ५ | २५ | २०,१५० | बहुउदेश्यीय |
| २ | चन्डीदेवी कृषक समुह | ४ | १७ | ५,२४५ | बहुउदेश्यीय |
| ३ | प्रभात तरकारी उत्पादन कृषि महिला समुह | ३ | १८ | ४,६३४ | तरकारी |
| ४ | दुर्गादेवी कृषक समुह | ४ | १८ | ४,००० | बहुउदेश्यीय |
| ५ | खाध तथा बिज वृद्धी | ४ | १८ | २२,००० | बिज बृद्धी |
| ६ | प्रगतिशिल | ५ | ११ | ५,२७४ | |
| ७ | धर्मावती कृषि सहकारी संस्था | ३ | २२ | २४,४०० | बहुउदेश्यीय |
| ८ | बांदीकोट आहालखोला | ३ | ३९ | ४,००,००० | |
| ९ | आहालखोला कृषक समुह | ३ | १३ | ११,००० | बहुउदेश्यीय |
| १० | लालिगुँरास कृषक समुह | २ | २५ | २,५०० | बहुउदेश्यीय |
| ११ | एकिकृत स्वालम्वन कृषक समुह | ६ | १९ | १७७,२९२ | बहुउदेश्यीय |
| १२ | नवज्योती बहुउदेश्यीय कृषि समुह | ८ | २० | ९,००० | बहुउदेश्यीय |
| १३ | झिमरुक कृषक समुह | ३ | ४८ | ३,३३,४८४ | बहुउदेश्यीय |
| १४ | सगरमाथा | १ | २५ | ५०० | बहुउदेश्यीय |
| १५ | रातापोखरी कृषक समुह | २ | ३४ | ६०० | बहुउदेश्यीय |
| १६ | खड्क मालिका कृषक समुह | २ | ३३ | ३३० | बहुउदेश्यीय |
| १७ | गरतङ कृषक समुह | ४ | २५ | | बहुउदेश्यीय |
| १८ | प्रगतिशील महिला | १ | २१ | ८०,००० | बहुउदेश्यीय |
| १९ | सृजनसिल बहुउदेश्यीय कृषक समुह | ३ | २६ | | बहुउदेश्यीय |
| २० | एकिकृत सामुदायीक बिकास मुल समिति | ३ | ११ | | बहुउदेश्यीय |
| २१ | शान्तिपुर कृषि समुह | ३ | २५ | ५०० | बहुउदेश्यीय |
| २२ | त्रिशक्ति तरकारी विउ उत्पादन समुह | ३ | २२ | ८,००० | तरकारी विउ |
| २३ | सिद्धनाथ तरकारी उत्पादन कृषक समुह | ६ | २६ | ३,२०० | तरकारी |
| २४ | सिद्ध भैसी पालन तथा ताजा तरकारी कृषक समुह | ६ | १७ | ११,००,००० | तरकारी तथा भैसी |

| क्र. सं. | कृषक समूहको नाम | वडा नं | समूह सदस्य संख्या | जम्मा हित कोष | बालि विशेष |
|---|---|---|---|---|---|
| २५ | जनजागरण कृषक समुह | २ | १५ | ३०० | बहुउदेश्यीय |
| २६ | ढाके डिहि कृषक समुह | ३ | २५ | १,००० | बहुउदेश्यीय |
| २७ | मिलिजुली कृषक समुह | ३ | १८ | ३६० | बहुउदेश्यीय |
| २८ | हिमशिखर कृषि समुह | २ | २५ | | बहुउदेश्यीय |
| २९ | म्यालखाडा कृषक समुह | २ | ३५ | | बहुउदेश्यीय |
| ३० | जनचेतना कृषक समुह | १ | ३० | ६०० | बहुउदेश्यीय |
| ३१ | काउले कृषक समुह | २ | २४ | ४,००० | बहुउदेश्यीय |
| ३२ | फुलवारी महिला कृषक समुह | १ | २५ | | बहुउदेश्यीय |
| ३३ | फुलवारी कृषक समुह | २ | २५ | १०,००० | बहुउदेश्यीय |
| ३४ | जीवन सुधार कृषक समुह | २ | २५ | १२,००० | बहुउदेश्यीय |
| ३५ | बासँवारी सकृय महिला कृषक समुह | २ | ३८ | | बहुउदेश्यीय |
| ३६ | धुर्कोटटोल कृषक समुह | २ | २५ | | बहुउदेश्यीय |
| ३७ | सकृय कृषक समुह | २ | २५ | १,००० | बहुउदेश्यीय |
| ३८ | हरियाली कृषक समुह | ५ | १५ | ३७५ | बहुउदेश्यीय |
| ३९ | दुवाचौर कृषक समुह | १ | २० | ३०,२६५ | बहुउदेश्यीय |
| ४० | चिप्लेनी कृषक समुह | २ | ३३ | ५२५ | बहुउदेश्यीय |
| ४१ | फुलवारी कृषक समुह | ३ | २१ | ८२,७६० | बहुउदेश्यीय |
| ४२ | केरावारी कृषक समुह | २ | २४ | ६०० | बहुउदेश्यीय |
| ४३ | जागृती प्रगतिशिल विउ उत्पादन कृषक समुह | ३ | १७ | १,२०० | बिउ उत्पादन |
| ४४ | कोटफेरा कृषक समुह | ३ | २५ | १२,००० | बहुउदेश्यीय |
| ४५ | गडेरपानी बहुउदेश्यीय कृषक समुह | २ | २५ | | बहुउदेश्यीय |
| ४६ | उपल्लो बासकोट कृषक समुह | २ | २५ | ३,२५० | |
| ४७ | फुलवारी कृषक समुह | २ | २१ | ४२० | बहुउदेश्यीय |
| ४८ | लालीगुरास कृषक समुह | ६ | २५ | ४,००० | बहुउदेश्यीय |
| ४९ | डाडाखर्च कृषि समुह | १ | २४ | ६,००० | बहुउदेश्यीय |
| ५० | जनचेतना महिला कृषक समुह | ६ | १८ | २५,००० | बहुउदेश्यीय |
| ५१ | आहालखोला कफि उत्पादन कृषक समुह | ३ | १७ | १,१९० | बहुउदेश्यीय |
| ५२ | श्रृजनशिल युवा कृषक समुह | ३ | २५ | ५० | बहुउदेश्यीय |

| क्र. सं. | कृषक समूहको नाम | वडा नं | समूह सदस्य संख्या | जम्मा हित कोष | बालि विशेष |
|---|---|---|---|---|---|
| ५३ | इर्सनादेवी कृषक समुह | ८ | १८ | ५०,००० | बहुउदेश्यीय |
| ५४ | बहुउदेश्यीय कृषक समुह | ३ | २५ | २७५,००० | बहुउदेश्यीय |
| ५५ | छहरा महिला कृषक समुह | ४ | ४१ | ७६,६०० | बहुउदेश्यीय |
| ५६ | जुनतारा महिला कृषक समुह | ५ | २५ | १०,००० | बहुउदेश्यीय |
| ५७ | ईश्नादेवी कृषक समुह | ८ | २१ | २,२४४ | बहुउदेश्यीय |
| ५८ | देउराली कृषक समुह | ८ | २५ | १,००० | बहुउदेश्यीय |
| ५९ | साहासी महिला कृषक समुह | ४ र ५ | २० | ४,००० | बहुउदेश्यीय |
| ६० | पिडाल्ने मच्छी आधुनिक कृषक समुह | ७ | २० | ३,००० | बहुउदेश्यीय |
| ६१ | हातेमालो कृषक समुह | ८ | २६ | ५२० | बहुउदेश्यीय |
| ६२ | शितल छाँया कृषक समुह | ८ | २५ | ८,००० | बहुउदेश्यीय |
| ६३ | लालिगुँरास कृषक समुह | ८ | २४ | ४८० | बहुउदेश्यीय |
| ६४ | गव्दी कृषक समुह | ८ | ५५ | | बहुउदेश्यीय |
| ६५ | हरियाली कृषि समुह | ८ | ४२ | | बहुउदेश्यीय |
| ६६ | नमुना कृषि समुह | ८ | २१ | | बहुउदेश्यीय |
| ६७ | नारायण मालिका एकिकृत कृषक समुह | ६ | २५ | | बहुउदेश्यीय |
| ६८ | हरियाली कृषक समुह | १ | २५ | | बहुउदेश्यीय |
| ६९ | खाद्य तथा बिज वृद्धी कृषक समुह | ४ | | | बिजवृद्धी |
| ७० | जलजला कृषक समुह | ५ | २५ | | बहुउदेश्यीय |
| ७१ | फुलवारी कृषक समुह | ३ | २६ | | बहुउदेश्यीय |
| ७२ | दुर्गादेवी सुन्तला उत्पादन कृषक समुह | ५ | १५ | | सुन्तला |
| ७३ | जनचेतना कृषक समुह | ५ | २७ | | बहुउदेश्यीय |
| ७४ | बेओरे बहुउदेश्यीय कृषक समुह | ३ | २१ | ४,०८० | बहुउदेश्यीय |
| ७५ | नमुना कृषक समुह | ७ | २४ | १,२५० | बहुउदेश्यीय |
| ७६ | लालिगुरास कृषि तथा खाद्य सुरक्षा कृषक पाठशाला | ३ | २५ | | बहुउदेश्यीय |
| ७७ | इश्नादेवी कृषि समुह | ७ | ३० | ६,००० | बहुउदेश्यीय |
| ७८ | निरभैटारी कृषि पाठशाला कृषक समुह | ३ | २५ | ३,५०० | बहुउदेश्यीय |
| ७९ | खड्कदेवी कृषक समुह | ७ | ३० | १,५०० | बहुउदेश्यीय |
| ८० | मच्छी दोभान च्याउ उत्पादन कृषक समुह | ५ | २६ | | च्याउ |

| क्र. सं. | कृषक समूहको नाम | वडा नं | समूह सदस्य संख्या | जम्मा हित कोष | बालि विशेष |
|---|---|---|---|---|---|
| ८१ | आमा कृषक समुह | ७ | | | बहुउदेश्यीय |
| ८२ | सिंह बराह कृषक समुह | ६ | २० | | बहुउदेश्यीय |
| ८३ | झिमरुक खाद्यान्न उत्पादन तथा ताजा तरकारी कृ.स. | ७ | ११ | | खाद्यान्नरतरकारी |
| ८४ | बराह सामुदायीक कृषक समुह | ४ | १५ | | बहुउदेश्यीय |
| ८५ | महिला जागरण कृषक समुह | ७ | २१ | | बहुउदेश्यीय |
| ८६ | लालिगुरास कृषि तथा महिला समुह | ५ | २८ | | बहुउदेश्यीय |
| ८७ | बेलघारी कृषक समुह | ७ | १७ | | बहुउदेश्यीय |
| ८८ | जनसेवा बहुउदेश्यीय कृषक समुह | ५ | २७ | | बहुउदेश्यीय |
| ८९ | मिलिजुली कृषि तथा पशुपालन समुह | ७ | २५ | | बहुउदेश्यीय |
| ९० | झिमरुक कृषक समुदाय संस्था | ८ | ३२ | | बहुउदेश्यीय |
| ९१ | फुलवारी कृषि तथा खाद्य सुरक्षा पाठशाला | ३ | २५ | | बहुउदेश्यीय |
| ९२ | दिपज्योती कृषि तथा खाद्य सुरक्षा पाठशाला | ३ | २५ | | बहुउदेश्यीय |
| ९३ | सयपत्री कृषि तथा खाद्य सुरक्षा कृषक महिला कृ.स. | ३ | ३१ | | बहुउदेश्यीय |
| ९४ | श्रृजनसिल कृषक समुह | २ | २५ | ४६,०६८ | बहुउदेश्यीय |
| ९५ | प्रगतिशिल महिला कृषि विउ उत्पादन समुह | ३ | | | बहुउदेश्यीय |
| ९६ | झल्केन पोखरी कृषि समुह | ३ | २८ | २,८०० | बहुउदेश्यीय |

*स्रोत : झिमरुक गाउँ कार्यापालिकाको कार्यालय, २०७३*

यस गाउँपालिकामा भएका कृषि सहकारी संस्थाहरु मध्ये धेरै बहुउदेश्यी सहकारी रहेका छन् । जसमा बहुउदेश्यीय सहकारी संस्था ८२ रहेको छन भने ६ वटा तरकारी खेती सम्बन्धी, ४ वटा विउ विजन सम्बन्धि र अन्य पशुपालन, सुन्तला खेती र च्याउ सम्बन्धि ४ वटा सहकारी रहेको पाइन्छ । जम्मा हित कोषको आधारमा हेर्दा सिद्ध भैसी पालन तथा ताजा तरकारी कृषक समुहको सबै भन्दा धेरै ११,००,००० (एघार लाख रुपौयाँ) रहेको देखिन्छ । यसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

## ५.५ सिंचाइ

गाउँपालिकामा सतह एवं भुमीगत जल सिंचाईको स्रोत रहेको छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुर्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

भूमिगत सिचाई गाउँपालिकामा भुमीगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

**तालिका नं. ३९:** गाउँपालिकामा हाल उपलब्ध मुख्य सिँचाईको विस्तृत विवरण

| क्र.सं. | सिंचाईको श्रोतको नाम | सिंचाईको श्रोत | |
|---|---|---|---|
| | | साविक गाविस को नाम र वडा नं. | अब कायम रहने स्थान (प्रस्तावित गापा को वडा नं. |
| १ | झिमरुक नदी लामासेरा | ओखरकोट ६, | १ |
| २ | झिमरुक नदी ,पिडाल्ने फाट | तुषारा १,७,८,९ | ५ |
| ३ | गर्तुङ्ग खोला | ओखरकोट ७,९ | १ |

*स्रोत: झिमरुक गाउँ कार्यपालिकाको कार्यालय, २०७३*

## ५.६ पशुपालन

गाउँपालिकामा विशेषगरी गाई, भैँसी, बाख्रा नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट गाउँपालिकाबासीको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ ।

पशुपालन व्यवसायलाई सुरक्षित राख्न पशु सेवा केन्द्र ,त्यस्तै गरी भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ। ती कार्यालयहरुको नामावली तथा कार्यक्षेत्र निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४०:** पशु सेवा केन्द्रहरु

| क्र. सं. | सेवा केन्द्रको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | पशु सेवा केन्द्र, मच्छी | झिमरुक गाउँपालिका वडा नं. १-५, ७ र ८ |
| २ | पशु सेवा केन्द, ठुलाबेसी | झिमरुक गाउँपालिका वडा नं ८ |
| ३ | पशु सेवा केन्द, मरन्ठाना | झिमरुक गाउँपालिका वडा नं ६ |

*स्रोत: जिल्ला कृषि पशु सेवा कार्यालय, प्यूठान २०७१*

गाउँपालिकामा जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरु समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पुऱ्याई रहेका छन् । ति कार्यालयहरुको नामावली तथा कार्यक्षेत्र निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४१:** गाउँमा पशु सेवा अन्तर्गतका अन्य सरकारी कार्यालयहरु

| क्र.सं. | कार्यालय विवरण | सेवा सम्बन्धित विवरण | |
|---|---|---|---|
| | नाम | भौगोलिक क्षेत्र | सेवाको प्रकृति |
| १. | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला | सु.प. को ९ वटै जिल्ला | पशु रोग निदान तथा रोग अन्वेषण |
| २. | क्षेत्रीय पशु सेवा तालिम केन्द्र | सु.प. को ९ वटै जिल्ला | क्षमता तथा जनशक्ति विकास |
| ३. | पशु क्वारेन्टाईन चेक पोष्ट | झिमरुक | पशुपंक्षीको अन्तराष्ट्रिय ओसार पसारको नियमन |

*स्रोत: जिल्ला पशु सेवा कार्यालय, प्यूठान २०७१*

### ५.६.१ पशु नश्ल



गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, भेंडा बाखा आदि रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई, भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखातर्फ उन्नत जातका बोकाहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु तथा सबै न्यून उत्पादक जनावरहरुलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्न सम्भव व्यवहारिक नहुने समस्याको रुपमा रहेको छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरुमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणत्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशुपालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउँपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। गाउँपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत, पिपिआर, स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई पशुको अवैध आवत जावत, व्यवस्थापकिय समस्याखोप लगाउनुपर्छ भन्ने चेतनाको कमी आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयलेक निरन्तर प्रयास गरेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेको छन्। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाईंदैन । तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ । पशुमा लाग्ने रोगहरुको विस्तृत रोगहरुको विवरण तल तालिकामा देखाईएको छ ।

**तालिका नं. ४२:** पशुपन्छीमा लाग्ने रोगको विवरण

| S.N | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| 1 | Liver Fluke | Cattle | Buffalo | Goats | | |
| 2 | HS@BQ | Cattle | Buffalo | Goats | | |
| 3 | Pramphistomom | Cattle | Buffalo | Goats | | |
| 4 | Nerves Sign | Cattle | Buffalo | Goats | | |
| 5 | Respiratory Sign | Cattle | Buffalo | Goats | | |
| 6 | Cocciodiosis | | | | Fowl | |
| 7 | Skin Lesions | | | | Fowl | |
| 8 | Wound/Abscess | Cattle | Buffalo | Goats | | |
| 9 | Red Urine | Cattle | Buffalo | Goats | | |
| 10 | Abortion | Cattle | Buffalo | Goats | | |
| 11 | Warble Infestation | Cattle | Buffalo | Goats | | |
| 12 | Diarrhoea | Cattle | Buffalo | Goats | | |
| 13 | Infertility | Cattle | Buffalo | Goats | | |
| 14 | Mastitis | Cattle | Buffalo | Goats | | |
| 15 | Distocia | Cattle | Buffalo | Goats | | |
| 16 | Prolapse | Cattle | Buffalo | Goats | | |
| 17 | Retained Placenta | Cattle | Buffalo | Goats | | |
| 18 | Mange | Cattle | Buffalo | Goats | | |
| 19 | Rabis | Cattle | Buffalo | Goats | | Dog |
| 20 | Tick/Lice(External Parasite) | Cattle | Buffalo | Goats | Fowl | |
| 21 | Intestinal Helmenthis | | | | Fowl | |
| 22 | Orf | | | Goats | | |
| 23 | Parasitic Gastroenteritis | Cattle | Buffalo | Goats | | Pig |
| 24 | Anoestrous | Cattle | Buffalo | Goats | | |
| 25 | Indigestion/Anorexia | Cattle | Buffalo | Goats | | |
| 26 | Tympany/Bloats | Cattle | Buffalo | Goats | | |
| 27 | Magout wound | Cattle | Buffalo | Goats | | |
| 28 | Cough | Cattle | Buffalo | Goats | | |
| 29 | Pnoumonia | Cattle | Buffalo | Goats | | |
| 30 | Gumbarrow | | | | Fowl | |
| 31 | Cyst | Cattle | Buffalo | Goats | | |
| 32 | FMD | | | Goats | | |
| 33 | PPR | | | Goats | | |
| 34 | Ranikhet | | | | Fowl | |
| 35 | CRD | | | | Fowl | |

*स्रोत : जिल्ला पशु सेवा कार्यालय, २०७३*

### ५.६.३ गाई/भैंसी/बाखा फार्महरुको विवरण

यस गाउँपालिकामा गाई भैंसी पालनका लागि धेरै लगानीका फार्महरु छैनन् । गाउँपालिकामा बाखा पालनमा आकर्षण रहेको देखिन्छ । त्यसै गरी फार्महरुको यान्त्रिकरण तर्फ पनि प्रगति अति नै न्यून रहेको पाईन्छ । कृषकहरुले आफ्नो दैनिक जीवनको लागि केही गाई, भैंसी, बाखा पालन गरे तापनि यसले व्यवसायिकता भने पाउन सकेको छैन । त्यस कारण, समग्रमा भन्नु पर्दा गाउँपालिकामा दुग्ध तर्फ परिमाणात्मक विकास हालसम्म अभाव रहेको छ ।

### ५.६.४ गाउँपालिकामा दुग्ध बजारीकरण

झिमरुक गाउँपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा विकास भएको छैन। केहि कृषकले आफ्नो आफ्नो आवश्यकता परिपपुर्ति लागि गाई भैंसी पालन गरेता पनि दुग्ध बजारिकरण भने फस्टाएको देखिँदैन उत्पादित दुध स्थानीय बजारमा अवस्थित केही डेरी र मिठाई पसलले प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। गाउँपालिकाको केही वडाका वरिपरी निजी स्तरका लघु दुग्ध उद्योगहरुको स्थापना भएतापनि गाउँपालिकाका ग्रामीण दुध सबल बजार सञ्जाल पाउन सफल भएको छैन । गाउँपालिकामा गाई तथा भैंसी पालनमा कमी भएकाले दुग्ध व्यवसाय कमजोर देखिन्छ । गाउँपालिका विकासको लागि पशुपालान व्यवासायमा संभावना रहेता पनि यसलाई सफल बनाउन सकेको देखिँदैन तसर्थ गाउँपालिकामा रहेको संभाव्यतालाई वास्तविकतामा बदल्न कदम चाल्नु पर्ने देखिन्छ ।

### ५.६.५ मासु बजारीकरण

झिमरुक गाउँपालिकामा मासु उत्पादनमा आत्म निर्भर छैन । उत्पादनले आश्यकता अनुसारको मासु आपुर्ति गर्न सक्दैन यसको लागि मासु उत्पादन तर्फ व्यवसायिकताको खाँचो रहेको छ । गाउँपालिकाको हकमा यसका मुख्य दुईटा कारणहरु आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालन प्रयोजन रहेका छन् । उदाहरणको लागि यस गाउँपालिकामा बाखा अर्थोपार्जनका मुख्य स्रोत भएपनि कृषि सडक, बिजुली, खानेपानी तथा बजार र सम्बन्धित अन्य सुविधाहरुको अभावले गर्दा बाखा पालनबाट मासुको व्यवसायीकरण तर्फ अपेक्षित योगदान सम्भव हुन सकि रहेको छैन। मासुको बढ्दो माग, उपभोक्ताको बढ्दो क्रयशक्ति, फस्टाउँदो पर्यटन व्यवसाय, गाउँपालिकामा संचालित परियोजनाहरु र मासु व्यवसायमा सुधार आउने अवस्था भने पक्का छ यसको आधार नै व्यवसायिकता हो; कृषकले वैज्ञानिक पद्धतिका खोर बनाउनेदेखिन यसको प्रजनन, अहारा, स्वास्थ्य तथा बजार व्यवस्थापनतर्फ कृषकहरु सजग हुनुपर्ने देखिन्छ।

### ५.६.६ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु

विकासका बाहकहरु सरकारी निकाय, निजी क्षेत्र तथा नागरिक समाज रहेको तथ्य पशुपंक्षी पालनको समग्र विकासमा पनि चरितार्थ हुन्छ। जिल्ला पशु कार्यालय, प्यूठानले जिल्लामा कार्यरत केहि सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरुसँग आपसी समन्वय, सहकार्य तथा सहयात्रीको भूमिका निर्वाह गर्दै आएको छ । यस कार्यालयसँग हातेमालो गरेर पशुपंक्षी पालन व्यवसायलाई सवलीकरण गर्ने विभिन्न संस्थाहरु यस झिमरुक गाउँपलिकामा कार्यरत छन् ।

## ५.७ पर्यटन

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको कारण नेपालको आकर्षक पर्यटन गन्तव्यहरुमध्ये झिमरुक गाउँपालिका पनि एक महत्वपूर्ण स्थान हो। झिमरुक गाउँपालिकामा आन्तरिक पर्यटकहरुको आकर्षक बढी रहेको पाइन्छ। धार्मिकरुपमा प्रसिद्ध तुषाराकोट, ईश्नाथानकोट प्राकृतिक रुपमा झुल्के गुफा, ऐतिहासिक ओखरकोट, बाँदीकोट आदि गाउँपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । गाउँपालिकामा अवलोकन गर्न आउने पर्यटकहरुको लागि हामेस्टे पनि सेवा उपलब्ध छ । यस गाउँपालिकालाई व्यवस्थित गराई स्वदेशी तथ विदेशी पर्यटक भित्र्याई गाउँपालिकाको आम्दानी गर्न सकिने प्रशस्त सम्भावना रहेका छन् ।

## ५.८ थोक तथा खुद्रा व्यापार

विभिन्न छिमेकी गाउँपालिका/नगरपालिकामा कृषि उपजहरु यस गाउँपालिकाबाट निर्यात हुने गरेको छ। खुद्रा व्यापार अन्तर्गत चामल, पिठो, तेल, तरकारी, फलफुल, गेडागुडी तथा मसला आदिको व्यापार हुने गरेको छ भने अन्य व्यापारमा बिस्कुट, साबुन, चिनी, चाउचाउ आदि हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै विदेशी वस्तुको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा बिक्री वितरण यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ।

### ५.८.१ व्यपारिक क्षेत्रको विवरण

**तालिका नं. ४३:** व्यापारिक क्षेत्रको विवरण

| ब्यापारीक क्षेत्र (बजार) | | | |
|---|---|---|---|
| क्र.सं. | साविक गाविस को नाम | मुख्य बजार | केन्द्रबाट दुरी (कि.मी.) |
| १ | ओखरकोट | मच्छी | |
| २ | बदिकोट | मच्छी | ९ |
| ३ | वांगेमरोठ | मच्छी | १२ |
| ४ | तोरवाङ | मच्छी ।बाग्दुला | ६ |
| ५ | तुषारा (३–९) | मच्छी | ७ |
| ६ | लिवाङ ७,८,९ र तुषारा १,२ | मच्छी, ठुलावेंशी | १० |

*श्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७४*

### ५.८.२ निकासी पैठारी स्थिति

गाउँपालिकाबाट बाहिर निकासी हुने बस्तुहरूमा खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, जस्ता दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने वस्तुहरूमा घरायसी सामानहरू, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, कपडा, मसलाहरू, फलफुल तथा तरकारी रहेका छन्।

### ५.८.३ ढुवानी तथा भण्डार व्यवस्था

गाउँपालिकाभित्र उत्पादित मालसामानहरू गाउँपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुर्‍याउन ढुवानी साधानको रुपमा, ट्रक, ट्याक्टर, बस, जिप आदि रहेको छन्। गाउँपालिकाको क्षेत्रमा सडकको स्तर राम्रो नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन जटिल रहेको छ। गाउँपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण र सडक संजालहरूको स्तर उन्नती गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा राख्ने गर्दछन। गाउँपालिकाका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.८.४ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय तहमा उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूको अन्य गाउँपालिका तथा भारतीय बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ। उद्यमशीलता, सिप विकास, बजारीकरण, कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट गाउँपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस गाउँपालिका लागि परेको छ । गाउँपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र गाउँपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ।

### ५.८.५ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा अन्नबाली, पशुबाली, तरकारी फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य गाउँपालिकाहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

#### क) कृषि जन्य पदार्थ

गाउँपालिकामा कृषि जन्य पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कृषि जन्य पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य गाउँपालिका तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ ।

#### ख) बनजन्य

वन जंगलमा आधरित उद्योगमा श्रीखण्ड, रुद्राक्ष, साल, हो। साल, अल्लो, चिराँईतो सरकारले संकलन तथा विक्रि वितरण गर्ने मुख्य गाउँपालिकाका साथै अन्य छिमेकी जिल्लाहरुबाट आयात गर्ने गरेको पाइन्छ । गाउँपालिकामा उत्पादीत बाँसको प्रयोग उद्योगको रुपमा भएको पाईदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्यधिकरुपमा प्रयोग गरेको पाइन्छ।

## ५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

- ✓ समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, बीउ बिजन मल तथा कर्जा उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।
- ✓ गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले कृषकहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, मासुजन्य उद्योग आदि विकास गर्न सकिन्छ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।
- ✓ गाउँपालिकामा ओगटेका वन क्षेत्रहरु सालको वन, खयर, सियौ, पाइन, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ। यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ। कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त जमिन र प्यूठान जिल्लाको आकर्षणको केन्द्र यही झिमरुक रहेको हुँदा गाउँपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (:भमषअबl तयगचष्क०) समेतको विकासको सम्भावना रहेको छ।
- ✓ गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जस्तै अमला, चुत्रो, सुगन्ध, कोकिला, झ्याउ, सजिवन, सुगन्धवाल, खोटो, लहरेगुर्जो, राजवृक्ष, बर्रो, कुरिलो, दालचिनी, पावन, तेजपात, तितेपाती, गुराँस, बोझो, पाखनवेद,

टिमुर, रिट्ठा जस्ता जडिबुटी जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

- ✓ गाउँपालिकाको नजिकमा रहेका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । गाउँपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।
- ✓ बढ्दो बेरोजगारी गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नहुनुजस्ता कारणले वैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

## ५.१० गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो गाउँपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.११ बैंकको विवरण

गाउँपालिकामा उद्योग, व्यापारमा लगानी गर्न विकास तथा वाणिज्य बैंकहरु जस्ता वित्तीय संस्थाहरुमा मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक गाउँपालिकामा संचालित अन्य बैंकहरुले पनि कर्जा उपलब्ध गराउँदै आएका छन् भने गाउँपालिकाबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा बचत पनि गर्दै आएका छन् ।

**तालिका नं. ४४:** गाउँपालिकामा भएका बैंक तथा वित्तिय संस्थाहरुको विवरण

| क्र.सं. | साविक गाविस को नाम | सहकारी संस्था | फाईनान्स | विकास बैंक | बैंक | कैफियत (निजी वा सरकारी के हो उल्लेख गर्ने) |
|---|---|---|---|---|---|---|
| १ | ओखरकोट | ७ | | १ | | निजि १ |
| २ | बदिकोट | ५ | | | | |
| ३ | वांगेमरोठ | २ | | | | |
| ४ | तोरवाङ | ५ | | | | |
| ५ | तुषारा | २ | | | | |
| ६ | लिवाङ | ३ | | | | |

*स्रोतः स्थानिय तह पुर्नसरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

## ५.१२ सहकारी संस्थाको विवरण

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । यस गाउँपालिकामा रहेका विभिन्न सहकारी संस्थाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४५:** सहकारी संस्थाको नामावली

| क्र. सं. | सहकारी संघ/संस्थाको नाम | वडा नं | अवस्था | सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| **बचत तथा ऋण सहकारी संस्था** | | | | | | |
| १ | जनकल्याण बचत तथा ऋण स.सं.लि. | ४ | सकृय | ६९ | २३८ | ३०७ |
| २ | बिरायू बचत तथा ऋण स.सं.लि. | ६ | सकृय | १७८ | ११६ | २९४ |
| ३ | आत्मा निर्भर बचत तथा ऋण स.सं.लि. | ५ | सकृय | ११६ | ० | ११६ |
| ४ | इन्द्रेणी बचत तथा ऋण स.सं.लि. | ७ | सकृय | १०० | ४७ | १४७ |
| ५ | हरियाली बचत तथा ऋण स.सं.लि. | १ | निष्कृय | ३ | २४ | २७ |
| ६ | जनसुविधा बचत तथा ऋण स.सं.लि. | ६ | निष्कृय | ६ | १९ | २५ |
| ७ | त्रिवेणी बचत तथा ऋण स.सं.लि. | ३ | सकृय | २७ | ४८ | ७५ |
| ८ | इस्नादेवि महिला बचत तथा ऋण स.सं.लि. | ८ | सकृय | १२९ | ० | १२९ |
| ९ | भुमेथान महिला बचत तथा ऋण स.सं.लि. | ६ | सकृय | २८७ | ० | २८७ |
| १० | दुर्गामाता महिला बचत तथा ऋण स.सं.लि. | ७ | सकृय | १५० | ० | १५० |
| ११ | नवमिलन बचत तथा ऋण स.सं.लि. | ७ | सकृय | ५८ | ४४ | १०२ |
| १२ | मिलन बचत तथा ऋण स.सं.लि. | २ | सकृय | १९३ | १९० | २७७ |
| १३ | नविन बचत तथा ऋण स.सं.लि. | २ | सकृय | ७० | ८६ | १५६ |
| **कृषि सहकारी संघ/संस्था** | | | | | | |
| १ | मिलिजुली कृषि बहुउद्देश्यीय स.सं.लि. | ५ | सकृय | ५६ | ६० | ११६ |
| २ | झिमरुक कृषि सहकारी संस्था लि. | ५ | सकृय | ११ | ३४ | ४५ |
| ३ | भुल्के महादेव कृषि सहकारी संस्था लि. | ४ | सकृय | २७ | ४० | ६७ |
| ४ | आहालखोला कृषि सहकारी संस्था लि. | २ | सकृय | ४२ | ४८ | ९० |
| ५ | मच्छी कृषि सहकारी संस्था लि. | ५ | सकृय | २३ | ६७ | ९० |
| ६ | मधुकुण्ड कृषि सहकारी संस्था लि. | ३ | सकृय | १० | २४ | ३४ |
| ७ | शिवम् कृषि सहकारी संस्था लि. | ६ | सकृय | १३ | १२ | २५ |
| ८ | प्रगतीशिल कृषि सहकारी संस्था लि. | ६ | सकृय | १३ | १७ | ३० |
| **उपभोक्ता सहकारी संस्था** | | | | | | |
| १ | तोरवाङ उपभोक्ता सहकारी संस्था लि. | ६ | निष्कृय | ५५ | ६६ | १२१ |
| २ | चौतारा उपभोक्ता सहकारी संस्था लि. | ३ | सकृय | ८४ | १०० | १८४ |
| ३ | झिमरुक उपभोक्ता सहकारी संस्था लि. | ५ | निष्कृय | ० | ९२ | ९२ |


*स्रोत : राप्ती अञ्चलको सहकारी गतिविधि, २०७३*

गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, उपभोक्ता आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्था १३, कृषि ८ र उपभोक्ता ३गरी जम्मा २४ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ । यसलाई चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ४६:** सहकारी विवरण

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण | १३ |
| २ | बहुउद्देश्यीय | ० |
| ३ | उपभोक्ता | ८ |
| ४ | कृषि | ३ |
| | **जम्मा** | **२४** |

*स्रोत : राप्ती अञ्चलको सहकारी गतिविधि, २०७३*




## ५.१३ संघ संस्था तथा विभिन्न समूहहरु

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन् । यहाँ रहेका सरकारी संस्थाहरु क्रमश गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसैगरी सामुयायिक संस्थाहरुमा महिला समूह, आमा समूह, नागरिक सचेतना केन्द्र आदि संचालनमा रहेका छन् । यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनितिक दलहरु रहेका छन् । यस गाउँपालिकामा यस्ता किसिमका करिब ४५ ओटा संघ संस्थाहरु रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४७: गैर-सरकारी संस्थाहरुको विवरण


| क्र.सं. | संस्थाको नाम | द.नं. | अध्यक्षको नामावली | वडा नं |
|---|---|---|---|---|
| १ | निरंकारी मण्डल शाखा, तोरवाङ्ग | ११ | श्री नर बहादुर खत्री क्षेत्री | १ |
| २ | पुर्नजागरण समाज नेपाल ओखरकोट | ३१ | श्री हरि विक्रम जि.सी. | ४ |
| ३ | समाज उत्थान क्लव | ४५ | श्री नेत्रलाल गिरी | ७ |
| ४ | दलित विकास सेवा संघ नेपाल | ४८ | श्री नारायण बहादुर विश्वकर्मा | ४ |
| ५ | बाँदीकोट हुङ्ग खोला नदि नियन्त्रण संस्था | ५० | श्री वावुराम महतरा क्षेत्री | २ |
| ६ | वडाडाँडा मच्छी झिमरुक मोटरवाटो उपभोक्ता समिति | ५६ | श्री ओमहरी उपाध्याय पोखेल | ६ |
| ७ | रिजाल बन्धु ट्रस मरन्ठाना | ६२ | श्री वलराम के.सी. | ६ |
| ८ | डा. कृष्ण बहादुर थापा स्मृति पत्रकारिता पुरुस्कार कोष | ८३ | श्री सुर्य बहादुर वि.क. | ५ |
| ९ | मध्यपश्चिम दिगोविकास मञ्च ओखरकोट १ मच्छी | १०२ | श्री शेर बहादुर खड्का | ३ |
| १० | झिमरुक जलउत्थान सामुदायिक विकास केन्द्र, ओखरकोट | १०३ | श्री नरेश बहादुर जि.सी. | ५ |
| ११ | झिमरुक सामुदायिक सेवा केन्द्र, ओखरकोट | १११ | श्री गणेश बहादुर खड्का | ३ |
| १२ | जनजागरण ग्रामिण विकास संस्था | ११३ | श्री धनेन्द्र विक्रम जि.सी. | ४ |
| १३ | संस्थाको झिमरुक सामुदायिक ग्रामिण विकास केन्द्र | ११४ | श्री प्रकाश जि.सी. | ४ |
| १४ | शिद्धबाबा विकास केन्द्र | १२६ | श्री वलराम के.सी. | ६ |
| १५ | ग्रामिण सामुदायिक विकास केन्द्र, ओखरकोट | १३१ | श्री भुप बहादुर जि.सी. | ३ |
| १६ | दुर्गम ज्योति युवा क्लव वांदीकोट ५ | १४१ | श्री अर्जुन थापा क्षेत्री | ३ |
| १७ | जनएकता सामुदायिक ग्रामिण विकास संस्था वांगेमरोठ | १४७ | श्री धरम बहादुर जि.सी. | ४ |
| १८ | प्रगतिशिल युवा क्लव वांगेमरोठ ९ | १४९ | श्री जगत बहादुर जि.सी. | १ |
| १९ | मित्रमणि मार्ग हरिता सडक मर्मत सम्भार व्यवस्थापन समिति | १६० | श्री रण बहादुर खड्का | ३ |
| २० | जनप्रिय ग्रामिण विकास केन्द्र, वांदीकोट ९ | १६१ | श्री खुमान सिंह के.सी. | १ |

| | | | | |
|---|---|---|---|---|
| २१ | मानव विकास समाज नेपाल, तोरवाङ्ग ७ | १७३ | श्री प्रदिप गिरी | ६ |
| २२ | दिगो ग्रामिण विकास केन्द्र,ओखरकोट | १८८ | श्री ज्ञान बहादुर रोका | ७ |
| २३ | सन्जीवनी युवा समुह | १९५ | श्री भगवता के.सी. | ७ |
| २४ | लोकतान्त्रिक | १९७ | श्री खिमान सिंह रामयमाझी | ५ |
| २५ | देउराली जनचेतना युवा क्लव | २०० | श्री शेर बहादुर खड्का | २ |
| २६ | श्री जनकल्याण ग्रामिण विकास केन्द्र | २०२ | श्री लाल बहादुर एम.सी. | ३ |
| २७ | देउराली सामुदायिक विकास केन्द्र | २१७ | श्री नायारण पोखल | ३ |
| २८ | वशिष्ठ गोत्रीय घर्ति क्षेत्री कुल पुजा | २२३ | श्री नरेश बहादुर घर्ति क्षेत्री | ५ |
| २९ | स्वर्गद्धारी यातायात व्यवसायी कर्मचारी संघ | २२५ | श्री मुकन्द रोका | १ |
| ३० | रोयल युथ क्लव | २३४ | श्री विरेन्द्र गिरी | ६ |
| ३१ | झिमरुक माण्डवी सामुदायिक संचार केन्द्र | २३५ | श्री प्रमोद पोखेल | ३ |
| ३२ | प्यूठान युनेस्को केन्द्र | २३९ | श्री ज्ञान बहादुर रोका | ७ |
| ३३ | जनसेवा सामुदायिक विकास केन्द्र | २४१ | श्री कमल राज पोखेल | ६ |
| ३४ | साहसी महिला विकास कञ्च | २४७ | श्री विजुला एम.सी. | १ |
| ३५ | शैक्षिक विकास संस्था अनुसन्धान केन्द्र | २५३ | श्री प्रमोद पोखेल | ३ |
| ३६ | महिला समुदायिक जन विकास केन्द्र नेपाल | २७७ | श्री विनो विक्रम जि.सी. | ७ |
| ३७ | पुष्पाञ्जली युवा क्लव | २७८ | श्री झविन्द्र एम.सी. | २ |
| ३८ | जनचेतना सामुदायिक ग्रामिण विकास केन्द्र | २८१ | श्री कृष्ण प्रसाद पाखेल | ५ |
| ३९ | झिमरुक सामाजिक संस्था | २८२ | श्री वसन्त केसी | ७ |
| ४० | हाम्रो स्वर्गद्धारी विकास केन्द्र, नेपाल | २८३ | श्री अर्जुन बहादुर जि.सी. | ७ |
| ४१ | दिहाल्ना खेकुद पर्यटन विकास कार्यक्रम | २९२ | श्री गोविन्द गिरी | ८ |
| ४२ | उज्यालो युवा क्लव वादीकोट प्यूठान | २९७ | श्री विमल प्रसाद पोखेल | २ |
| ४३ | शिद्ध मन्दीर संरक्षण समाज | ३०८ | श्री पदम गिरी | ६ |
| ४४ | सौतामारे कम्यूनिटि लज | ३०९ | श्री ध्रुव राज खनाल | १ |
| ४५ | इर्नजेटिक युथ क्लव | ३११ | श्री हरी पोखेल | ५ |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात




**नक्सा नं १५:** झिमरुक गाउँपालिकाको सडक सञ्जाल

### ६.१.१. विद्यमान सडक सञ्जाल

झिमरुक गाउँपालिकाको बाटो-घाटोको स्थिति हेर्दा कालोपत्रे बाटो नभएको देखिन्छ । गाउँपालिकामा साविकका सबै गा.वि.स.हरुमा कच्ची सडक रहेको छ भने साविकका ओखरकोट, वांगेमरोठ र तोरवाङ गा.वि.स. मा केहि सडक ग्राभेल भएको पाइन्छ। गाउँपालिकामा भएका केहि सडकमा मात्र नियमित रुपमा यातायात चल्ने गरेको पाइन्छ र केहि सडक नियमित रुपमा यातायात नचल्ने अवस्थामा रहेको छन् । यस गाउँपालिकामा रहेका सडकहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४८:** सडक विवरण

| क्रं.सं | साविकको गाविस | ग्रभेल सडक | कच्चि सडकको |
|---|---|---|---|
| १ | ओखरकोट | ४ | १४ |
| २ | बादिकोट | | २७ |
| ३ | वांगेमरोठ | १० | ३० |
| ४ | तोरवाङ | ७ | १८ |
| ५ | तुषारा | | १२ |
| ६ | लिवाङ | | १७ |

*स्रोत : सडक विभाग, प्यूठान २०७१*

### ६.१.२. यातायात सेवा

यस झिमरुक गाउँपालिकाका सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन । गाउँपालिकामा उत्पादित विभिन्न कृषि उपजहरू जस्तै खाद्यान्न, तरकारी, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा गाउँपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन कठिनाई भएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको विस्तार नभएकोले आन्तरिक यातायातको भरपर्दो सुविधा नभएको हँदा गाउँपालिका बासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन सकिएको छैन। गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। गाउँपालिकामा ट्याक्टर, जिप, कार, बस, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तर उन्नति गर्नुपर्ने देखिन्छ ।

सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।

त्यसैगरी विभिन्न प्रयोजनको लागि गाउँपालिकावासीलाई गाउँ कार्यपालिकामा हुन्छ। तालिकामा विभिन्न वडाहरुबाट गाउँ कार्यपालिकाको कार्यासम्मको दुरी उल्लेख गरिएको छ।

**तालिका नं. ४९:** गाउँपालिका केन्द्रसम्म पुग्ने लाग्ने अनुमाति समय

| वडा नं. | Roadhead बाट गाउँपालिका केन्द्र पुग्न लाग्ने समय | सेवा प्राप्त गरी फर्कन लाग्ने समय |
|---|---|---|
| १ | आदी घन्टा | १ घन्टा |
| २ | एक घन्टा | २ घन्टा |
| ३ | एक घन्टा | २ घन्टा |
| ४ | एक घन्टा | २ घन्टा |
| ५ | एक घन्टा | २ घन्टा |
| ६ | एक घन्टा | २ घन्टा |

*श्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ६.२ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरु सिमित थिए । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिक मात्रमा बढ्दै गएको छ । झिमरुक गाउँपालिकामा एफ.एम स्टेसनहरु र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु जिल्ला तथा केन्द्रबाट नै सिधा प्रशारण हुन्छन् । गाउँपालिकामा दुरसंचार सेवाको लागि नेपाल टेलिकम र एनसेल दुवैको सेवा उपलब्ध छ। गाउँपालिकामा NCell, NTC आदि कम्पनीहरुले इन्टरनेट सेवा पुर्‍याउँदै आइरहेका छन् भने केहि केवल नेटवर्कद्वारा गाउँपालिकाबासीले मनोरन्जनात्मक कार्यक्रमहरु प्रसारण गरेको पाइन्छ।

### ६.२.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकाका वडाहरुमा दुरसंचार सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुर्‍याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुर्‍याउनु पर्ने देखिन्छ।

### ६.२.२ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुर्‍याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन्। इलाका हुलाक १ र अतिरिक्त हुलाक ४ गरी जम्मा ५ ओटा हुलाक कार्यालयहरुबाट गाउँपालिकाभित्र र बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने झिमरुक देखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ । यसलाई तलको तालिका बाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ५०:** हुलाक सेवाको विवरण

| क्र.सं. | ठेगाना | हुलाकको किसिम | | टेलिसेन्टर छ/छैन | धनादेश छ/छैन | रजिष्ट्रि/पुलिन्दा सेवा |
|---|---|---|---|---|---|---|
| | | ईलाका | अतिरिक्त | | | |
| १ | तोरवाङ | - | १ | छैन | छैन | रजिष्ट्रि मात्र |
| २ | तुषारा | - | १ | छैन | छैन | रजिष्ट्रि मात्र |
| ३ | ओखरकोट | १ | - | छ | छ | रजिष्ट्रि/पुलिन्दा |
| ४ | बांगेमरोठ | - | १ | छैन | छैन | रजिष्ट्रि मात्र |
| ५ | बादिकोट | - | १ | छैन | छैन | रजिष्ट्रि मात्र |

*स्रोत : जिल्ला हुलाक कार्यालय, प्यूठान २०७३*

## ६.३ विद्युत


### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस झिमरुक गाउँपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। यस गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ३,४४४ (५८.६८ प्रतिशत) रहेको छ। त्यस्तै १,७८१ (३०.३५ प्रतिशत) घरधुरीले मट्टितेल, ४३१ (७.३४ प्रतिशत) ले सोलार र ११ (०.१९ प्रतिशत) घरधुरीले मात्रामा गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ । यस गाउँपालिकामा बत्ती बाल्नको लागी अन्य स्रोतहरुको प्रयोग गर्ने घरधुरी संख्या बढि रहेको देखिन्छ। त्यस्तै वडागतरुपमा सबैभन्दा बढी विद्युतको प्रयोग गर्ने वडा नं. ७ रहेको देखिन्छ जसमा ७०२ घरधुरीले विद्युतको प्रयोग गरेको देखिन्छ । समग्रमा यस गाउँपालिकामा विद्युतको पहुँचबाट केही घरधुरीहरु टाढा रहका छन् । यस क्षेत्रमा विद्युतको पहुँचको लागी नेपाल सरकारले र यस क्षेत्रको राजनीतिक निकायहरुले पहल गर्नु पर्ने देखिन्छ ।जसको विस्तृत विवरण तलको तालिका र चित्रबाट स्पष्ट पार्न सकिन्छ।

**तालिका नं. ५१:** बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मटीतेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १४३ | ३२३ | २ | ३४५ | १३९ | २ | ९५४ |
| २ | २८४ | २८० | ४ | ३९ | ० | ४ | ६११ |
| ३ | ५३७ | १२० | १ | ० | ५ | ० | ६६३ |
| ४ | ५५९ | ८१ | ३ | १५ | २९ | ० | ६८७ |
| ५ | ४८७ | १०५ | १ | १० | १४ | ० | ६१७ |
| ६ | ६६३ | २७० | ० | ३ | १ | ० | ९३७ |
| ७ | ७०२ | ३०२ | ० | २ | ० | १ | १,००७ |
| ८ | ६९ | ३०० | ० | १७ | ६ | ० | ३९२ |
| जम्मा | ३,४४४ | १,७८१ | ११ | ४३१ | १९४ | ७ | ५,८६८ |
| प्रतिशत | ५८.६९ | ३०.३५ | ०.१९ | ७.३४ | ३.३१ | ०.१२ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*





## ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

**तालिका नं. ५२:** खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/ दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ ठोरहा | गोबरग्यास | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ९४५ | २ | १ | ४ | ० | २ | ९५४ |
| २ | ५९५ | १० | १ | १ | ० | ४ | ६११ |
| ३ | ६५५ | ० | ६ | ० | २ | ० | ६६३ |
| ४ | ६८६ | ० | १ | ० | ० | ० | ६८७ |
| ५ | ५६० | २ | ५५ | ० | ० | ० | ६१७ |
| ६ | ९२९ | ३ | ४ | ० | १ | ० | ९३७ |
| ७ | १००६ | ० | ० | ० | ० | १ | १,००७ |
| ८ | ३९२ | ० | ० | ० | ० | ० | ३९२ |
| जम्मा | ५,७६८ | १७ | ६८ | ५ | ३ | ७ | ५,८६८ |
| प्रतिशत | ९८.३० | ०.२९ | १.१६ | ०.०९ | ०.०५ | ०.१२ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

वि.सं. २०६८ को जनगणनाअनुसार झिमरुक गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ५,७६८ (९८.३० प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा एल.पी. ग्याँस प्रयोग गर्ने ६८ (१.१६ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने १७ (०.२९ प्रतिशत), कुइठा/ठोरहा प्रयोग गर्ने घरधुरी संख्या ५ (०.०९ प्रतिशत), गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ३ (०.०५ प्रतिशत), रहेका छन् भने अन्य उल्लेख नगरिएका साधनको प्रयोग गर्ने घरधुरी ७ (०.१२ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा हेर्दा पनि सबैभन्दा बढी काठ तथा दाउराको प्रयोग गर्ने समग्र सबै वडाका घरधुरी संख्या बढी रहेको देखिन्छ । जसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। यसै सिलसिलामा यस झिमरुक गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहि आएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको सर्वोपरि भुमीका अनिवार्य रहन्छ। योजना निर्माण, गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस गाउँपालिकामा आ.व. २०७२/०७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार गाउँपालिकामा आधारभूत विद्यालयमा सामुदायिक ३८ वटा र निजी ५ वटा छन् भने माध्यमिक विद्यालयमा सामुदायीक ७ वटा र निजी २ वटा रहेका छन् भने सामुदायिक उच्चमाध्यमिक विद्यालय २ वटा छन् । गाउँपालिकामा रहेका विद्यालयहरुको विवरण तल तालिकामा दिईएको छ ।

*(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ । त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ ।*

**तालिका नं. ५३:** गाउँपालिकामा रहेका विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | प्रकार | तह | संचालित कक्षा | वडा नं |
|---|---|---|---|---|---|
| १ | अमर प्रा.वि. | सामुदायिक | आधारभूत | १-५ | १ |
| २ | बल भद्र उच्च मा.वि. | सामुदायिक | माध्यमिक | १-१२ | २ |
| ३ | बाल ज्योती प्रा.वि. | सामुदायिक | आधारभूत | १-३ | २ |
| ४ | बाल सुन्दर प्रा.वि. | सामुदायिक | आधारभूत | १-३ | १ |
| ५ | विश्व ज्योती प्रा.वि. | सामुदायिक | आधारभूत | १-५ | २ |
| ६ | दिपेन्द्र प्रा.वि. | सामुदायिक | आधारभूत | १-५ | १ |
| ७ | कमेरपानी नि.मा.वि. | सामुदायिक | आधारभूत | १-८ | २ |
| ८ | रिमोट इंग्लिस बोर्डिङ स्कुल | संस्थागत | आधारभूत | १-५ | २ |
| ९ | सुर्यदय मा.वि. | सामुदायिक | माध्यमिक | १-१० | २ |
| १० | बाल कल्याण प्रा.वि. | सामुदायिक | आधारभूत | १-५ | ६ |
| ११ | बाल सुन्दर प्रा.वि. | सामुदायिक | आधारभूत | १-५ | ६ |
| १२ | भुबनेश्वरी प्रा.वि. | सामुदायिक | आधारभूत | १-५ | ६ |
| १३ | चिरउच्च मा.वि. | सामुदायिक | माध्यमिक | १-१० | ६ |

| क्र.सं. | विद्यालयको नाम | प्रकार | तह | संचालित कक्षा | वडा नं |
|---|---|---|---|---|---|
| १४ | मर्कवाङ नि.मा.वि. | सामुदायिक | आधारभूत | १-८ | ६ |
| १५ | प्यूठान नमुना एकेडेमी | संस्थागत | आधारभूत | १-६ | ६ |
| १६ | सिद्ध प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ६ |
| १७ | शिद्देश्वरी प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ६ |
| १८ | बाल कल्याण प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ७ |
| १९ | एकता भगवती प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ७ |
| २० | एकता इग्लिस बोर्डिङ स्कुल | संस्थागत | आधारभुत | १-५ | ७ |
| २१ | ज्ञान ज्योती नि.मा.वि. | सामुदायिक | आधारभुत | १-८ | ७ |
| २२ | जन ज्योती प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | २ |
| २३ | सत्य मा.वि. | सामुदायिक | माध्यमिक | १-१० | ७ |
| २४ | सिता नि.मा.वि. | सामुदायिक | आधारभुत | १-८ | ७ |
| २५ | टेन स्टार इंग्लिस बोर्डिङ स्कुल | संस्थागत | आधारभुत | १-५ | ७ |
| २६ | तुसारा ग्रेट फिउचर इंग्लिस बोर्डिङ स्कुल | संस्थागत | आधारभुत | १–५ | ७ |
| २७ | अमरसिंह मा.वि. | सामुदायिक | माध्यमिक | १-१० | १ |
| २८ | बाल कल्याण प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | १ |
| २९ | बाल शिक्षा प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | १ |
| ३० | भिमसेन नि.मा.वि | सामुदायिक | आधारभुत | १-८ | ४ |
| ३१ | चन्द्र विकास प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ४ |
| ३२ | दिपेन्द्र प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ४ |
| ३३ | जन विकास नि.मा.वि. | सामुदायिक | आधारभुत | १-८ | १ |
| ३४ | जन चाहना प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | १ |
| ३५ | जनसेवा प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | १ |
| ३६ | लक्ष्मी मा.वि. | सामुदायिक | माध्यमिक | १-१० | ४ |
| ३७ | बाल कल्याण प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | २ |
| ३८ | बालजिवन प्रा.वि. | सामुदायिक | आधारभुत | १-३ | २ |
| ३९ | बाल कल्याण प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ५ |
| ४० | बाल शिक्षा प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ८ |
| ४१ | जनचेतना प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ८ |
| ४२ | जनता मा.वि. | सामुदायिक | माध्यमिक | १-१० | ८ |
| ४३ | प्रगतीशिल प्रा.वि. | सामुदायिक | आधारभुत | १-३ | ८ |
| ४४ | सूर्य प्रा.वि. | सामुदायिक | आधारभुत | १-३ | ८ |
| ४५ | बाल ज्योती प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ३ |
| ४६ | बाल ज्योती प्रा.वि. | सामुदायिक | आधारभुत | १-५ | ५ |
| ४७ | बाल शिक्षा उच्च मा.वि. | सामुदायिक | माध्यमिक | १-१२ | ५ |
| ४८ | गाउँमुखी इंग्लिस बोर्डिङ स्कुल | संस्थागत | माध्यमिक | १-१० | ५ |

| क्र.सं. | विद्यालयको नाम | प्रकार | तह | संचालित कक्षा | वडा नं |
|---|---|---|---|---|---|
| ४९ | गाउँमुखी प्रा.वि. | सामुदायिक | आधारभूत | १-५ | ३ |
| ५० | हीरापोखरी नि.मा.वि. | सामुदायिक | आधारभूत | १-८ | ५ |
| ५१ | ओखरकोट नेश्नल इंग्लिस बोर्डिङ स्कुल | संस्थागत | माध्यमिक | १-१० | ५ |
| ५२ | चाउके प्रा.वि. | सामुदायिक | आधारभूत | १-५ | ४ |
| ५३ | प्रभात मा.वि. | सामुदायिक | माध्यमिक | १-१० | ३ |
| ५४ | शिद्देश्वरी प्रा.वि. | सामुदायिक | आधारभूत | १-५ | ४ |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७३*


### ७.१.१ शिक्षक विवरण

यस गाउँपालिकामा कार्यरत शिक्षकहरुको अवस्थालाई हेर्दा गाउँपालिका कुल २०१ जना शिक्षक रहेका छन् । जसमा स्थायी शिक्षकको संख्या ९५ (पुरुष ७५ र महिला २०) रहेको छ, अस्थायी शिक्षकको संख्या ३८ (पुरुष २२ र महिला १६) रहेको छ भने राहत शिक्षकको संख्या ६८( पुरुष ४० र महिला २८) रहेको छ। लैंगिक रुपमा हेर्ने हो भने यस गाउँपालिकामा महिलाको तुलनामा पुरुष शिक्षक संख्या ७३ जनाले बढि रहेको पाइन्छ । जहाँ पुरुष शिक्षक संख्या १३७ रहेको छ भने महिला शिक्षक संख्या ६४ मात्र रहेको पाइन्छ। यस गाउँपालिकामा रहेका शिक्षकहरुको विवरण तलको तालिकार चित्रमा देखाईएको छ।

**तालिका नं. ५४:** शिक्षक विवरण

| लिङ्ग | स्थायी | अस्थायी | राहत | जम्मा |
|---|---|---|---|---|
| पुरुष | ७५ | २२ | ४० | १३७ |
| महिला | २० | १६ | २८ | ६४ |
| जम्मा | ९५ | ३८ | ६८ | २०१ |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७३*



## ७.२ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा झिमरुक गाउँपालिका यस जिल्लाका अन्य स्थानको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७२.११ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र जस्तै धेरै विभेद रहेको पाईन्छ। जस्तैः यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८३.१६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६४.१० प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.०६ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। यस गाउँपालिकाको साक्षरताको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५५:** साक्षरता दर

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | १०४१ | १२५४ | ५ | १५ | १८४ | ५१४ | ० | ० | १,२३० | १,७८३ | **३,०१३** |
| २ | ७९३ | ८७३ | ६ | ९ | १६० | ५४२ | ० | ० | ९५९ | १,४२४ | **२,३८३** |
| ३ | ९२७ | ९९१ | ८ | १५ | २०६ | ६०२ | ० | ० | १,१४१ | १,६०८ | **२,७४९** |
| ४ | ९९८ | १००० | १० | १५ | १५८ | ५१७ | ० | १ | १,१६६ | १,५३३ | **२,६९९** |
| ५ | १०५५ | १००४ | १७ | १६ | ११३ | ४०४ | ० | ० | १,१८५ | १,४२४ | **२,६०९** |
| ६ | ११८९ | १३४८ | २९ | २६ | ३३० | ८३१ | ० | १ | १,५४८ | २,२०६ | **३,७५४** |
| ७ | १४०२ | १४८२ | २२ | ३१ | २७७ | ९१६ | ० | ० | १,७०१ | २,४२९ | **४,१३०** |
| ८ | ९१० | ८८२ | १६ | ३४ | १४३ | ४५९ | ० | ० | १,०६९ | १,३७५ | **२,४४४** |
| **जम्मा** | **८,३१५** | **८,८३४** | **११३** | **१६१** | **१,५७१** | **४,७८५** | **०** | **२** | **९,९९९** | **१३,७८२** | **२३,७८१** |
| **प्रतिशत** | **८३.१६** | **६४.१०** | **१.१३** | **१.१७** | **१५.७१** | **३४.७२** | **०** | **०.०१** | **१००** | **१००** | |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७३*

झिमरुक गाउँपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. ५ मा ७८.९२ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता दर ८९.०३ प्रतिशत र महिला साक्षरता दर ७०.५१ प्रतिशत रहेको छ । त्यस्तै गरी सबै भन्दा कम साक्षरता दर वडा नं. ६ मा रहको छ । जसमा कुल साक्षरता दर ६७.५८ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता दर ७६.८१ प्रतिशत र महिला साक्षरता दर ६१.११ प्रतिशत रहेको छ । माथिको तथ्यांकलाई हेर्दा यस झिमरुक गाउँपालिका शैक्षिक हिसाबमा केहि अगाडि रहेको देखिन्छ । यस दरलाई बढाउनु आवश्यक रहेको छ । यस गाउँपालिकाको साक्षरता दरलाई तलको चित्रबाट पनि देखाउन सकिन्छ ।





## ७.२.१ शैक्षिक जनशक्तिको विवरण

**तालिका नं. ५६:** शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कुल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल. सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ४७२ | ४१६२ | १७२३ | ७८४ | ६८७ | ३२३ | १०७ | ३४ | ८ | ३५९ | २१ | ८,६८० |
| महिला | ४०१ | ४२४७ | १९९७ | ७५३ | ६७३ | २९० | २५ | ६ | ६ | ७२८ | ३१ | ९,१५७ |
| जम्मा | ८७३ | ८,४०९ | ३,७२० | १,५३७ | १,३६० | ६१३ | १३२ | ४० | १४ | १,०८७ | ५२ | १७,८३७ |
| प्रतिशत | ४.८९ | ४७.१४ | २०.८६ | ८.६२ | ७.६२ | ३.४४ | ०.७४ | ०.२२ | ०.०८ | ६.०९ | ०.२९ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

यस तालिकामा झिमरुक गाउँपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा ८७३ (४.८९ प्रतिशत) जना स्कुल नगएका, ८,४०९ (४७.१४ प्रतिशत) प्राथमिक तह, ३,७४०( २०.८६ प्रतिशत) नि.मा.वि. तह, १,५३७ (८.६२ प्रतिशत) मा.वि. तह, १,३६० (७.६२ प्रतिशत) एस.एल.सी. तह, ६१३ (३.४४ प्रतिशत) प्रमाणपत्र तह, १३२ (०.७४ प्रतिशत) स्नातक तह, ४० (०.२२ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ। र अन्य अनौपचारिक शिक्षा हासिल गर्ने को संख्या १,१४८ ( ६.४६ प्रतिशत) रहेको पाइन्छ । यसलाई तलको चित्रबाट देखाइएको छ।




## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण


**तालिका नं. ५७:** विषयगत शैक्षिक जनशक्तिको विवरण

| वडा नं. | मानविकी र कला | व्यपार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | इन्जिनीयरिङ, विनिर्माण र निर्माण | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषि, वन र मत्स्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ५ | ३१ | १ | १ | ० | ० | ० | ० | ० | १ | ४४ |
| २ | १७ | २ | १७ | २ | ० | ० | १ | १ | २ | ० | १ | ४३ |
| ३ | ४० | ८ | ५९ | २ | ० | १ | ० | २ | १ | १ | ८ | १२२ |
| ४ | १२ | १० | ६२ | ४ | ० | १ | १ | ३ | ० | ० | २५ | ११८ |
| ५ | २७ | २२ | ७० | ६ | २ | ० | १ | १२ | ९ | ४ | ६ | १५९ |
| ६ | ४४ | ८ | ५५ | ६ | ० | ० | ३ | ० | ० | २ | ११ | १२९ |
| ७ | २९ | ६ | ७१ | ३ | १ | ० | १ | ५ | २ | १ | ८ | १२७ |
| ८ | ५ | ३ | ३० | २ | ० | ० | ० | १ | ० | १ | १ | ४३ |
| जम्मा | १७९ | ६४ | ३९५ | २६ | ४ | २ | ७ | २४ | १४ | ९ | ६१ | ७८५ |
| प्रतिशत | २२.८० | ८.१५ | ५०.३२ | ३.३१ | ०.५१ | ०.२५ | ०.८९ | ३.०६ | १.७८ | १.१५ | ७.७७ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी शिक्षा विषय लिएर पढ्नेको संख्या ३९५ (५०.३२ प्रतिशत) रहेको छ भने दोस्रोमा मानविकी र कला विषयलिएर पढ्नेको जनसंख्या १७९ (२२.८० प्रतिशत), तेस्रो स्थानमा व्यापार र प्रसाशन विषय लिएर पढ्नेको संख्या ६४ (८.१५ प्रतिशत), विज्ञान विषय लिएर पढ्नेको संख्या २६ (३.३१ प्रतिशत) रहेको छ।

सामाजिक र व्यवहारिक विज्ञान पढ्नेको संख्या २४ र गणित र तथ्यांकशास्त्र विषय लिएर पढ्नेको संख्या १४ रहेको देखिन्छ । अन्य प्राविधिक विषय लिएर पढ्नेहरु केहि भएपनि अहिलेको प्राविधिक युगमा अझै पनि प्राविधिक शिक्षामा कमी रहेको देखिन्छ । यस गाउँपालिकामा प्राविधिक शिक्षा (स्वास्थ्य, इन्जिनियरिङ, कृषि आदि) मा जोड गर्नु पर्ने देखिन्छ । यसलाई तलको चित्रबाट पनि देखाउन सकिन्छ।




## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

**तालिका नं. ५८:** उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| पूर्व प्रा.वि. .नर्सरी, (किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | २,७७४ | २,७६८ | ५,५४२ | २,७४५ | २,७५२ | ५,४९७ | ९९.१९ |
| माध्यमिक तह जाने उमेर समूह (कक्षा ९-१२) | १३-१७ वर्ष | ५० | ६३ | ११३ | ४९ | ६१ | ११० | ९७.३४ |
| **जम्मा** | | **२,८२४** | **२,८३१** | **५,६५५** | **२,७९४** | **२,८१३** | **५,६०७** | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ । ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९९.१९ प्रतिशत स्कुल गएको देखिन्छ भने ०.८१ प्रतिशत स्कुल गएको देखिदैन । त्यस्तै १३ देखि १७ वर्ष उमेर समुहको जनसंख्याको ९७.३४ प्रतिशत स्कुल गएको देखिन्छ भने २.६५ प्रतिशत स्कुल गएको देखिदैन।

### ७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

(क) शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमिका अनिवार्य रहन्छ। गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। नेपालको संविधान (२०७२) को अनुसुचि ८ र ९ अनुसार गाउँपालिका क्षेत्रको चौतर्फी विकासको जिम्मेवारी गाउँ पालिकाको हो ।

शिक्षा क्षेत्रको परिसुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा आ.व. २०७२/७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। गाउँपालिकामा पठनपाठनका लागि आधारभूत तह संख्या ४४, माध्यमिक तह संख्या ८ र विश्वविद्यालय १ गरी जम्मा ५३ वटा शिक्षण संस्थाहरु रहेका छन् । यसमा निजी क्षेत्रले पनि उल्लेख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ। जसको विस्तृत विवरण तलको तालिका र चित्रबाट स्पष्ट पार्न सकिन्छ।

**तालिका नं. ५९:** गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

| संचालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| आधारभूत तह संचालन (१-८) | ३९ | ५ | ४४ |
| माध्यमिक तह संचालन (९-१२) | ७ | १ | ८ |
| विश्वविद्यालय | १ | | १ |
| जम्मा | ४७ | ६ | ५३ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७३*

### ७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु** : विद्यार्थीहरु प्रथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासी समुदायका विद्यार्थीले विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु** : प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु** : विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।

- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर** : औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु** : नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैषिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- ✓ **अभिभावकहरु चनाखो नहुनु** : बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु** : दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा भएका शिक्षक पनि अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालिन वा वैकल्पिक शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- ✓ **राजनीतिकरण हुनु** : विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी** : शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु** : सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

## ७.३ स्वास्थ्य

झिमरुक गाउँपालिकाबासी स्वास्थ्य सम्बन्धि सेवा लिन जिल्ला सदरमुकाम जाने गरेको देखिन्छ । जिल्लामा प्रमुख स्वास्थ्य केन्द्रको रुपमा १५ शैयाको एक जिल्ला अस्पताल रहेको छ । यस अस्पातलमा आधारभूत सेवा उपलब्ध रहेको छ । जिल्ला सामुदायिक स्वास्थ्य सेवा अन्तरर्गत विजुवार बजारमा एच.आई.भी. ⁄एड्स को लागि Voluntary Counseling and Testing (VCT) सेवा उपलब्ध रहेको छ । जिल्ला अस्पातलको अतिरिक्त एक आयुर्वेद अस्पताल पनि रहेको छ ।

राजनितिक रुपमा ८ वडाहरुमा विभाजित धेरैजसो जनताले आवश्यकता अनुसार स्वास्थ्य सुविधा लिन सकेका छैनन् । गाउँपालिकाको केन्द्र भागमा बसोबास गर्ने जनताहरुको स्वास्थ्या सेवामा सहज देखिएता पनि

बाँकी जनताको पहुँच केवल स्वास्थ्य चौकी सम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधन संभव छैन । हेल्थ पोष्टहरुमा पर्याप्त स्वास्थ्यकर्मी र औषधीको उपलब्धता नहुँदा समस्या झेल्नुपर्ने बाध्यता छ ।

गाउँपालिकामा विभिन्न वडामा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ ।

**तालिका नं. ६०:** गाउँपालिकामा रहेका स्वास्थ्य चौकी सम्बन्धि विवरण

| क्र.सं. | साविक गाविसको नाम | स्वास्थ्य केन्द्रको प्रकृति (स्वास्थ्य चौकी, प्रा.स्वा.के., आयुर्वेद, अस्पताल) | अस्पताल वा स्वास्थ्य संस्थाको शैया संख्या गोटा |
|---|---|---|---|
| १ | ओखरकोट | स्वस्थ्य चौकी | १ |
| २ | बदिकोट | स्वस्थ्य चौकी | १ |
| ३ | वांगेमरोठ | स्वस्थ्य चौकी | १ |
| ४ | तोरवाङ | स्वस्थ्य चौकी | १ |
| ५ | तुषारा (२-९) | स्वस्थ्य चौकी | १ |
| ६ | लिवाङ (७,८,९) र तुषारा १ | स्वस्थ्य चौकी | |

*स्रोत: स्थानिय तह पुर्नसरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार जनसंख्याले मात्र गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन । अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

गाउँपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू(Female Community Health Volunteers)

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान रहेको थियो । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्। आ.व. २०४९/०५० बाट तराईको १००० जनसंख्यामा १ जना, पहाडमा ३०० जना जनसंख्यामा १ जना र हिमालमा २५० जनसंख्यामा १ जना महिला स्वास्थ्य स्वयंसेविका रहने व्यवस्था रहेको छ ।

### ७.३.२ गााउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ । यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैनन्। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकी र उप-स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले समेट्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालवालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १,६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार प्यूठान जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ । २०७१ सालको तथ्यांक अनुसार प्यूठान जिल्लामा ४७ जना पुरुष र ४३ जना महिला गरी ९० जना एच.आई.भी./एड्स भएका व्यक्तिहरु रहेको पाइन्छ । यस गाउँपालिकामा ४ जना एच.आई.भी./एड्स बाट संक्रमित रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६१:** एच.आई.भी. ⁄एड्स विवरण

| क्र.सं. | एच.आई.भी. संख्या | | मृत्यु | | साविकको गा.वि.स. |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ० | २ | ० | १ | ओखरकोट |
| ३ | १ | ० | ० | ० | बांदीकोट |
| ३ | १ | ० | १ | ० | तोरवाङ |
| जम्मा | २ | २ | १ | १ | |

*स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७१*

## ७.३.४ परिवार नियोजन

परिवार नियोजनबाट हुने फाइदाका बारेमा बिभिन्न संघ संस्थाहरु बाट गरिएको अध्ययन अनुसन्धानबाट आमा, बच्चा र नवजात शिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ। साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृति विकास गर्नको लागि सहयोग पुर्‍याउँछ। त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रम लाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरु महिला स्वास्थ्य स्वयंसेवीकाद्वारा सेवा पुर्‍याउँदै आएको छ। परिवार नियोजन सम्बन्धी अस्थायी विधिहरु प्रयोगकर्ताको संख्या तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ६२:** परिवार नियोजन सम्बन्धी विवरण

| साविकका गा.वि.स. | डब्लु.आर.ए. | कन्डम वितरण | सि.वाइ.पि | नयाँ प्रयोगकर्ता | | | | | | हालको प्रयोगकर्ता | | | | सि.पि.आर. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पिल्स् | डिपो | आई.यू.सि.डी | इम्प्लान्ट | जम्मा | % जम्मा | पिल्स् | डिपो | आई.यू.सि.डी | इम्प्लान्ट | |
| बाँदीकोट | १७५८ | १२६०० | ८४ | ४ | १७ | ३ | १३ | ३७ | २.१ | २२ | ३९ | ३ | १३ | ९।१६ |
| लिवाङ्ग | १५१० | १३२०५ | ८८ | ४ | ४२ | ० | १८ | ६४ | ४.२ | ६२ | ३५ | ० | २९ | १४.१७ |
| ओखरकोट | १९४८ | १६८०० | ११२ | १ | ६१ | २ | ८ | ७२ | ३.७ | ६३ | १०२ | ५ | ३२ | १६.१२ |
| तोरवाङ्ग | १५१३ | १४४०० | ९६ | ० | २९ | ० | ४ | ३३ | २.२ | ६८ | ८८ | ० | २६ | १८.३७ |
| तुसारा | १८७१ | ७५०० | ५० | ४ | ४८ | ० | ० | ५२ | २.८ | २४ | २३ | ० | ० | ५.१८ |
| वांगेमरोठ | १५२३ | १७९२० | ११९ | ० | ४० | ० | ० | ४० | २.६ | ४५ | ५४ | ० | ० | १४.३४ |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

## ७.३.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण

शिशु गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम बढ्छ हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थामा बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप ( टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

**तालिका नं. ६३:** सूरक्षित मातृत्वको अवस्थाको विवरण

| साबिकका गा.वि.स. | इ.एल.वि | पहिलो पटक कुनै पनि समयमा ANC चेकअप गरेको गर्भवती महिलाको संख्या | प्रोटोकल अनुसार पहिलो पटक ANC चेकअप गरेको गर्भवती महिलाको संख्या | चार पटक ANCजाँच गरेको गर्भवती महिलाको संख्या | चार पटक ANCजाँच गरेको गर्भवती महिलाको संख्या प्रतिशतमा | दक्ष सूँडेनीबाट प्रसूती गरेको संख्यामा | | | | सूँडेनीबाट प्रसूती गरेको संख्यामा | | | | स्वास्थ्य संस्थामा प्रसूती गरेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्वास्थ्य चौकी | घरमा | जम्मा | जम्मा % | स्वास्थ्य चौकी | घरमा | जम्मा | जम्मा % | |
| बाँदीकोट | १३५ | ११४ | ६२ | ५७ | ४२ | ५७ | ० | ५७ | ४२ | ० | ० | ० | ० | ५७ |
| लिवाङ्ग | ११६ | ८१ | ३५ | २ | २ | ४८ | ० | ४८ | ४१ | ० | ० | ० | ० | ४८ |
| ओखरकोट | १४६ | २०० | १७० | ८९ | ६१ | ४३ | ० | ४३ | २९ | १ | ० | १ | १ | ४४ |
| तोरवाङ्ग | ११५ | ६५ | ४८ | २३ | २० | ३२ | ० | ३२ | २८ | ० | ० | ० | ० | ३२ |
| तुसारा | १४४ | ७० | ६२ | ३० | २१ | ० | २ | २ | १ | ० | ४ | ४ | ३ | ० |
| वांगेमरोठ | १२१ | १११ | ८७ | ६४ | ५३ | २८ | ० | २८ | २३ | ० | ० | ० | ० | २८ |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

## ७.३.६ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । यसको लागि यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । बालक अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रमा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्‍याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.डी.जि-४) प्राप्त गर्न सहयोग पुगेको छ। यस गाउँपालिकामा आ.व. २०७२/७३ को तथ्यांक अनुसार खोप विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६४:** खोप विवरण

| साविकका गा.वि.स. | १ वर्ष भन्दा मुनीको संख्या | इ.एल.वि | बि.सि.जि. | % बि.सि.जि. | डि.पि.टि.-हेप बि.-हिव –1 | % डि.पि.टि.-हेप बि.-हिव 1 | डि.पि.टि.-हेप बि.-हिव -3 | % डि.पि.टि.-हेप बि.-हिव -3 | ओ.पि.भी.-3 | पि.सि.भि -3 | IPV (पोलियो) | एम.आर | टिडी 2 | टिडी 2+ | बिचमा खोप छोडनेको दर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | बि.सि.जि Vs मिसल्स/रु बेला 1st | डि.पि.टि.-हेप बि.-हिव 1vs. डि.पि.टि.-हेप बि.-हिव -3 |
| **बाँदीकोट** | १३४ | १३५ | १२७ | ९५ | १४७ | ११० | १५४ | ११५ | १५४ | ४३ | १३८ | १४० | ६० | ५९ | -१० | -५ |
| **लिवाङ्ग** | १६० | ११६ | १२६ | ७९ | ११९ | ७४ | १२३ | ७७ | १११ | ७७ | १२४ | १२२ | ३६ | ३६ | ३ | (३ |
| **ओखरकोट** | ११४ | १४६ | १२२ | १०७ | १३१ | ११५ | ११८ | १०४ | ११८ | ३८ | १२३ | ११३ | ३६ | ९७ | ७ | १० |
| **तोरवाङ्ग** | ८१ | ११५ | ९१ | ११२ | १११ | १३७ | ९१ | ११२ | ९१ | ६ | ८२ | ९० | ५३ | ६३ | १ | १८ |
| **तुसारा** | १२८ | १४४ | ९१ | ७१ | १३९ | १०९ | १३३ | १०४ | १०४ | ० | ११५ | ११६ | ४० | ३५ | -२७ | ४ |
| **वांगेमरोठ** | १०६ | १२१ | ९९ | ९३ | ९८ | ९२ | १११ | १०५ | ९३ | ४३ | ११३ | ११७ | ६२ | ५३ | -१८ | -१३ |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

## ७.३.७ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसंख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

## ७.३.८ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ। हाल शिशुमृत्युदर २३ र बालमृत्युदर ३८ रहेको छ । (१४ औं योजना)

### ७.३.९ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा वृद्धि अनुगमन गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्र्यवहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले बालबालिकाको हक अन्तर्गत प्रत्येक बालवालिकालाई पहिचान सहित नामकरण र जन्मदर्ताको हक, परिवार र राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सार्वजनिक व्यक्तित्व विकासको हक सुनिश्चित गरिएको छ ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। झिमरुक गाउँपलिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामाहारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषण सम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

**तालिका नं. ६५: बालपोषण सम्बन्धी विवरण**

| साविकका गा.वि.स. | <2 yrs. | <5 yrs. | 6-59 m | इ.एल.बी. | ०-११ महिना सम्मको नयाँ शिशुहरूको वृद्धि अनुगमन | % ०-११ महिना सम्मको नयाँ शिशुहरूको वृद्धि अनुगमन | 12 - 23 महिनाका नयाँ शिशुहरूको वृद्धि अनुगमन | % 12 - 23 महिनाका नयाँ शिशुहरूको वृद्धि अनुगमन | पुन: वृद्धि अनुगमन | औषत वृद्धि अनुगमन (नयाँ शिशुहरूको) | जम्मा वृद्धि अनुगमन(नयाँ शिशुहरूको) | % जम्मा वृद्धि अनुगमन(नयाँ शिशुहरूको) | कुपोषित वालवालिका | Proportion of malnourished children as % of new GM |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाँदीकोट | २५८ | ५८८ | ५२१ | १३५ | १७१ | ६६ | ३ | १ | ५७७ | ३ | १७४ | ६७ | ० | ० |
| लिवाङ्ग | २९८ | ६३० | ५५० | ११६ | १४९ | ५० | १८५ | ६२ | ० | ० | ३३४ | ११२ | ० | ० |
| ओखरकोट | २१६ | ४९३ | ४३७ | १४६ | १३३ | ६२ | १०१ | ४७ | १२८ | १ | २३४ | १०८ | ३ | १ |
| तोरवाङ्ग | १५८ | ३७९ | ३३९ | ११५ | १३१ | ८३ | ४३ | २७ | ४२६ | २ | १७४ | ११० | १ | १ |
| तुसारा | २५१ | ६०४ | ५४० | १४४ | १६४ | ६५ | ९५ | ३८ | ११४ | ० | २५९ | १०३ | ८ | ३ |
| वांगेमरोठ | २०५ | ४८१ | ४२९ | १२१ | ११८ | ५८ | २३ | ११ | ८०९ | ६ | १४१ | ६९ | ० | ० |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

## ७.४ खेलकुद मैदान, पार्क/खुला क्षेत्र तथा मनोरञ्जन

राज्यको सामाजिक न्याय र समावेशीकिरणको नीति अन्तर्गत स्वस्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने नीति रहेको छ। खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास लागि प्रयासरत रहेको पाइन्छ। यसको लागि गाउँपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार भइरहेको देखिन्छ।

गाउँपालिकाले पनि आफ्नो कार्यक्षेत्र भित्र गतिशिल रहने गरी केही समितिहरू गठन गरेका छन्। खेलकुदलाई रीष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तराष्ट्रिय क्षेत्रमा अभिवृद्धि गर्ने माध्यमको रुपमा बिकास गर्ने देशको नीति अनुसार विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टन जस्ता केही खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारी गरी विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

गाउँपालिकामा राष्ट्रियस्तरको खेलकुद रंगशाला एउटा पनि छैन । गाउँपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी बालबालिका तथा युवापुस्तलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरु तयार गर्नुपर्ने देखिन्छ। गाउँपालिकामा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिक रुपमा समन्वय गरी चिल्ड्रेनपार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरुलाई खेलकुद सामाग्री उपलब्ध गराउने आदि जस्ता कार्यहरु खेलकुद विकासको लागि गर्नुपर्ने देखिन्छ। गाउँपालिका रहेका बालबालिका तथा युवाहरुमा रहेको खेलकुदप्रतिको रुचि मध्यनजर गर्दै गाउँपालिकामा रहेका संभावना पहिचान गरको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ।

**तालिका नं. ६६:** खेलकुद मैदान तथा पार्क/खुला क्षेत्र

| क्र.सं. | साविक गाविस को नाम | कायम भएको वडा | क्षेत्रफल (बर्ग कि.मी.) | किसिम |
|---|---|---|---|---|
| १ | ओखरकोट | ५ | – | पार्क क्षेत्र |
| २ | बदिकोट | – | – | – |
| ३ | वांगेमरोठ | – | – | – |
| ४ | तोरवाङ | – | – | – |
| ५ | तुषारा | – | – | – |
| ६ | लिवाङ | – | – | – |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस झिमरुक गाउँपालिकामा, ७० वर्ष उमेर नाघेका ३.४३ प्रतिशत (९५७ जना) बृद्धाबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णता भएका, परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभाव, एकल परिवारको चाहना र पुस्ताअन्तरको कारण वृद्धबृद्धा र नयाँपुस्ताबीचको पारस्परिक जटिल बन्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिकोमा रहेको ६०-६४ वर्षको २.८८ प्रतिशत (८०५ जना) र ६५-६९ वर्षका २.२८ प्रतिशत (६३६ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ। राज्यले जेष्ठ नागरिकको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेको भएतापनि ढल्कदो उमेरको मनोविज्ञान अनुसार समायोजनको उपयुक्त व्यवस्था हुनुपर्ने देखिन्छ ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँपालिका विकासमा महिलाहरुको सहभागिता बढाउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरी समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

### ७.६.२ बालश्रमको अवस्था

१६ वर्ष उमेर पुगेका बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालको कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नुपर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भएतापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपाल राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

### ७.६.३ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका

केन्द्रीय बालकल्याण समतिले विभिन्न ४६ जिल्लामा गरेको अध्ययनअनुसार २४ जिल्लामा संस्थागतरुपमा द्वन्द्व प्रभावित बालबालिका रहेको पाइयो। ७४६ जनामा १२१ परिवार विहिन, बाबुमात्र भएका २६ जना बालबालिका, आमामात्रै भएका ४३६ जना र दुबै भएका १६३ बालबालिका छन्। सबैभन्दा बढी ४१६ जना र त्यसपछि काठमाडौंमा ९८ जना बालबालिका संस्थागत स्यहारामा रहेको छन्। उक्त बालबालिकाको अवस्थालाई हेर्ने हो भने बालबालिकाकालाई संस्थागत स्याहारमा राख्नु अन्तिम विकल्पका रुपमा लिने गरेकोमा ती बालबालिकालाई बैकल्पिक स्याहार र सुरक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

### ७.६.४ बालसंरक्षण तथा संबर्द्धन समिति

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी निकायका साझेदार संस्थाहरूको सहकार्यमा संचालन गर्न बाञ्छनिय भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल अधिकार संरक्षण र संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरी लागु गरेको छ।

सोही जारी निर्देशिका अनुसार पचहत्तरै जिल्लामा बालअधिकार संरक्षणार्थ विभिन्न संरचनाहरू गठन भई कार्यक्रमहरू लागु भएको देखिन्छ।

### ७.६.५ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका निति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यलाय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

**तालिका नं. ६७:** बालक्लबको विवरण

| क्र.सं. | क्लबको नाम | ठेगाना | अपाङ्ग | | | दलित | | | जनजाति | | | अन्य | | | दर्ता मिति | गठन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | | |
| १ | सीर्जनशील | ओखरकोट १ मच्छी | | | ० | | | ० | | | ० | ३ | ८ | ११ | ०६४/४/१७ | " |
| २ | अमरसिंह | अमरसिंह मा.वि बाङ्गेमरोठ ९ | | | ० | | | ० | | | ० | ७ | ४ | ११ | ०७०/२/३० | विद्यालय |
| ३ | बालकल्याण | ने.रा.प्रा.वि तुषारा ७ | | १ | १ | २ | २ | ४ | | | ० | २८ | ३५ | ६३ | ०७०/३/३० | विद्यालय |
| ४ | लालिगुराँस | तोरबाङ ४ मर्काबाङ | | | ० | ६ | ९ | १५ | | | ० | १७ | २५ | ४२ | ०७०/५/७ | स्वत: स्फूर्त |
| ५ | उन्नती | बाङ्गेमरोठ १ काउछे | | | ० | | | ० | | | ० | १२ | १५ | २७ | " | बाङ्गेमरोठ गा.वि.स |
| ६ | सगरमाथा | बाङ्गेमरोठ २ बाङ्गेमरोठ | | | ० | १० | ७ | १७ | २ | १ | ३ | २२ | १६ | ३८ | " | " |
| ७ | जनचेतना | बाङ्गेमरोठ ३ गोलखाँडाचौर | | | ० | ४ | १ | ५ | १ | | १ | २३ | १७ | ४० | " | " |
| ८ | संघर्षशील | बाङ्गेमरोठ ४ हरिय | | | ० | ८ | १० | १८ | २ | | २ | २३ | २२ | ४५ | " | " |
| ९ | सहनशील | बाङ्गेमरोठ ५ पोखरी | १ | | १ | २ | | २ | १२ | १० | २२ | २० | १३ | ३३ | " | " |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | दिपज्योति | बाङ्गेमरोठ ६ बिड्डाँडा | | | ० | ८ | ४ | १२ | १० | ८ | १८ | २० | १५ | ३५ | " | " |
| ११ | सक्रिय | बाङ्गेमरोठ ७ सौतामारे | | | ० | २ | २ | ४ | ५ | ४ | ९ | १५ | १० | २५ | " | " |
| १२ | सूर्यमुखी | बाङ्गेमरोठ ८ सौतामारे | | | ० | १० | ५ | १५ | ८ | ५ | १३ | २५ | २० | ४५ | " | " |
| १३ | लगनशील | बाङ्गेमरोठ ९ सौतामारे | | | ० | ५ | ४ | ९ | ४ | ५ | ९ | १७ | १५ | ३२ | " | " |
| १४ | सरस्वती | तोरवाङ्ग १ दहखोला | | | ० | | | ० | | | ० | १४ | २३ | ३७ | " | " |
| १५ | पिपलछहारी | तोरवाङ्ग ८ खत्रीटोल | | | ० | २९ | २९ | ५८ | ३ | ४ | ७ | ३४ | ४१ | ७५ | " | " |
| १६ | सहनशील | तोरवाङ्ग ७ थारुखर्क | १ | १ | २ | ८ | १३ | २१ | | | ० | २७ | ४४ | ७१ | " | " |
| १७ | सिर्जनशील | तोरवाङ्ग २ धगे | | | ० | ५ | ७ | १२ | | | ० | २७ | ३० | ५७ | " | " |
| १८ | सूर्यमुखी | तोरवाङ्ग ९ नेटा | | | ० | ५ | ५ | १० | २ | | २ | १७ | १५ | ३२ | " | " |
| १९ | सगरमाथा | तोरवाङ्ग ३ नेटाखर्क | | | ० | २ | | २ | २५ | २३ | ४८ | २३ | २७ | ५० | " | " |
| २० | सिद्धेश्वरी | तोरवाङ्ग ५ अर्घेली | | | ० | २ | | २ | | | ० | २० | १५ | ३५ | " | " |
| २१ | फूलबारी | तोरवाङ्ग ६ चिसावाङ | | २ | २ | ५ | ५ | १० | | | ० | १८ | २९ | ४७ | " | " |
| २२ | श्रृजनशिल वाल क्लव | ओखरकोट ३ | | | ० | ३ | ६ | ९ | | | ० | १८ | १२ | ३० | २०७२।०२।१७ | कालिका वि. केन्द्र |
| २३ | जनएकता | ओखरकोट ५ | | | ० | | | ० | १४ | १० | २४ | २७ | २० | ४७ | २०७२।०२।१८ | कालिका वि. केन्द्र |
| २४ | नवचेतना | ओखरकोट ९ | | | ० | | | ० | ११ | १३ | २४ | १७ | २० | ३७ | २०७२।०२।१८ | कालिका वि. केन्द्र |
| २५ | प्रगतिशिल | ओखरकोट ४ | | | ० | ७ | १५ | २२ | | | ० | ९ | १७ | २६ | २०७२।०२।१८ | कालिका वि. केन्द्र |
| २६ | सगरमाथा | ओखरकोट २ | | | ० | | | ० | ४ | | ४ | २५ | १४ | ३९ | २०७२।०२।१८ | कालिका वि. केन्द्र |
| २७ | सम्पदा | ओखरकोट ६ | | | ० | | | ० | | | ० | २० | १३ | ३३ | २०७२।०२।१८ | कालिका वि. केन्द्र |
| २८ | चेतनशिल | ओखरकोट ८ | | | ० | १ | | १ | | | ० | २८ | १० | ३८ | २०७२।०२।१८ | कालिका वि. केन्द्र |
| २९ | शिद्धवावा | ओखरकोट १ | | | ० | २ | | २ | २ | | २ | १३ | १४ | २७ | २०७२।०२।१८ | कालिका वि. केन्द्र |
| ३० | जनचेतना सकृय | ओखरकोट ७ | | | ० | | | ० | १ | १ | २ | १७ | १६ | ३३ | २०७२।०२।१८ | कालिका वि. केन्द्र |
| | | जम्मा | २ | ४ | ६ | १२६ | १२४ | २५० | १०६ | ८४ | १९० | ५८६ | ५७५ | ११६१ | | |

*स्रोत: जिल्ल बाल कल्याण समिति, प्यूठान २०७४*

## ७.७ सामाजिक सुरक्षा भत्ता

गाउँपालिकामा २०७३ सालभरी सामाजिक सुरक्षा भत्ता पाउनेहरुको संख्या तालिकामा दर्शाइएको छ। भत्ता पाउनेहरुमा जेष्ठ नागरिक ६४२ जना, दलित जेष्ठ नागरिक ४६२ जना, असाहाय ४०८ जना, एकल/विधवा महिला ३८४ जना, अपाङ्ग (पूर्ण र आंशिक) १२ जना र तथा ५ वर्ष मुनिका दलित बालबालिका ९५७ जना रहेका छन्।

**तालिका नं. ६८:** सामाजिक सूरक्षा भत्ता पाएका व्यक्तिहरुको विवरण

| स्थान | जेष्ठ अन्य | दलित जेष्ठ | असाहाय | एकल/विधवा महिला | अपाङ्ग | | ५ वर्ष मुनिका दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्ण | आंशिक | | |
| वादिकोट | १२४ | ६४ | ६४ | ७३ | ० | ० | ११६ | ४४१ |
| लिवाङ | ६९ | ९६ | ० | ९५ | १ | ० | ३३६ | ५९७ |
| ओखरकोट | १२३ | ७४ | ६० | ६४ | २ | १ | १३७ | ४६१ |
| तोरवाङ | ११४ | ४७ | १७८ | ० | ३ | १ | ९९ | ४६२ |
| तुषारा | ९४ | ६६ | ७९ | ९८ | १ | १ | ११९ | ४५८ |
| बाँगेमरो७ | ११८ | ११५ | २७ | ५४ | ० | २ | १५० | ४६६ |
| **जम्मा** | **६४२** | **४६२** | **४०८** | **३८४** | **७** | **५** | **९५७** | **२८६५** |

*श्रोतः जिल्ला समन्वय समिति, प्यूठान २०७१*

## ७.८ अपाङ्गताको विवरण


राष्ट्रिय जनगणना २०६८ अनुसार झिमरुक गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा कुल जनसंख्याको २.७३ प्रतिशत (७६३ जना)अपाङ्गता रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका ३६१ (४७.३१ प्रतिशत), दृष्टि सम्बन्धी अपाङ्गता भएका ८० जना (१०.४८ प्रतिशत) श्रवण सम्बन्धी अपाङ्गता भएका १२७ (१६.६४ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ८१ जना (१०.६२ प्रतिशत) देखिन्छन् श्रवण र दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका ४ जना (०.५२ प्रतिशत), बौद्धिक अपाङ्गता भएका २९ जना (३.८० प्रतिशत) रहेको देखिन्छ। साथै मानसिक अपाङ्गता ६३ जना (८.२६ प्रतिशत) र बहु अपाङ्गता १८ (२.३६ प्रतिशत) रहेका छन्। लैंगिक हिसाबले हेर्ने हो भने यस गाउँपालिकामा महिलाको तुलनामा पुरुष अपांङ्गता ६.४२ प्रतिशत बढि छ। यहाँ पुरुष ४०६ (५३.२१ प्रतिशत) छ भने महिलाको ३५७ (४६.७९ प्रतिशत) रहेको छ। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समसयाका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल

जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टि बिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ। अपाङ्गताको विवरण तलको तालिका र चित्र बाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ६९:** अपाङ्गताको विवरण

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टिसम्बन्धी अपाङ्गता | सुनाई सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहिन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गताक | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १९९ | ४० | ६९ | १ | ४० | २९ | १७ | ११ | ४०६ |
| महिला | १६२ | ४० | ५८ | ३ | ४१ | ३४ | १२ | ७ | ३५७ |
| जम्मा | ३६१ | ८० | १२७ | ४ | ८१ | ६३ | २९ | १८ | ७६३ |
| प्रतिशत | ४७.३१ | १०.४८ | १६.६४ | ०.५२ | १०.६२ | ८.२६ | ३.८० | २.३६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*



## ७.९ खानेपानी तथा सरसफाई


### ७.९.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

**तालिका नं. ७०:** परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| वडा नं. | धारा/पाइप | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६९० | २ | ३९ | २१७ | ४ | ० | २ | ९५४ |
| २ | ५६८ | ० | ६ | ३३ | ० | ० | ४ | ६११ |
| ३ | ६२७ | ० | ५ | ३० | ० | १ | ० | ६६३ |
| ४ | ६५० | ० | ३ | ३४ | ० | ० | ० | ६८७ |
| ५ | ४९३ | ६ | २१ | ८६ | ११ | ० | ० | ६१७ |
| ६ | ७६३ | ० | २८ | १४२ | ४ | ० | ० | ९३७ |
| ७ | ९६१ | २ | ५ | ३४ | ४ | ० | १ | १,००७ |
| ८ | ३५४ | ० | ० | ३० | ८ | ० | ० | ३९२ |
| जम्मा | ५,१०६ | १० | १०७ | ६०६ | ३१ | १ | ७ | ५,८६८ |
| प्रतिशत | ८७.०१ | ०.१७ | १.८२ | १०.३३ | ०.५३ | ०.०२ | ०.१२ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

झिमरुक गाउँपालिकाको खानेपानीको प्रमुख स्रोतधारा/पाइपको प्रयोग गर्ने घरधुरी संख्या ५,१०६ ( ८७.०१ प्रतिशत) परिवारहरुले प्रयोग गरेको पाइएको छ। दोस्रोमा मुल धाराको खानेपानी प्रयोग गर्ने घरधुरी संख्या ६०६ (१०.३३ प्रतिशत) रहेको देखिन्छ। त्यस्तै खुल्ला इनार/कुवाको पानी प्रयोग गर्ने परिवार १०७ ( १.८२ प्रतिशत), ढाकिएको इनार/कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या १० (०.१७ प्रतिशत) र नदि/खोला तथा अन्य स्रोतको प्रयोग गर्ने घरधुरी संख्या ३१ (०.५३ प्रतिशत) रहेको छ। यस गाउँपालिका अन्य उल्लेख नगरिएको स्रोतहरुको प्रयोग गर्नेको संख्या ८ (०.१४ प्रतिशत) रहेको छ। यस गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोत सबै वडाहरुमा धारा/पाइपको प्रयोग गर्ने घरधुरी नै रहेको पाइन्छ।जसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ ।





## ७.९.२ शौचालयको विवरण

**तालिका नं. ७१:** शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| **जम्मा** | ४९ | २३८८ | १६४१ | १७८३ | ७ | **५,८६८** |
| **प्रतिशत** | ०.८४ | ४०.७० | २७.९७ | ३०.३९ | ०.१२ | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा झिमरुक गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। सबैभन्दा धेरै फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार २,३८८ (४०.७० प्रतिशत) रहेको छ। दोस्रोमा साधारण शौचालयको प्रयोग गर्नेको संख्या १,६४१ (२७.९७ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या ४९ (०.८४ प्रतिशत) देखिएको छ। यसैगरी धेरै घरमा शौचालय नभएको पाइएको छ जुन जम्मा घरपरिवार संख्याको ३०.३९ प्रतिशत आर्थात १,७८३ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। यसलाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ।



### ७.९.३ वडागत शौचालयको संख्याको विवरण

**तालिका नं. ७२:** वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्ग) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ४ | २८६ | ४५१ | २११ | २ | ९५४ |
| २ | १६ | ३१३ | ९३ | १८५ | ४ | ६११ |
| ३ | ४ | २९८ | ८३ | २७८ | ० | ६६३ |
| ४ | ८ | २२८ | ३७७ | ७४ | ० | ६८७ |
| ५ | ६ | २६४ | १३९ | २०८ | ० | ६१७ |
| ६ | ७ | ३७६ | १४६ | ४०८ | ० | ९३७ |
| ७ | ० | ४४३ | २६१ | ३०२ | १ | १,००७ |
| ८ | ४ | १८० | ९१ | ११७ | ० | ३९२ |
| जम्मा | ४९ | २,३८८ | १,६४१ | १,७८३ | ७ | ५,८६८ |
| प्रतिशत | ०.८३५ | ४०.६९५ | २७.९७ | ३०.३९ | ०.११९ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा केहि घरधुरीहरुले शौचालयको प्रयोग गाउँपालिकोको पाइन्छ। प्रयोग गर्नेहरुमा सबै वडाहरुमा सबैभन्दा बढी फ्लस भएको (सेफ्टि ट्याङ्की) प्रयोग गरेको पाईयो भने दोस्रोमा साधारण चर्पीको प्रयोग भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.१० सर सफाईको अवस्था

देशका कतिपय भागहरुमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रुपमा दिसाब पिसाब गर्ने प्रवृति रहेको छ। यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्चित कार्य हो। तर हालका वर्षहरुमा सञ्चार माध्यमहरु क्षेत्रको सकारात्मक भुमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ। यसै अभियान अन्तरगत यस झिमरुक गाउँपालिका पुर्ण दिशा मुक्त क्षेत्र घोषणा गरिएकाले जनस्वास्थ्यको दृष्टिकोणले सकारत्मक सुधार निश्चित छ।

**तालिका नं. ७३:** सरसफाईको अवस्था

| क्र.सं. | साविक गाविस को नाम र वडा नं. | शौचालय भएका घरधुरी प्रतिशतमा | अब कायम हुने ईकाईमा रहने सार्वजनिक शौचालय (वटा) |
|---|---|---|---|
| १ | ओखरकोट | १००५ | १ |
| २ | बदिकोट | १००५ | |
| ३ | वांगेमरोठ | १००५ | |
| ४ | तोरवाङ | १००५ | |
| ५ | तुषारा (३–९) | १००५ | |
| ६ | लिवाङ (७,८,९ र तुषारा १,२ ) | १००५ | |

*स्रोतः स्थानिय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

## ७.११ फोहोर मैला व्यवस्थापन

गाउँपालिकालाई सधैँ सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्ने क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा सरसफाई अभियानको रुपमा संचालन भएको पाइन्छ । यसबाट आम गाउँपालिकाबासीमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ । हाल गाउँपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ ।

हाल यस गाउँपालिकामा देखिएका समस्याहरुमा:

- फोहोर व्यवस्थापनका नाममा फोहोरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहोर वर्षातका समयमा पानीले बगाएर खोला खोल्स तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।
- जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।

त्यसकारण यहाँको फोहोरको व्यवस्थापन सम्बन्धमा अहिलेको प्रारम्भिक अध्ययनले दुईखालका सुझाव दिन सकिन्छ ।

### घरयासी फोहोर

- फोहोरको पहिचान भान्छाकोठाबाट गरी कुहिने र नकुहिने गरी छुट्याउने ।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यकमे गर्ने ।

नकुहिने फोहोरलाई पून: बिभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सिसा । यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेपछि पुन: प्रयोगमा आउनेलाई सम्बन्धित समूहमा व्यवस्थापन तर्फ जोड दिने । नभएका यस गाउँपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट व्यवस्थापन गर्ने ।

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

पहाडी क्षेत्रमा पर्ने झिमरुक गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न गाउँपालिकाको श्रेणीमा पर्दछ। गाउँपालिकामा जैविक विविधताको अवस्था तथा स्थिती पत्ता लगाउन गाउँपालिकाको जैविक विविधता बारे लेखिएका लेख, रचनाहरुको अध्ययन गर्नुको साथै स्थलगत निरिक्षण अवलोकन एवं वन सम्बन्धी जानकारी राख्ने सम्बन्धीत क्षेत्रका ग्रामिण समुदायका स्थानीय बुढा-पाका, गोठालाहरुसंग जानकारी लिनका लागि तत्कालिन रेञ्ज पोष्ट स्तरमा टोली बनाई गाउँपालिकामा जैविक विविधताको अवस्थाको अध्ययन एवं जानकारी लिईएको थियो । अध्ययन एवं प्राप्त जानकारी अनुसार यस गाउँपालिकामा उष्ण (Tropical) देखि समशितोष्ण (Temperate Climate) मा हुने बिभिन्न वन्यजन्तु तथा वनस्पतीहरु पाईएका छन् ।



यस झिमरुक गाउँपलिकाको कुल क्षेत्रफल १०६.९३ वर्ग कि.मि. मध्ये ४६.०३ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ । झिमरुक गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा साल, श्रीखण्ड, अस्ना, सल्ला प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालि गुरांस, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो यसै गरी घिस्रने जन्तुहरूमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, भ्यागुता पाईएका छन् । चराचुरुङ्गीहरूमा राज धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश, सुगा, कण्ठे सुगा, मदन

सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रुङ, चिल, जिङ्गर काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भाद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

झिमरुक गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलित रुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ति पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वन उपभोक्ता समितिहरु वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस गाउँपालिकामा उपोष्ण र समशितोष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सल्लो, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्। जसमध्ये साल, श्रीखण्ड, अस्ना, सल्ला प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालिगुरांस, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर-काष्ठ पैदावारको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझ्रो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी,

हड्चुर आदि जस्ता वन पैदावारहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन् ।

यस गाउँपालिकामा रहेका वनजंगलहरुले चित्तल, कस्तुरी, रतुवा, बँदेल, हुँडार, ब्वाँसो, स्याल, रातो बाँदर, वन बिरालो, चितुवा, दुम्सी, गुना/लङगुर, खरायो, चरीबाघ, जङ्गली मुसा, मल साप्रो, न्याउरी मुसा, लोखर्के आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश,सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रुङ, चिल, जिङ्गर काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर तथा विभिन्न घिस्रने जन्तुहरू हरहरे, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, भित्ती, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई महाभारत क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

गाउँपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई वासस्थान उपलब्ध गराइएको भएतापनि मानविय गतिविधिका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरुसमेत संरक्षण गर्नुपर्ने देखिन्छ।

## ८.३ लघु वन पैदावार

गाउँपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्य योजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ । यस गाउँपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, तेजपात, बोझ्रो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, भ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझ्रो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो आदि मुख्य हुन्।

## ८.४ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

झिमरुक गाउँपालिका रहेको प्यूठान जिल्लामा करिब ४२ भन्दा बढि प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन् । यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुचित्तल, कस्तुरी, रतुवा, बँदेल, हुँडार, ब्वाँसो, स्याल, रातो बाँदर, वन बिरालो, भालु, चितुवा, दुम्सी, गुना/लङगुर, खरायो, चरीबाघ, निगाले बाघ, जङ्गली मुसा, मल साप्रो, न्याउरी मुसा, लोखर्के आदि छन।

### (ख) चराचुरुङ्गी

झिमरुक गाउँपालिका रहेको प्यूठान जिल्लामा करिब १६० भन्दा बढि प्रकारका चराहरु पाइन्छन् । यस गाउँपालिकामा पाईने चराचुरुङ्गीहरुमा धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश, सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रुङ, चिल, जिङ्गर काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भाद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस गाउँपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, टोक्ने रुख भ्यागुता पाईएका छन् । यी सरिसृपहरु मध्ये तिरीज, सुगा सर्प, सुनगोहोरो अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि ।

### (ङ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि ।

### (च) फूलका प्रजातिहरु

प्यूठान जिल्लामा करिब २८० किसिमको वनस्पतीहरु पाइनुका साथै २३५ प्रजातिहरु फुल फुल्ने वर्गमा रहेका छन् । यस्तै एकदलीय वर्गका विरुवाहरु लगभग २९ प्रतिशत र द्विदलीय वर्गका विरुवाहरु करिव ७१ प्रतिशत रहेको अनुमान गरिएको छ भने लगभग ४४ प्रतिशत र स्थलीय करिव

५६ प्रतिशत विरुवाको संख्या रहेको पाईन्छ। सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि गाउँपालिकामा पाईने फुलका प्रजातिहरु हुन्।

## ८.५ वनजंगल

झिमरुक गाउँपालिका समुन्द्री सतहबाट ८६८ मिटरको उचाईदेखि शुरु भएर २१९९ मीटरसम्म गएर अन्त्य भएको छ। यो गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ। वन क्षेत्रभित्र केहि पोखरी र घाँसे मैदानहरु समेत रहेका छन्। गाउँपालिका बाहिरका अन्य गाउँपालिका तथा जिल्लाहरुमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस गाउँमा प्रशस्तै मात्रामा रहेको छ। यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ।

वन क्षेत्र चुरे पहाडदेखि महाभारत क्षेत्र सम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ। उपोष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ। हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, चिलाउने, टुनी, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रत वन र झाडी बुट्यान रहेका छन्।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउन नेपाल सरकारको निती अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन यिमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरुलाई नै हुन्छ। यो कार्यक्रम शुरुमा लागू भएको बेला यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरी महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुर्‍याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। गाउँपालिकामा आ.व. २०७२/७३ सम्ममा ४९ सामुदायिक वनहरु वन उपभोक्ता समूहमा हस्तान्तरण गरिएको छ। विगतमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन

विनासले महाभारतको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा महाभारत क्षेत्रका बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर महाभारत क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप महाभारत क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनमै परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। गाउँपालिकामा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन । वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ ।

**तालिका नं. ७४: सामुदायिक वनहरुको विवरण**

| क्र स. | सा.व को नाम | वडा नं | ई.व.का | नवीकरण | | | | जनसंख्या (जना) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | क्षेत्रफल हे. | अवधि वर्ष | घरधुरी | महिला | पुरुष | जम्मा |
| १ | पातिखोरीया | १ | मच्छी | ३/२४/२०६९ | १९९.६८ | ०७७/०७८ | २५५ | ८३८ | ८३४ | १६७२ |
| २ | सुकाब्याङ खोला | २ र ३ | मच्छी | २०७१/३/३२ | १४३.७१ | ०७४/०७५ | ३५९ | १०८१ | ११७२ | २२५३ |
| ३ | टाकुरा | ३ | मच्छी | ३/३१/२०७२ | ४२.०९ | ०७५/०७६ | ८६ | २४४ | २५२ | ४९६ |
| ४ | लामाखोरीयार गौडे | ६ | मच्छी | २/२५/२०६८ | ३८.७१ | ०७३/०७४ | १४८ | ४२३ | ४७१ | ८९४ |
| ५ | चुधेरीखोला | ५ | मच्छी | ०६७/३/२० | ९७.८४ | ०७१/०७२ | १८४ | ५५२ | ६०३ | ११५५ |
| ६ | पटौटेपातल | ४ र ५ | मच्छी | | २६.०० | ०७५/०७६ | १६२ | ४१६ | ४९१ | ९०७ |
| ७ | अंधेरी शिखरे टाकुरा | ३ र ४ | मच्छी | १०/१९/२०७१ | ११९.७८ | ०७५/०७६ | २२९ | ६७८ | ६९२ | १३७० |
| ८ | सात्ले माझमेला | ३ | मच्छी | ०७१/३/२९ | १९.९९ | ०७९/८० | १९३ | ५१९ | ५४७ | १०६६ |
| ९ | रिपाहा पाखा | ६ | मच्छी | २/२५/२०६८ | ३३.८९ | ०७३/०७४ | ८३ | २३० | २३८ | ४६८ |
| १० | बुकाखोला आँपगैरा | ६ | मच्छी | ३/९/२०७२ | १९.९५ | ०७६/०७७ | १०४ | ३२२ | ३३६ | ६५८ |
| ११ | ईश्वरकोट | ६ | मच्छी | २०७१.३.३२ | ४८.५७ | ०७४/०७५ | ७५ | ३१८ | ३४५ | ६६३ |
| १२ | खड्गदेवी | ७ | मच्छी | २०७१/३/३२ | १९३.९९ | ०७९/०८० | ३६२ | ९८० | ११४५ | २१२५ |
| १३ | कुभिण्डे खानीवन | २ र ३ | मच्छी | ३/१८/२०७२ | १८०.४७ | ०७६/०७७ | ३५३ | १०८९ | १११५ | २२०४ |
| १४ | कुटीडाँडा महिला | ३ र ५ | मच्छी | ३/२४/२०७० | १९.८७ | ०७८/०७९ | २७५ | ८३३ | ६७९ | १५१२ |
| १५ | बलिखोरीया बडेमेला | ३ र ५ | मच्छी | २०७१/३/३२ | १५१.३५ | ०७७/०७८ | ३३५ | ११०२ | ११६२ | २२६४ |
| १६ | चिसापानी | ४ | मच्छी | ३/३१/२०७२ | १८.३७ | ०७५/०७६ | २१५ | ५४५ | ५८७ | ११३२ |
| १७ | दोभान | ४ | मच्छी | ३/२३/२०७२ | ४८.९३ | ०७५/०७६ | २१४ | ५६४ | ६३१ | ११९५ |
| १८ | छहरापातल | ४ | मच्छी | १२/१४/२०६९ | ९.०१ | ०७७/०७८ | १२८ | ३५० | ३६७ | ७१७ |
| १९ | कुर्लेखोला | ४ | मच्छी | ३/२०/२०६७ | ३८.९८ | ०७१/०७२ | १०३ | ३२२ | ३४८ | ६७० |
| २० | सालघारी चिउरीपानी | ६ | मच्छी | ३/२४/२०६७ | १८.९५ | ०७१/०७२ | ८८ | २६१ | २८७ | ५४८ |
| २१ | खोप्चापातल | २ | मच्छी | ३/२४/२०७० | २०८.९९ | म्याद समाप्त | ३२५ | १०२० | ११०६ | २१२६ |
| २२ | सिद्धकाथान | ४ | मच्छी | ९/३०/२०७१ | १२१.३६ | ०७७/०७८ | ३१३ | ९२० | ९९६ | १९१६ |
| २३ | सौतामारे | १ | मच्छी | ३/९/२०७२ | १३५.१३ | ०७५/०७६ | २५८ | ७८१ | ८४७ | १६२८ |
| २४ | सिद्धेश्वरी | ७ | मच्छी | ३/२४/२०७० | १४०.९८ | ०७९/०८० | १८८ | ४९६ | ५३८ | १०३४ |
| २५ | गोवनखोली | १ | मच्छी | ३/२४/२०७० | २९.३७ | ०७८/०७९ | ५६ | १९३ | २०९ | ४०२ |
| २६ | बडेमेला | ४ | मच्छी | ३/२३/२०७२ | ६५.२१ | ०७५/०७६ | १६९ | ५१२ | ५४४ | १०५६ |
| २७ | देउराली | ७ | मच्छी | ३/३१/२०७२ | २७५.२६ | ०७५/०७६ | ४०४ | ११६३ | ११९८ | २३६१ |
| २८ | बाबरीगैरा | ७ | मच्छी | ३/९/२०७२ | ३६.३८ | ०७६/०७७ | १५६ | ४०८ | ३९२ | ८०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | हरिया पोखरी | १ | मच्छी | २/१/२०७२ | ६४.६२ | ०७५/०७६ | ९० | २५३ | ८०६ | १०५९ |
| ३० | च्याउखोला | ४ | मच्छी | १२/१४/२०६८ | १२.४७ | ०७७/०७८ | १२६ | ४०६ | ४२४ | ८३० |
| ३१ | मालुवा | ५ | मच्छी | ३/३१/२०७२ | ७२.६८ | ०७५/०७६ | १९६ | ६३३ | ६१५ | १२४८ |
| ३२ | कुभिण्डे | ५ | मच्छी | ३/३१/२०७२ | ४४.४२ | ०७५/०७६ | ९७ | २९६ | ३१० | ६०६ |
| ३३ | अमिलिगैरा | ६ | मच्छी | ३/९/२०७२ | ३५.०९ | ०७६/०७७ | १५० | ४१५ | ४५४ | ८६९ |
| ३४ | हरियाखोला | ३ | मच्छी | ३/३१/२०७२ | ३.६७ | ०७५/०७६ | २७ | ७४ | ७१ | १४५ |
| ३५ | छिपछिपे | ७ र ८ | मच्छी | ०७१/३/२९ | १००.४० | ०७७/०७८ | ४४० | १२७७ | १३८३ | २६६० |
| ३६ | ईस्नादेवी | ७ र ८ | मच्छी | ३/२८/२०७२ | १४३.६९ | ०७५/०७६ | ३४३ | ९८४ | ११०३ | २०८७ |
| ३७ | बेदपाखा | ७ | मच्छी | ३/३१/२०७२ | ८०.६४ | ०७५/०७६ | १९६ | ५४८ | ५१४ | १०६२ |
| ३८ | देउराली | ७ | मच्छी | ० | ०.०० | ०७०/०७१ | १०२ | ३५१ | ३३४ | ६८५ |
| ३९ | गहतेरा | ७ र ८ | मच्छी | ५/४/२०७२ | ३८.५६ | ०७६/०७७ | ३४० | ९९४ | १०६४ | २०५८ |
| ४० | भेडीखोर पाल्ला | ७ | मच्छी | ३/३१/२०७२ | ६७.८९ | ०७५/०७६ | १५४ | ४५९ | ४३९ | ८९८ |
| ४१ | रानी | ७ | मच्छी | ३/२८/२०७२ | २२.३२ | ०७६/०७७ | ९१ | २७१ | १२९५ | १५६६ |
| ४२ | हाडखोरे बसेरी | ३ | मच्छी | ० | ०.०० | म्याद समाप्त | १४३ | ४६५ | ४३७ | ९०२ |
| ४३ | लालिगुरांस | ६ | मच्छि | ० | ०.०० | ०७८/०७९ | ५४ | १८८ | २१० | ३९८ |
| ४४ | उखुवारी | ६ | मच्छि | ० | ०.०० | ०७९/०८०| ९३ | २७० | २६४ | ५३४ |
| ४५ | सिद्धकाढुङ्गा | १ | मच्छी | | | ०७५/०७६ | १९४ | ५३५ | ५८९ | ११२४ |
| ४६ | ठूलाभिर | ६ | मच्छि | | | ०७६/०७७ | १४४ | २५२ | २८४ | ५३६ |
| ४७ | ढड्यान बडेमेला | ३ | मच्छि | | | ०७५/०७६ | ६४ | १९१ | २०५ | ३९६ |
| ४८ | ईस्नादेवी | ८ | पूँजा | ३/१५/२०७२ | ८३.१४ | ०७५/०७६ | १८० | ५२२ | ५३९ | १०६१ |
| ४९ | ईश्नाखोला | ८ | पूँजा | २/१०/२०७२ | ५९.४८ | ०७५/०७६ | १२७ | ३७४ | ३९१ | ७६५ |
| | **जम्माा** | | | | ३,३११.८६ | | ९,१७१ | २६,९१८ | २९,८६३ | ५६,७८१ |

*स्रोत : जिल्ला बन कार्यालय, प्यूठान २०७३*

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। झिमरुक गाउँपालिकामा आ.व. २०७२/०७३ सम्ममा जम्मा ४९ वटा सामुदायिक वनहरु उपभोक्तालाई हस्तान्तरण गरिएको छ । हस्तान्तरित सामुदायिक वनले यस गाउँपालिकामा ३,३११.८६ हे. क्षेत्रफल ओगटेको छ भने ९,१७१ घरधुरी अर्थात् ५६,७८१ जनसंख्या लाभान्वित भएका छन् । यस गाउँपालिकामा एउटै घरपरिवारका विभिन्न सामुदायिक वनहरुमा संलग्न भएको हुनाले गाउँपालिकाको अभिलेख भन्दा बढि परिवार संख्या र जनसंख्या देखिएको छ।

## ८.५.२ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावारको प्रयोगको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस गाउँपालिकामा संचालन गरिएको छ। प्यूठान जिल्लामा हालसम्म २ वटा निजी वन दर्ता भएका छन् भने जसको क्षेत्रफल १२१-६-०-२ हेक्टर

रहेको छ । निजी वनमा रोपिएका मुख्य प्रजातिहरुमा सिसौं, लहरेपिपल, टिक, मसला, खयर, बाँस, सिमल जस्ता प्रजातिहरु रहेका छन् ।

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस गाउँपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन । वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ ।

## ८.७ वनपैदावारको माग र आपूर्ति

बसाई सराईले गर्दा प्यूठान जिल्लाको जनसंख्याको वृद्धि नेपालको औसत वृद्धि भन्दा बढी छ । प्यूठान जिल्लामा रहेको झिमरुक गाउँपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्लाभित्रकै अन्य गाउँपालिका तथा अन्य जिल्लामा पनि जाने गरेको छ ।

गाउँपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन नभएबाट स्थानीय जनताका काठ दाउरा सम्बन्धि माग पुरा हुन नसकी जनगुनासो आई रहेको सन्दर्भमा आ.व. ०६६/०६७ देखि गाउँपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन गर्ने सोच लिईएको भएता पनि खासै काम हुन सकेको थिएन । तर आ.व. २०६८/०६९ देखी स्थानीय उपभोक्ताहरुको माग र आवश्यकतालाई ध्यानमा राखी जिल्ला वन पैदावार आपूर्ति समितिलाई पुनः संचालनमा ल्याई काठ दाउर बिक्री वितरण गर्ने कार्यको थालनी गरिएको छ । यसको लागि आपूर्ति समितिले सामुदायिक वन उपभोक्ता समूहसँग समेत काठ दाउरा खरिद गरी स्थानीय जनताहरुलाई बिक्री वितरण गर्ने व्यवस्था मिलाएको छ ।

## ८.८ जडिबुटी सम्बन्धी विवरण

यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, घ्युँकुमारी, निम, बोझ्रो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, वेल, अमला, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण

प्यूठान जिल्लामा फर्निचर, मौरीघार, जडिबुटी, रेशा प्रशोधन, अल्लो कपडा, बाँस हस्तकला जस्ता वन पैदावारमा आधारित सानातिना उद्योगहरु पनि संचालन हुँदै आईरहेका छन् । अभिलेख अनुसार यस जिल्लामा

४६ वटा वन पैदावार आधारीत उद्योगहरु रहेका छन् भने त्यस मध्ये यस गाउँपालिकामा पनि ३ ओटा यस्ता उद्योगहरु रहेको देखिन्छ । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ७५:** उद्योगहरुको विवरण

| क्र.सं. | उद्योगको नाम | वडा नं | प्रोपाइटरको नाम | उद्योगको प्रकृती |
|---|---|---|---|---|
| १ | श्रि विशाल फर्निचर उद्योग | ५ | सूर्य वि.क. | निजि |
| २ | श्रि झिमरुक फर्निचर उद्योग | ५ | नारयण ब. बि.क. | निजि |
| ३ | श्री हिरा अल्लो धागो खरिद बिक्रि केन्द्र | ६ | हिरादेवी खत्री | निजि |

*स्रोत : जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

## ८.११ खनिज

भौगर्भिक बनावट अनुसार झिमरुक गाउँपालिकामा तामा, चुन ढुङ्गा, कोईला, सुन, मार्वल, स्लेट जस्ता खनिज पदार्थको प्रशस्त सम्भावना रहे तापनि अध्ययन अनुसन्धानको कमीले यस गाउँपालिकामा कुन कुन खानी, कहाँ र के-कति मात्रामा पाईन्छन् ? त्यसको एकीन गर्न गाह्रो रहेकोछ । यस झिमरुक गाउँपालिकामा भएका खनिज पदार्थहरुको पनि खोजी कार्य हुन नसकेको कारण कुन खनिज कति मात्रमा यहाँ पाइन्छ भन्न सक्ने अवस्था भने छैन ।

# खण्ड ९ : विकास सूचकाङ्क र गरिवीको स्थिति

## ९.१ मानव विकास सूचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार प्यूठान जिल्लाको मानव विकास सूचकाङ्क ०.४१३ ( नेपालको ०.४९०) रहेको छ। अर्थात्  प्यूठान जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने प्यूठान जिल्ला बासिन्दा/बासीको अपेक्षित औषत आयु (Life expectancy) ६४.३३ वर्ष र यसको सूचक ०.५५५, प्रौढ साक्षरता दर (Adult literacy) ५८.०१ प्रतिशत र यसको सूचक ०.५८०, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) २.९१ वर्ष र यसको सूचक ०.१९४ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per capital income) ८४२ अमेरिकी डलर र यसको सूचक ०.३७४ रहेको देखिन्छ।

**तालिका नं. ७६:** मानव विकास सूचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| प्यूठान | ६४.३३ | ०.६५५ | ५८.०१ | ०.५८० | २.९१ | ०.१९४ | ६८१ | ०.३२० | ०.४१३ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरिवी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंखयाको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरिवी सूचकाङ्कको स्थिति हेर्दा प्यूठान जिल्ला मानव विकास सूचकाङ्कको स्थिति सबैभन्दा राम्रो अवस्थामा रहेको देखिन्छ। प्यूठान जिल्लाको मानव गरिवी सूचकाङ्क मान ३३.९३ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरिवी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरिवी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरिवी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरिवी सूचकाङ्कका अवयव सूचकहरूमा प्यूठान जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ४१.९९ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 4०) ११.६१ प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) २०.८७ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ४८.४० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४,UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरिवी

प्यूठान जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ५३ औं स्थानमा रहेको छ र गरिवीको दर ३२.१९ प्रतिशत रहेको छ । जिल्लामा गरिवीको रेखामुनी रहेको संख्या ७२,७९१ रहेको देखिन्छ। गरिवीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिवीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरिवीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ७७:** गरिवी दरको विवरण

| गरिवीको स्थान | गरिवीको दर (प्रतिशत) | गरिवीको विषमता (प्रतिशत) | गरिवीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ५३ | ३२.१९(८.६८) | ७.८८(२.९) | २.७८(१.२३) | ७२७९१ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

**तालिका नं. ७८:** झिमरुक गाउँपालिकाको गरिवी दरको विवरण

| सि.नं. | स्थानहरु | गरिवी दर | गरिवको संख्या | Average Per Capital Consumption |
|---|---|---|---|---|
| १ | वांगेमरोठ, बादिकोट, ओखरकोट | २६.८७ | ४२३३ | २९७५१ |
| २ | चुजा, मरण्ठाना, तोरवाङ | २८.८५ | ४७३७ | २९०७७ |
| ४ | लिवाङ, तुषारा | ३५.११ | ३७८७ | २५८४५ |
| ५ | खुङ | ३१.४३ | १०२३ | २७९२४ |

**(नोट : माथिको तालिकामा नयाँ संरचनाअनुसार लिवाङका केही वडाहरु र चुज मरण्ठाना अरुनै गाउँपालिकामा/नगरपालिकामा विभाजन भएको छ )**

*श्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ९.४ गरिवी न्यूनीकरण

सहरी गरिवी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार २७,९३१ जनताको बसोबास भएको गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँपालिकाबासीको मानवविकास सूचकाङ्क, लैंगिक समता सूचकाङ्क, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरता दर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रर्याप्त नहुँदा जनताको स्वास्थ्यमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा/पाइपको पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ८७.०१ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा मूल धाराको पानी प्रयोग गर्नेको संख्या १०.३३ प्रतिशत देखिन्छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका प्यूठान जिल्लाका अन्य गाउँहरुको तुलनामा केही अगाडि रहेको देखिन्छ । समग्र देशको तुलनामा पनि यो गाउँपालिका अगाडि नै देखिन्छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँको साक्षरता दर ७२.११ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८३.१६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६४.१० प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.०६ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाँउबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यावहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्कातिर मावि र उच्च माविको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

यस गाँउपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।

**गाउँपालिकामा समावेश हुने (साविकका गा.वि.स वा नगरपालिकाको) अचल सम्पत्ति विवरण (गाविस, नपा, कृषि, पशु, स्वास्थ्य, हुलाक, रेन्जपोष्ट आदि कार्यालयको एकमुष्ठ)**

| क्र.सं. | अचल सम्पत्ति | ईकाई (वटा, विगाहा, रोपनी, कठ्ठा आदि) | स्वामित्व रहेका साविक गाविस वा नपा | कैफियत |
|---|---|---|---|---|
| १ | भवन | १ तुषारा,१ वांगेमरोठ | | |
| २ | जमिन | ९ आना तुषारा,१ रोपनी | | |
| ३ | गाडी | | | |
| ४ | मोटरसाईकल | ३ | | |
| ५ | अन्य मेशिनरी | कम्पुटर ,ल्यापटप,प्रिन्टर | | |
| ६ | अन्य | | | |

# झिमरूक गाउँपालिका

५ नं. प्रदेश, प्यूठान नेपाल
गाउकार्यपालिकाका गाउँसभाका सदस्यहरुको

| क्र.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | तिलक वहादु जि.सी | गाउँपालिका अध्यक्ष | |
| २ | पवित्रा जि.सी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | धुर्वराज खनाल | अध्यक्ष | |
| ४ | विष्णु घर्ति मगर | महिला सदस्य | |
| ५ | पार्वति वि.क | दलित महिला सदस्य | |
| ६ | शंकर पोखेल | खुल्ला सदस्य | |
| ७ | श्रवण के.सी | खुला सदस्य | |
| ८ | वल बहादुर एम.सी | अध्यक्ष | |
| ९ | गिता महतरा | महिला सदस्य | |
| १० | आरति परियार | दलित महिला सदस्य | |
| ११ | वावुराम वि.क | खुला सदस्य | |
| १२ | रुमलाल गिरी | खुला सदस्य | |
| १३ | मिन बहादुर खत्री | अध्यक्ष | |
| १४ | वसन्ता खत्री क्षेत्री | महिला सदस्य | |
| १५ | कृष्ण वि.क | दलित महिला सदस्य | |
| १६ | नवराज के.सी | खुला सदस्य | |
| १७ | रण बहादुर खड्का | खुला सदस्य | |
| १८ | सिताराम पोखेल | अध्यक्ष | |
| १९ | तुलसा के.सी | महिला सदस्य | |
| २० | गोमा वि.क | दलित महिला सदस्य | |
| २१ | इन्द्र बहादुर पुन मगर | खुला सदस्य | |
| २२ | नोज बहादुर घर्ती पुन | खुला सदस्य | |
| २३ | टिका बहादुर जि.सी | अध्यक्ष | |
| २४ | बसन्ता जि.सी | महिला सदस्य | |
| २५ | सिमा वि.क | दलित महिला सदस्य | |
| २६ | राम बहादुर वि.क | खुला सदस्य | |
| २७ | हरि बहादुर जि.सी | खुला सदस्य | |
| २८ | निमान सिंह घर्ति क्षेत्री | अध्यक्ष | |
| २९ | खिम कुमारी श्रेष्ठ | महिला सदस्य | |
| ३० | झुपिदेवि नेपाली वि.क | दलित महिला सदस्य | |
| ३१ | दिलिप कुमार वि.क. | खुला सदस्य | |
| ३२ | हेमराज भट्टराई | खुला सदस्य | |
| ३३ | गणेश गिरी | अध्यक्ष | |
| ३४ | दुर्गा गिरी | महिला सदस्य | |
| ३५ | पुतला सुनार | दलित महिला सदस्य | |
| ३६ | कृष्ण वहादुर जि.सी | खुला सदस्य | |
| ३७ | वावुराम पोखेल | खुला सदस्य | |
| ३८ | तुलस वहादुर वस्नेत | अध्यक्ष | |
| ३९ | सिवा गिरी | महिला सदस्य | |
| ४० | मुना सुनार | दलित महिला सदस्य | |
| ४१ | टोप वहादुर वस्नेत | खुला सदस्य | |
| ४२ | भागिरथ गिरी | खुला सदस्य | |
| ४३ | विष्णु कुमारी वि.क | दलित वा अल्पसंख्यक सदस्य | |
| ४४ | कृष्ण बहादुर सुनार | दलित वा अल्पसंख्यक सदस्य | |

सचिव

# झिमरुक गाउँ कार्यपालिका सदस्यहरू



तिलक वहादु जि.सी
गाउँपालिका अध्यक्ष



पवित्रा जि.सी
गाउँपालिका उपाध्यक्ष



धुर्वराज खनाल
वडा अध्यक्ष वडा नं १



वल वहादुर एम.सी
वडा अध्यक्ष वडा नं २

मिन वहादुर एम.सी
वडा अध्यक्ष वडा नं ३



सिताराम पोखरेल
वडा अध्यक्ष वडा नं ४

टिका वहादुर जि.सी
वडा अध्यक्ष वडा नं ५



निमान सिंह घर्ति क्षेत्री
वडा अध्यक्ष वडा नं ६



गणेश गिरी
वडा अध्यक्ष वडा नं ७

तुलस वहादुर बस्नेत
वडा अध्यक्ष वडा नं ७



आरति परियार
महिला सदस्य

कृष्णा वि.क.
महिला सदस्य



तुलसा के.सी.
महिला सदस्य



वसन्ता जि.सी
महिला सदस्य

विष्णु कुमारी वि.क.
दलित वा अल्पसंख्यक



कृष्ण बहादुर सुनार
दलित वा अलपसंख्यक



ताराकिरण के.सी
सचिव (कार्यकारी अधिकृत)

# झिमरूक गाउँपालिका

५ नं. प्रदेश, प्यूठान नेपाल
गाउकार्यपालिकाका सदस्यहरूको नामावली

| क्र.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | तिलक वहादु जि.सी | गाउँपालिका अध्यक्ष | |
| २ | पवित्रा जि.सी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | धुर्वराज खनाल | वडा अध्यक्ष वडा नं १ | |
| ४ | वल वहादुर एम.सी | वडा अध्यक्ष वडा नं २ | |
| ५ | मिन वहादुर एम.सी | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | सिताराम पोखरेल | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | टिका वहादुर जि.सी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | निमान सिंह घर्ति क्षेत्री | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | गणेश गिरी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | तुलस वहादुर बस्नेत | वडा अध्यक्ष वडा नं ७ | |
| ११ | आरति परियार | महिला सदस्य | |
| १२ | कृष्णा वि.क | महिला सदस्य | |
| १३ | तुलसा के.सी | महिला सदस्य | |
| १४ | वसन्ता जि.सी | महिला सदस्य | |
| १५ | विष्णु कुमारी वि.क. | दलित वा अल्पसंख्यक | |
| १६ | कृष्ण बहादुर सुनार | दलित वा अलपसंख्यक | |
| १७ | ताराकिरण के.सी | सचिव (कार्यकारी अधिकृत) | |